**परिच्छेद – एक**

# शोध परिचय

## १.१ विषय परिचय

गुलाब खेतान बहुआयामिक व्यक्तित्व हुन् । बाल्यकाल व्यापारिक परिवारमा बिताएका उनी बहुमुखी प्रतिभा भएका कारणले नै नेपाली साहित्यमा प्रवेश गरेको पाइन्छ । हिन्दी, उर्दू, अङ्ग्रेजी, पञ्जाबी, राजस्थानी आदि जस्ता भाषामा कलम चलाएका उनले नेपाली साहित्यको कथा, कविता र निबन्ध विधाहरूमा कलम चलाएका छन् । उनका **'अँध्यारो आकाशका आँखाहरू'** (२०४६) कविता सङ्ग्रह, **'आलोक अन्तः करणको'** (२०४६) लघुकथा सङ्ग्रह, **'जीवनसार सफलताका खुड्किलाहरू'** (२०४६) निबन्ध सङ्ग्रह र **'सूर्योदय'** (२०४७) कविता सङ्ग्रह प्रकाशित रहेका छन् । यिनै कृति तथा उनकै जीवनका सम्पूर्ण पाटाहरू त्यसका प्राप्ति अप्राप्ति उनको जीवन भोगाई अनुभव र उनले गरेको योगदानका खोजी गर्न यो शोधपत्र तयार पारिएको छ ।

## १.२ समस्या कथन

गुलाब खेतान नेपाली साहित्यका कथा, निबन्ध र कविताहरूमा कलम चलाएर नेपाली साहित्यमा देखापरेका छन् । यी व्यक्तिको जीवनी, व्यक्तित्व र कृतित्वको खोजी गर्ने कार्य बाँकी नै रहेको स्थितिमा प्रस्तुत शोध गर्न लागिएको हो । यसै सिलसिलामा यस शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(क) गुलाब खेतानको जीवनी के कस्तो रहेको छ ?

(ख) गुलाब खेतानको व्यक्तित्वका के कस्ता पक्षहरू छन् ?

(ग) गुलाब खेतानको साहित्यिक कृतिहरू के कस्ता रहेका छन् ?

## १.३ शोधकार्यका उद्देश्यहरू

गुलाब खेतानको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु नै प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ । प्रस्तावित शोध समस्याको समाधानमा आधारित उद्देश्यहरू यस प्रकार छन्:

(क) गुलाब खेतानको जीवनवृत्त पहिल्याउनु,

(ख)  गुलाब खेतानको विभिन्न पक्षहरू पत्ता लगाउनु,

(ग)  गुलाब खेतानको कृतित्वको अध्ययन गर्नु ।

## १.४  पूर्वकार्यको समीक्षा

बहुभाषामा कलम चलाउन सफल साहित्यकार गुलाब खेतान अङ्ग्रेजी, उर्दू, पञ्जाबी, राजस्थानी, हिन्दी भाषाका पनि बहुचर्चित र स्थापित कवि हुन् । यी स्रष्टाले नेपाली साहित्यको विभिन्न विधामा कलम चलाएका छन् । तापनि आजसम्मको उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा विस्तृत रूपमा अध्ययन भएको छैन र फाटफुट चर्चा मात्र पाइन्छ । उनका बारेमा जे जति भएका छन् ती पूर्वकार्यको समीक्षाको विवरण निम्न रूपमा तल प्रस्तुत गरिन्छ ।

घटराज भट्टराईले **नेपाली साहित्यकार परिचय कोष** (२०५१) नेशनल रिसर्च एशोसियट) मा कविता, लेख, निबन्ध, कथा जस्ता साहित्यिक विधामा कलम चलाउने खेतानको साधना आफ्नै किसिमको छ । आफ्ना चिन्तनलाई साहित्यिक पाराले उनी अभिव्यक्ति दिन्छन् भनी टिप्पणी गरेका छन् ।

जयदेव भट्टराईले **साहित्यकार परिचय र अभिव्यक्ति** (२०५४) ने.रा.प्र.प्र.) मा खेतान कलाको माध्यमले नै विश्वबन्धुत्त्वको प्रसार गर्ने दिशातर्फ एउटा सशक्त हुरी चलाउन सक्ने कुरा अभिव्यक्त गरेका छन् ।

**गोरखापत्र** (२०४६ चैत्र ३१ शुक्रबार) *साहित्यकार खेतानका पुस्तकहरूको विमोचन* शीर्षकको लेख हेर्दा माधवप्रसाद घिमिरेले उनलाई सौन्दर्य नैतिकता तथा आध्यात्मिक प्रवृत्तिका साहित्यकारका रूपमा चित्रण गरेका छन् भने कृष्णचन्द्र सिंह प्रधानले देशभक्तिको अनुराग, सामाजिकता र प्रेमसम्बन्धी भावनालाई कवितामा समेट्ने कविका रूपमा प्रस्तुत गरेका छन् । बासु रिमाल यात्रीले सामाजिक यथार्थता मानवमूल्य तथा धार्मिक मान्यताका साहित्य साधकका रूपमा उनलाई हेरेका छन् ।

**अर्थजगत** पाक्षिक (२०४७ वैशाख १७ शनिबार) *अर्थजगत सम्पादक मण्डलका सदस्य साहित्यकार श्री गुलाब खेतानका बहुआयामिक रचनाहरूको विमोचन* नामक शीर्षकको लेखमा सिद्धिचरण श्रेष्ठले नेपालको इतिहासमा यतिको धेरै भाषामा र यस्तो

अभिव्यक्ति दिने मैले कुनै साहित्यकारलाई पाएको छैन भनी उनको बहुमुखी प्रतिभाको प्रशंसा गरेका छन् ।

**अमृत मन्थन** (२०६४ आश्विन) मा विजय अग्रवालले *"हमारे गुरुजी"* शीर्षकमा उनको आध्यात्मिक व्यक्तित्व, अन्वेषणात्मक प्रेरणादायक तथा धार्मिक व्यक्तित्वको उल्लेख गरेका छन् ।

**अमृत मन्थन** (२०६५ मङ्सिर) मा शुभा केजरीवालले *"एक अनुभव"* लेखमा खेतानको जीवनशैली जीवनमा पाउने प्रेरणा बनेको चर्चा गरेका छन् ।

माथिका सामग्रीका आधारमा गुलाब खेतानको सामान्य चर्चा भए पनि सर्वाङ्गीण अध्ययन र मूल्याङ्कन हुन सकेको पाइदैन । अतः यस शोधपत्र लेखनबाट उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्र साहित्यकार गुलाब खेतान र उनको कृतिहरूको विभिन्न कोणबाट अन्वेषण , विश्लेषण र मूल्याङ्कन गर्ने जमर्को गरिएको छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई अध्ययन विश्लेषण गरिने भएकाले आउने पिँढीलाई खेतानको जीवनका बारेमा वस्तुगत जानकारी उपलब्ध हुनेछ । शोधपत्रको अध्ययनबाट उनका बारेमा जान्न चाहने जिज्ञासु तथा अन्य पाठकलाई लाभान्वित तथ्य प्रस्तुत गरिने उद्देश्य रहेकाले अनुसन्धान क्षेत्रमा यसको महत्त्व स्वतः देखिन्छ । उनको साहित्यिक योगदानका बारेमा सम्पूर्ण अध्येताहरूलाई जानकारी हुने भएकाले प्रस्तुत शोधपत्र औचित्यपूर्ण हुन पुग्दछ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्यको क्षेत्र साहित्यकार गुलाब खेतानको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन एवम् विश्लेषण हो । नेपाली साहित्यको कविता, निबन्ध, लघुकथा विधामा कलम चलाएका गुलाब खेतानको विविध पक्षको अध्ययनका साथै उनका प्रकाशित कृतिहरूको अध्ययन र विश्लेषण गर्नु तथा कुनै एक कृतिमा केन्द्रित नभई कृतिपरक अध्ययन एवम् विधागत अध्ययनमा संलग्न हुन नसक्नु नै यस शोधपत्रको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य गर्नका लागि विविध सामग्रीको सङ्कलन र अध्ययनको आवश्यकता पर्दछ । आवश्यक अध्ययन र सङ्कलित सामग्रीहरूलाई नै शोधपत्र प्रमाणिक र विश्वसनीय ठहर्छ । यस शोधपत्रमा प्रकाशित कृति तथा भूमिकालाई प्रमुख सामग्री रूपमा लिइएको छ । प्रस्तुत शोधपत्र मूलतः पुस्तकालयीय अध्ययनमा आधारित छ । यसका साथै शोधनायक तथा उनका आफन्तसँगको प्रत्यक्ष अन्तर्वार्ता जीवनी व्यक्तित्वको मूल स्रोत बनाइएकोले क्षेत्रीय अध्ययन विधि पनि प्रयोग गरिएको छ । कर्ताको सामग्री सङ्कलन पुस्तकालयीय अध्ययन र अन्तरवार्ता पद्दतिबाट गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सु-सङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्न यसमा निम्नलिखित परिच्छेद राखिएको छ :-

१. पहिलो परिच्छेद : शोध परिचय

२. दोस्रो परिच्छेद : गुलाब खेतानको जीवनी

३. तेस्रो परिच्छेद : गुलाब खेतानको व्यक्तित्व

४. चौथो परिच्छेद : गुलाब खेतानको साहित्यिक कृतिहरूको अध्ययन

५. पाचौँ परिच्छेद : उपसंहार

# परिच्छेद – दुई

# गुलाब खेतानको जीवनी

## २.१ पुर्ख्यौली

गुलाब खेतानको पुर्ख्यौली थलो भारतको राजस्थान अन्तर्गत झुनझुनु जिल्लाको खत्येहपुरा भन्ने ठाउँ रहेको थियो ।[१] खत्येहपुरामा बस्ने मारवाडीहरूलाई खत्येहपुराको अपभ्रंश भई खेतान भनिएको हो ।[२] यसै गरी गुलाब खेतानको हजुरबुवा बद्रीदास खेतान राणाहरूको शासनकालमा व्यापारको सिलसिलामा वि.सं. १९५० मा काठमाडौं आएको पाइन्छ ।[३] बद्रीदासको नेपाल आउने र राजस्थान जाने क्रम जारी नै रह्यो । सामान्य लेखपढ जानेका पूर्वजहरूको आर्थिकस्तर भने मध्यम नै रहेको देखिन्छ ।[४] आस्तिक वातावरणमा खेतान समुदाय रहेको छ । आस्तिक हजुरबुबा बद्रीदास खेतानका पाँच भाइ छोराहरू क्रमशः ओमकारमल खेतान, झुथाराम खेतान, मक्खनलाल, गोवर्धनदास र जगदीश खेतान हुन् । ती मध्ये गुलाब खेतानको पिता गोवर्धनदास खेतान हुन् ।[५] गोवर्धनदास भारतको राजस्थानमा जन्मे तापनि पुर्ख्यौली व्यवसाय व्यापार भएकाले १५/१६ वर्षको उमेरमा काठमाडौंको इन्द्रचोकमा कपडाको व्यापार गर्न थालेको गोवर्धनदास बताउँछन् ।[६] पतिव्रता नारी पद्मादेवीसँगको वैवाहिक सम्बन्धबाट उनमा पारिवारिक सुख, सन्तान सुख र व्यवसाय राम्रो भएको पाइन्छ । हठी स्वभावका गोवर्धनदासले छोरा छोरीलाई आफ्नो निर्देशनमा राखेका थिए ।[७] शैक्षिक स्तर खासै राम्रो नभए तापनि छोराछोरीलाई शिक्षा दिनुपर्छ भन्ने चेतना तत्कालीन अवस्थामै रहेकाले छोराछोरी सबैले उच्चशिक्षा हासिल गरेका छन् । आठ सन्तान क्रमशः गुलाब, त्रिवेणी देवी, रमेश, श्याम, सन्तोषी, रत्न, उषा र विनोद अर्थात पाँच भाइ छोराहरू र तीन बहिनी छोरीका पिता उनी पारिवारिक जिम्मेवारी राम्रोसँग बहन गरेको बुझिन्छ ।[८] राजस्थानबाट सर्वप्रथम काठमाडौं आए तापनि उनले व्यापारिक क्षेत्रका क्रममा वीरगन्ज र नेपालगञ्जलाई रोजेका हुन् । फलस्वरूप गोवर्धनदास

---

[१] रमेश खेतानसँगको अन्तर्वार्ता ।
[२] रत्न खेतानसँगको अन्तर्वार्ता ।
[३] गोवर्धनदास खेतानसँगको अन्तर्वार्ता ।
[४] रमेश खेतान सँगको अन्तर्वार्ता ।
[५] गोवर्धनदास खेतानसँगको अन्तर्वार्ता ।
[६] ऐजन ।
[७] रत्न खेतानसँगको अन्तर्वार्ता ।
[८] रमेश खेतान सँगको अन्तर्वार्ता ।

कहिले नेपालगञ्ज त कहिले वीरगञ्ज बस्न थाले ।[९] यसै गरी पुर्ख्यौली पेशा व्यापार रहेको र उनका पूर्खाहरू राजस्थानको खत्येहपुरा भन्ने ठाउँमा रहेको थिए ।

व्यापारी परिवारमा गुलाब खेतानको जन्म भएको हुँदा उनको पुर्ख्यौली भारतको राजस्थान देखिन्छ । आर्थिक विपन्नताले विपत् नपारेको, पूर्वीय परम्परा र हिन्दु धर्मप्रति समर्पित परिवार सरल र सम्पन्न थियो ।

## २.२ जन्मस्थान र जन्म

गुलाब खेतानको जन्म मारवाडी व्यापारी परिवेशमा पिता गोवर्धनदास खेतान र माता पद्मादेवीका आठ सन्तान मध्ये प्रथम सन्तानका रूपमा वि.सं.२००३ साल कार्तिक १८ (सन् १९४६ नोभेम्बर ३) मा भयो । उनको पुर्ख्यौली राजस्थान भए तापनि जन्म काठमाडौंको पाको पोखल्ड्याङ् (न्यूरोडमा) भएको हो ।[१०]

## २.३ बाल्यकाल

गुलाब खेतानको बाल्यकाल काठमाडौंको सहरिया परिवेशमा भएको देखिन्छ । खेतानको बाल्यकाल मातापिताको संरक्षकत्त्व, छत्रछायाँ तथा माया ममतामा बितेको थियो । भाइहरू भएकाले खेल्न, चल्न पनि घरमै हुने गर्दथ्यो । जिज्ञासु, उत्सुक, तीक्ष्ण बुद्धि र गम्भीर स्वभाव भएका उनमा सानै देखि निर्भीक तथा विलक्षण प्रतिभा रहेको थियो । उनी आफूले अङ्ग्रेजी राम्रो बोल्ने भएकोले आफ्नो गुरु श्री श्यामलाल पाण्डेयले ठूला कक्षालाई अङ्ग्रेजी सिकाउन पठाएको स्मरण गर्दै यो विद्यालय तथा बाल्यकालको गौरव भनी बताउँछन् ।[११] सानै उमेरदेखि नै के गरूँ र जानूँ भन्ने भावना गुलाबमा रहेको थियो । हरेक कुरामा गम्भीर जिज्ञासा राख्ने बालसुलभ प्रवृत्तिले गर्दा उनी सबैको प्रिय पात्र बनेको पाइन्छ ।[१२] शिक्षाप्रति सचेत तथा व्यापारी समुदायमा रहेका खेतानको बाल्यकालमा सेन्ट जेभियर्स गोदावरीको छात्रावासमा बितेको थियो । छात्रावासमा बसेकाले कडा अनुशासन पालना गर्ने, गल्तीमा सजायको भागिदार भइन्छ भन्ने विचार बाल्यकालदेखि रहेको पाइन्छ । मातापिता, विद्यालय, आफन्त तथा साथीभाइसँगको बसाइले उनमा घुलमिल हुने क्षमता

---

[९] ऐजन ।
[१०] शोधनायकसँगको अन्तर्वार्ता ।
[११] ऐजन ।
[१२] रमेश खेतानसँगको अन्तर्वार्ता ।

आदर, सत्कार तथा माया गर्ने अभ्यस्तता देखिन्थ्यो । सुखद् बाल्यकाल बिताएका उनका बाल्यजीवनमा जे जस्ता घटनाहरू घटे र उनलाई अनुभवहरू प्राप्त भए ती सबै परिवेश तथा घटना क्रमले उनको भावी जीवनलाई परोक्ष अपरोक्ष रूपमा मार्गनिर्देश गरेको पाइन्छ ।

## २.४ शिक्षा दीक्षा

गुलाब खेतानको प्रारम्भिक शिक्षा साढे चार वर्षको उमेरमा जुद्धोदय पब्लिक हाइस्कुलबाट आरम्भ भयो । उनले सेन्ट जेभियर्स गोदावरीबाट निम्न माध्यमिक शिक्षा हासिल गरे ।[१३] विद्यालयको छात्रावासमा नै बसी अध्ययन गरेको पाइन्छ । पिताको कडा निगरानी र विद्यालय तथा छात्रावासको कडा अनुशासनले प्राप्त गरेको शिक्षाले गुलाब खेतानमा सानै कक्षादेखि बलियो जग खडा हुन पुगेको अनुमान हुन्छ । व्यापारी पिता व्यापारको सिलसिलामा वि.सं. २०१७ सपरिवार नेपालगञ्ज गएको थियो ।[१४] नेपालगञ्जको त्रिभुवन चोकमा अवस्थित नारायण माध्यमिक विद्यालयमा एक वर्ष कक्षा नौ मा अध्ययन गरी वि.सं. २०१८ मा माध्यमिक शिक्षा आर्जनका लागि यु.पी. बोर्ड नानपारा रूपैडिया भर्ना भए ।[१५] उच्च शिक्षाका लागि भारतको एस्.एम्.एल्. डिग्री कलेज राजस्थानबाट व्यवस्थापन सङ्कायमा स्नातकसम्मको औपचारिक अध्ययन गरेका थिए ।[१६] शिक्षादीक्षाको क्रममा उनलाई विद्यालयका अङ्ग्रेजी शिक्षक श्यामलाल पाण्डेयले अङ्ग्रेजी बोल्न लगाई अत्यन्त उत्कृष्ट मानी कक्षा १० पढ्दा बी.ए. प्रथम वर्षको कक्षामा गई अङ्ग्रेजी बोल्न लगाएको घटना अविस्मरणीय रहेको गुलाब बताउँछन् ।[१७] यस घटनाले उनी शिक्षककहरूको प्रियपात्र बन्न पुगेको पाइन्छ । अध्ययनमा गहिरो अभिरुचिका कारण विद्यालयदेखि उच्चशिक्षासम्ममा शिक्षक शिक्षिकाको समुचित मार्ग निर्देशनका कारण उनले शैक्षिक उपलब्धि प्राप्त गर्ने क्रममा कहिल्यै असफलता भोग्नु परेन ।

उनको औपचारिक शिक्षा स्नातक पूरा गरेपछि रोकिएको थियो । औपचारिक शिक्षा पारिवारिक आर्थिक अवस्थाले नरोकिई आफ्नो विवाह पश्चातको पारिवारिक जिम्मेवारी र

[१३] शोधनायकसँगको अन्तर्वार्ता ।
[१४] गोवर्धनदास खेतानसँगको अन्तर्वार्ता ।
[१५] शोधनायकसँगको अन्तर्वार्ता ।
[१६] ऐजन ।
[१७] ऐजन ।

व्यापारप्रतिको झुकावले रोकिएको देखिन्छ ।[१८] औपचारिक अध्ययन रोकिए तापनि स्वाध्ययनबाट उनले साहित्य सम्बन्धी गहन अध्ययन, जीवन दर्शन, पूर्वीय साहित्य, भारतीय साहित्य, र पाश्चात्य साहित्यको साथमा गीता पुराण जस्ता विषयको विशद् अध्ययन तथा चिन्तन मनन गरेका थिए । यस्तो अध्ययनले उनको ज्ञानको क्षितिजलाई फराकिलो बनाएको पाइन्छ ।

## २.५ विवाह

गुलाब खेतानको वैवाहिक जीवनलाई अध्ययन गर्दै जाँदा खेतानको विवाह २४ वर्षको उमेरमा भारतको अयोध्या फैजहावादमा सन् १९४८ नोभेम्बर ३० मा जन्मिएकी पिता बाबुलाल सिङ्घल र माता मिश्रीदेवीको सात सन्तान मध्ये दोस्रो सन्तानकी रूपमा जन्मेकी छोरी सुश्री विमला सिङ्घलसँग सन् १९६९ मा प्रचलित हिन्दू विधि र परम्परा अनि मारवाडी संस्कार अनुरूप भएको पाइन्छ ।[१९] विमला शिक्षित भएकाले पतिको मनोभावलाई बुझेर परिस्थिति अनुरूप घरव्यवहार चलाउन पोख्त भएकीले उनले राम्रै सहयात्री पाए । विवाहको कुरा छिनेको आठ महिना पछि वैवाहिक बन्धनमा बाँधिएको कुरामा आश्चर्य प्रकट गर्दछिन् ।[२०] गुलाब खेतान र विमलाबाट सन् १९७० अक्टोवर २३ मा सोनाली नामकी सुपुत्री प्राप्त भयो । सोनाली जन्मेको वर्षमा नै दम्पतीको सहमति अनुसार तत्कालीन समयमा नै गुलाब खेतानले बन्ध्याकरण गरेका थिए ।[२१] एक सन्तान र दम्पत्ती सहित तीन जनाको परिवार सुखी रहेको बुझिन्छ ।

विवाह मानव जीवनको महत्त्वपूर्ण अवसर र उत्सव हुनाका साथै एक कर्म पनि हो । मानिस वैवाहिक जीवनमा बाँधिएपछि मात्र आफ्नो जीवनमा दायित्व बोधको अनुभूति गर्दछ । विवाहबाटै मानिसले सुखदुखमा एक अर्कालाई सहयोग गर्ने अभिन्न अङ्गका रूपमा सहयोगी सहयात्री पनि प्राप्त भएको ठान्दछ ।

---

[१८] रत्न खेतानसँगको अन्तर्वार्ता ।
[१९] शोधनायककी धर्मपत्नी, विमला खेतानसँगको अन्तर्वार्ता ।
[२०] ऐजन ।
[२१] शोधनायकसँगको अन्तर्वार्ता ।

## २.६ पारिवारिक अवस्था

गुलाब खेतानको पारिवारिक अवस्था मध्यम वर्गीय रहेको पाइन्छ । मारवाडी समुदायको दरवारसँगको सम्बन्ध निकट रहेको थियो । गुलाब खेतानको ठूलो बुवा ओमकारमल खेतान वि.सं. २०४६ सालमा मारवाडी समुदायको तर्फबाट राजाबाट नियुक्त प्रथम राजसभा स्थायी समिति सदस्यमा दुई कार्यकाल बिताएकाले दरवारसँगको सम्बन्ध र आर्थिक अवस्थाको अनुमान गर्न सकिन्छ ।[२२]खेतानका बाबु व्यापार व्यवसायमा संलग्न थिए । गुलाब खेतान अंशबण्डा गर्नुपूर्व परिवारका सबै सदस्यहरू मिलेर आपसी समझदारी र सद्भावका साथ सुखमय जीवन बिताएको पाइन्छ । अंशबण्डा पश्चात पारिवारिक सम्बन्ध सुमधुर रहे पनि भौगोलिक दूरता र कार्यव्यवस्तताका कारण सबै समस्याहरू नबाँडिएको देखिन्छ । स्नातक गुलाब खेतान व्यापार व्यवसाय गरी काठमाडौं भाडामा बसेका थिए ।[२३] साहित्यिक अभिरुचि, देशको बदलिँदो परिस्थितिले उनी विं.सं. २०३८ सालदेखि व्यापारदेखि केही टाढा रही साहित्य लेखनमा लागि परे ।[२४] एक मात्र छोरीका पिता उनी छोरीलाई शिक्षादीक्षा दिन कहीँ कतै चुकेको पाइदैन । छोरी सोनालीलाई माध्यमिक शिक्षा नैनिताल र उच्चशिक्षा सन् १९८९-१९९१ सम्म साउथ दिल्ली पोलिटेक्निक फर वमनमा फेसन डिजाइनर पढाइ आत्मनिर्भर बनाएको देखिन्छ ।[२५] उनी छोरीको अवस्थाबाट बढी सन्तुष्ट रहेका थिए भने छोरी पनि मातापिताको भावना अनुरूप आफ्नो कर्तव्य पालना गर्दै अगाडि बढिरहेको पाइन्छ । गुलाब खेतानले छोरीको विवाह २१ वर्षको उमेरमा गरिदिई आफ्नो पारिवारिक जिम्मेवारी सम्हालेका थिए ।[२६] गुलाब खेतानको पछिल्लो समयमा आध्यात्मिक चिन्तन प्रवल रूपमा देखिएको पाइन्छ । उनी खेतान थर हटाइ आचार्य प्रवर गुलाबजी महाराजका नामले प्रसिद्ध रहेका छन् । उनी आध्यात्मिक चिन्तन र मननमा अत्यन्त सफल रहेको आधार उनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान तथा भ्रमणले प्रष्ट हुन्छ ।

[२२] रत्न खेतानसँगको अन्तर्वार्ता ।
[२३] ऐजन ।
[२४] रत्न खेतानसँगको अन्तर्वार्ता ।
[२५]रजनीदेवी सराजसँगको अन्तर्वार्ता ।
[२६] रत्न खेतानसँगको अन्तर्वार्ता ।

## २.७ पेशा र आजीविका

गुलाब खेतानको जन्म मध्यमवर्गीय परिवारमा भएको देखिन्छ । त्यसमा पिताको व्यापार व्यवसाय र दरवारसँगको सम्बन्ध हुनाले सुकिलो नाना लाएर र मिठो खाना खाएर बाल्यजीवन बिताएका थिए । स्नातक सम्मको अध्ययन पूरा गरेपछि व्यापार व्यवसाय सम्हाली परिवारबाट छुट्टै बसेका खेतान व्यापार व्यवसायमा राम्रो प्रगति गरेको पाइदैनँ ।[२७] श्रीमती, आफू र एक छोरी सहितको परिवार काठमाडौंमा कोठा भाडा लिई जीवन बिताएको पाइन्छ । पिता तथा भाइहरू सित सगोलमा रहँदा आर्थिक समस्याको भूमरीमा रूमलिन नपरे पनि अंशवण्डा पश्चात् सामान्य व्यापारको भर नै आजीविकाको श्रोत देखिन्छ । क्रमशः व्यापारमा असफलतातर्फ उन्मुख भएपछि रेडियो नेपालमा हिन्दी भाषाका समाचार वाचक, अर्थजगत पत्रिकाका सम्पादक, विश्लेषण साप्ताहिकका सम्पादक साथै अन्तराष्ट्रिय व्यक्तित्व अनुसन्धान परिषद्को संरक्षक एवम् धार्मिक तथा प्रेरणादायी प्रवचन गरी जीवन निर्वाह गरेको र पुग नपुग भाइहरूको सहयोगबाट घर व्यवहार चलेको पाइन्छ ।[२८] यसका साथै विभिन्न संघ संस्थामा आबद्ध भई सामाजिक र धार्मिक कार्य गर्दै आएका थिए ।

## २.८ स्वाध्ययन

स्नातक सम्मको औपचारिक अध्ययन पछि बहुभाषाका ज्ञाता गुलाब खेतान हिन्दी, अंग्रेजी, उर्दू, राजस्थानी, नेपालीजस्ता भाषाका विभिन्न विषयका पुस्तकहरू घण्टौंसम्म घोत्लिएर पढिरहन्थे ।[२९] पढ्न बसेपछि लामो समय एउटै आसनमा बसी अध्ययन गर्ने उनको बानी थियो ।[३०] गुलाब पढ्न मन लागे पछि चाहे राती जतिसुकै बजोस् उठेर पढ्ने र लेख्ने गरेको रत्न खेतान बताउँछन् । अङ्ग्रेजी, हिन्दी, नेपाली जस्ता भाषाका साहित्यिक तथा साहित्य इतरका विषयवस्तुको गहन अध्ययन भएको पाइन्छ ।

## २.९ व्यक्तिगत रुचि र स्वभाव

बाल्यकालदेखि नै प्राकृतिक सौन्दर्यमा रमाउन मन पराउने गुलाब खेतानको स्वभाव देखिन्छ । नदी, नाला, पहाड, पर्वत, गाउँघर, प्राकृतिक सौन्दर्य आदि उनका अभिन्न मित्र नै

---

[२७] रमेश खेतानसँगको अन्तर्वार्ता ।
[२८] रत्न खेतानसँगको अन्तर्वार्ता ।
[२९] शोधनायककी धर्मपत्नी विमला खेतानसँगको अन्तर्वार्ता ।
[३०] विजय अग्रवालसँगको अन्तर्वार्ता ।

हुन् । बाल्यकालमा खेल्नभन्दा बढी ठूला मान्छेहरूको वार्तालाप सुन्न, गीत, कविता, पूजा पाठ आदिमा रुचि थियो ।[३१] अरुसँग ज्यादा घनिष्ट नहुने, झगडा मन नपराउने, एकान्त मन पराउने, अरूलाई दुःख दिन नचाहने, घोचपेच गर्न मन नपराउने, मिलनसार, शिष्ट, लगनशील विनयी, मृदुभाषी, आत्मविश्वासी, दृढ इच्छा शक्ति भएका व्यक्तित्वका धनी उनी आफ्नै आस्था, सिद्धान्त, विचार एवं जस्तोसुकै आपत्तिमा धैर्यको औषधिको साहारा लिने विशिष्ट स्वभाव उनमा पाइन्छ ।[३२] मनमा लागेको कुरा अरूलाई भन्दा चोट पुग्छ कि भनेर बढी आत्मकेन्द्रित बन्ने उनको अन्तर्मुखी स्वभाव हो । साहित्यिक, लेखन दार्शनिक चिन्तन र धार्मिक तथा आध्यात्मिक आदर्शमा उनको विशेष अभिरुचि देखिन्छ । उनमा राष्ट्रियताको भावना भरिएको छ ।

पूर्वीय संस्कृति परम्परा र रीतिरिवाजमा हुर्केका हुनाले पूर्वीय जीवनशैली नै उनलाई प्रिय लागेको बुझिन्छ । उनी पूर्वीय जीवनमा शान्तिको अनुभूति गर्न सकिने कुरामा विश्वास गर्दथे । सादा जीवन र उच्च विचारको उद्गम स्थलका रूपमा पूर्वीय जीवन शैलीलाई लिन सकिन्छ भन्ने विचार उनको थियो । भौतिकवादी जीवनशैली र भोगविलासको जिन्दगीभन्दा आध्यात्मवादी शान्तिप्रिय पूर्वीय परम्परामा विशेष अभिरुचि रहेको पाइन्थ्यो । श्रीमद्भगवत् गीताका गहन अध्येता खेतान जीवनमा मान्छेले केही न केही काम गर्नुपर्छ र कर्म अनुसारको फल अवश्य प्राप्त हुन्छ भन्ने कर्मवादी जीवनदृष्टि नै उनको प्रमुख बुझाइ हो ।[३३] मानिस भाग्यवादी होइन कर्मवादी बन्नुपर्छ भन्ने चिन्तनमा अटल विश्वास राख्ने उनी कर्म र अध्यात्मवादी चिन्तनलाई नै प्रमुख जीवन जीउने जग मानेका छन् ।

## २.१० संस्थागत संलग्नता

सानैदेखि समाजमा सत्कर्म गरी पृथक रूपमा परिचित गराऊँ भन्ने अभिलाषा बोकेर अगाडि बढेका खेतान विभिन्न सङ्घ संस्थामा संलग्न भई निकै सक्रिय जीवन व्यतीत गरेको पाइन्छ । उनी आबद्ध संघ संस्थालाई यसरी सूचिबद्ध गरिन्छ[३४]:

१. कोषाध्यक्ष - नेपाल रेडक्रस सोसाइटी (बाँके)

२. सदस्य - नेपाल परिवार नियोजन संघ

३. कोषाध्यक्ष - नेपाल परिवार नियोजन संघ (बाँके)

---

[३१] गोवर्धनदास सँगको अन्तर्वार्ता ।
[३२] विजय अग्रवालसँगको अन्तर्वार्ता ।
[३३] शोधनायककी धर्मपत्नीसँगको अन्तर्वार्ता ।
[३४] व्यक्तिगत विवरण गुलाब खेतान ।

| | | |
|---|---|---|
| ४. | सदस्य | - नेपालगञ्ज चेम्बर अफ कमर्स एण्ड इष्डष्ट्री |
| ५. | निर्देशक | - भेरी व्यापार कम्पनी लिमिटेड |
| ६. | कोषाध्यक्ष | - नेपाल उद्योग तथा वाणिज्य महासंघ |
| ७. | स्थायी समिति सदस्य | - नेपाल उद्योग तथा वाणिज्य महासंघ |
| ८. | संयोजक कर उपसमिति | - नेपाल उद्योग तथा वाणिज्य महासंघ |
| ९. | आजीवन सदस्य | - इन्टरनेशनल सोसाइटी फर कृष्ण कन्सियसनेस (इस्कोन) |
| १०. | सदस्य सचिव | - सनातन धर्म सेवा अक्षय कोष न्यास |
| ११. | महासचिव | - श्री सदाशिव सेवा ट्रस्ट |
| १२. | महासचिव | - नेपालगञ्ज उद्योग कल्याण कमिटी |
| १३. | आजीवन सदस्य | - मारवाडी सेवा समिति नेपाल |
| १४. | चार्टर सदस्य | - लायन्स क्लब अफ पाटन |
| १५. | चार्टर सदस्य | - लायन्स क्लब अफ काठमाडौं |
| १६. | सदस्य | - रोटरी इन्टरनेशनल काठमाडौं |
| १७. | सदस्य सचिव/आजीवन सदस्य | - नेपाली हिन्दी साहित्य संगम काठमाडौँ |
| १८. | सचिव | - श्री शंकराचार्य आध्यात्मिक ज्ञान केन्द्र, काठमाडौँ |
| १९. | संस्थापक अध्यक्ष | - अन्तर्राष्ट्रिय व्यक्ति अनुसन्धान परिषद् |

## २.११ भ्रमण

गुलाब खेतानलाई बाल्यकालदेखि नै घुमघाम गर्ने बढी मन पर्दथ्यो । आफूभित्रको यही जागृत उत्सुकताको कारण उनले विभिन्न साहित्यिक कार्यक्रम, व्यापार व्यवसाय तथा प्रवचनका सन्दर्भमा स्वदेश तथा विदेश भ्रमण गरेका छन् । स्वदेशका ५० जिल्ला र विदेशमा भारत, थाइल्याण्ड (१९६२) जापान (१९६२) चीन (१९८१) श्रीलङ्का (१९८२), लण्डन (२००८) जस्ता देशहरूमा पुगेका छन् ।[३५]

[३५]व्यक्तिगत विवरण गुलाब खेतान ।

## २.१२ सम्मान तथा पुरस्कार

राम्रो कामको कदर र खराब कामको बदर गर्ने परम्परा समाजमा विद्यमान छ । पुरस्कृत गर्ने परम्पराले नवीन प्रतीभाहरूलाई प्रोत्साहित गर्नुका अतिरिक्त स्थापित व्यक्तित्वलाई थप बल र हौसला प्रदान गर्ने काम गर्दछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट प्रतिभाको सम्मान गर्ने प्रचलन रही आएको छ । यसै क्रममा गुलाव खेतानले विभिन्न भाषा, साहित्य तथा सामाजिक कार्यमा पुऱ्याएको योगदानको कदरस्वरूप विभिन्न संघसंस्थाहरूबाट उपाधि, सम्मान तथा कदरपत्र प्राप्त गरेका छन्, ती निम्नानुसार प्रस्तुत गरिन्छ[३६]:

१. सूत्र काव्यका जन्मदाता - स्व. महादेवी वर्माबाट

२. सारस्वत सम्मान - वनारस हिन्दू विश्वविद्यालय

३. जेम्स अफ इन्डिया/हिन्दी गौरव अवार्ड

४. म्यान अफ द इयर अवार्ड भारतको अल इन्डिया अर्गनाइजेसनल इन्टरनेशनल कन्फरेन्स्

५. इन्टरनेशनल एक्सलेन्स् गोल्ड अवार्ड - इन्टरनेशनल फ्रेन्डसिफ अफ इन्डिया

६. जेन्टस् इन्टरनेसनल अवार्ड फर लिटेचर ( सन् १९९३ जेन्टस् इन्टरनेश्नल्)

७. नेपाल बेस्ट न्यूज रिडर अवार्ड

८. उद्योग गौरव अवार्ड

९. विश्व भारती अवार्ड

१०. विद्या विभूषण

११. मारवाडी सेवा समिति अवार्ड

१२. आलामी उर्दू भुसैरा अवार्ड

१३. इन्टरनेशनल अचिभमेन्ट अवार्ड यु.एस.ए[३७]

---

[३६] ऐजन ।
[३७] ऐजन ।

**अभिनन्दन तथा सम्मान**[३८]

१. नागरिक अभिनन्दन - सन् १९८७ जुन २५ सिटिजन्स काउन्सिल नौतनवा भारत

२. सम्मान पत्र - सन् १९८७ नोभेम्बर २९ संकल्प इलाहावाद

३. अभिनन्दन पत्र - सन् १९८८ नोभेम्बर १९ फैजावाद मर्चेन्ट एशोसियशन फैजावाद

४. अभिनन्दन पत्र - सन् १९९० मे २९ वीरगञ्ज साहित्य कला परिषद्

५. अभिनन्दन पत्र - सन् १९९० मे ३० वीरगञ्ज उद्योग वाणिज्य सङ्घ

६. अभिनन्दन पत्र - सन् १९९० सेप्टेम्बर १९ अग्रसेन जयन्ती समारोह समिति काठमाडौँ

७. सम्मान पत्र -सन् १९९० अक्टोबर ३ श्री महेन्द्र पुस्तकालय नेपालगन्ज

८. अभिनन्दन पत्र -सन् १९९० अक्टोबर ३ नेपालगञ्ज उद्योग वाणिज्य महासंघ

९. प्रशंसा पत्र -सन् १२ जनवरी १९९१ नेपाल उद्योग वाणिज्य महासंघ

१०. प्रशस्ती पत्र -सन् २७ जनवरी १९९१ नेपाल मारवाडी परिषद् वीरगञ्ज

## २.१३ प्रेरणा र प्रभाव

मानवमा केही गरुँ भन्ने भाव जगाउन एउटा साधनको आवश्यकता पर्दछ । त्यो साधनले मानवको अन्तर्निहित स्रोतमा पुऱ्याए पछि प्रतिभा प्रवाहित हुने गर्दछ । यसै गरी गुलाब खेतानको पनि आफू निहित प्रतिभालाई प्रस्फुटन गराउन कसैबाट प्रेरित र प्रभावित भएका छन् ।

खेतानको परिवार तथा नातेदारहरू व्यापारमा लागे तापनि साहित्यमा भने कोही इच्छुक भएको देखिदैंन परिवारको चाहना र खेतानको रहर बीच असन्तुलन रहेर पनि खेतानभित्रको अन्तः प्रेरणाले साहित्य सिर्जनातर्फ प्रेरित गऱ्यो । पहिलो पटक वि. सं. २०१२ सालमा विद्यालयमा कविता वाचन गर्दा गुरुवर्गको स्याबासीले अत्यन्त गद्गद् भई अझै गति लिएको पाइन्छ ।[३९] साथै हिन्दीमा प्रेमचन्द, मेहदी हसनबाट प्रभावित उनले नेपाली

[३८] **अमृत मन्थन** चौमासिक पत्रिका २०६४ असोज पृ. ३७ ।
[३९] शोधनायकसँगको अन्तर्वार्ता ।

भाषामा लक्ष्मीप्रसाद देवकोटा, गुरूप्रसाद मैनाली, गोपालप्रसाद रिमाल तथा सिद्धिचरणबाट अझै उर्जा ग्रहण गरेको देखिन्छ ।[४०]

## २.१४ जीवनदर्शन र कला मान्यता

साहित्यकार एउटा श्रष्टा हो । ऊ आफ्नो रचनाद्वारा एउटा नयाँ समाजको आशा गर्दछ । यसको निमित्त उसले आफ्नो स्पष्ट जीवनदर्शन बनाएको हुन्छ । साहित्यकारले बनाएको यस्तै जीवनदर्शनबाट उसको यथार्थ मूल्य निर्धारण हुन्छ । समाजको हितको लागि सिर्जना गरिने कला नै साहित्य हो । नैतिकता र आर्थिक आचरणमा चल्ने प्रेरणा पूर्वीय दर्शनबाट पाएका खेतानले दुःख सुखलाई अनुकूल रूपले सञ्चालन गर्नुलाई जीवन मानेका हुन् । आध्यात्मिकता र भौतिकताको समन्वय र सन्तुलनबाट जीवन चल्नुपर्छ भन्ने उनको मान्यता रहेको छ ।[४१] मानवजीवन जन्मजन्मान्तरको उत्कृष्टताले सञ्चित कर्मको भोगाइ हो र मानिसले असल कर्म गर्नुपर्छ भन्ने उनको दृष्टिकोण रहेको छ । जीवन यथार्थ हो । कला साहित्य मानवीय जीवनको यथार्थ प्रस्तुति हो भन्ने गुलाब खेतान पृथ्वी र मानवको कुशल संयोजनलाई नै कला र साहित्यको प्रमुख उद्देश्य मान्दछन् ।[४२] पृथ्वी जगत् र मानवजाति कला साहित्यको प्रमुख श्रोत हो भन्ने मान्यता उनको रहेको छ । खेतान उत्कृष्ट दर्जाको कलाकृतिका रचना गर्न कलाकारमा रचनात्मक क्षमता, यथार्थ जीवनको सही विश्लेषण गर्न सक्ने अनुभव, साहित्यिक विषयवस्तुको गहन अध्ययन तथा विश्लेषण निरन्तरको अभ्यास, जीवन दर्शन तथा मानवीय मूल्य मान्यताको सही संयोजन हुनु राम्रो हुन्छ भन्ने मान्यता राख्दछन् । साहित्यकार त समाजको निर्माता हो । रंग, जाति, वर्ण लिङ्ग, आयु धर्म र राष्ट्रियताको परिधिबाट मुक्त भएर सम्पूर्ण मानव जातिको लागि सार्वकालिक र सार्वजनीन साहित्यको रचना गर्छ । साहित्यकार त व्यक्ति परिवार समाज राष्ट्र भन्दा पनि धेरै माथि हुन्छ । विश्वस्तरको व्यक्तित्व हुन सक्छ ।[४३]

जीवन यथार्थ हो र जीवनका वास्तविकतासँग गाँसिएका विविध घटना र अनुभूतिहरूको शब्दगत प्रस्तुति साहित्य हो । साहित्यको समाजका विविध पक्षलाई समेट्दै त्यसलाई उजागर गराउन सक्नुपर्छ । साहित्य जीवनलाई सजाउने प्रेरणाको प्रतिफल हो ।

---

[४०] ऐजन ।
[४१] ऐजन ।
[४२] ऐजन ।
[४३] हरि भट्टराई, **मारवाडी समाज स्मारिका**, पृ, १७ ।

## २.१५ लेखनकार्य र प्रकाशित कृतिहरू

जब प्रकृतिको रमणीय दृश्यावली र समाजका विविध घटनाहरूले सर्जकका मनमा प्रभाव पार्न थाल्छन् तव ती अनुभूतिहरूलाई अभिव्यक्त गर्न लेखनी र पुस्तिकालाई माध्यम बनाएर सर्जकले नयाँ सिर्जना निर्माण गर्दछ । यस्ता मानसिक अभिव्यञ्जनालाई प्रथम पटक मूर्तरूप दिइएको लेख वा रचना लेखकको लेखनकर्ताको आरम्भ अवस्था हो । गुलाब खेतानको लेखन कार्यको शुभारम्भ वि. सं.२०१२ सालमा भएको र पहिलो कविता How toAnalysis (हाउ टु एनालाइसिस्) भएको खेतान बताउँछन् ।[४४]

| | | |
|---|---|---|
| १. | अध्यारो आकाशका आँखाहरू | कविता सङ्ग्रह (साझा प्रकाशन)२०४६ |
| २. | आलोक अन्तःकरणको | लघुकथा सङ्ग्रह (साझा प्रकाशन)२०४६ |
| ३. | जीवनसार सफलताका खुड्किलाहरू | निबन्ध सङ्ग्रह (साझा प्रकाशन ) २०४६ |
| ४. | सूर्योदय | कविता सङ्ग्रह (साझा प्रकाशन) २०४७ |
| ५. | समता पदावली (हिन्दी) | दोहा, २०४७ |

## २.१६ जीवनी व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तर्सम्बन्ध

साहित्यकार गुलाब खेतानको जीवनका आरोह अवरोहका क्रममा सङ्गालेका अनुभवहरूलाई नै आफ्नो रचनाको रूप दिएका छन् । उनको व्यक्तित्वले पनि साहित्यिक रचनामा प्रशस्त प्रभाव पारेको छ । बाल्यकालदेखि जीवनमा उनले भोगेका सरल एवम् कठिन परिस्थिति विभिन्न व्यक्ति एवम् सङ्घसंस्थाको सम्पर्क तथा सामाजिक परिवेश आदिले गर्दा उनको व्यक्तित्व निर्माण भएको देखिन्छ । त्यसैले गर्दा उनको साहित्य सिर्जनामा समसामयिक परिवेश, गरिबी, दुःख, पीडा, भाषा, धर्म प्रकृतिप्रेम, देशप्रेम, स्वतन्त्रता, प्रजातन्त्र आध्यात्मिकता तथा नैतिकता जस्ता मानवीय आचरणहरूलाई विषयवस्तु बनाएको पाइन्छ । उनले भोगेका जीवन संघर्ष, परिश्रम, अध्ययन, पारिवारिक समस्या नै रचनाका आधारहरू हुन् । जीवन यथार्थ हो । जीवनको यथार्थसँग गाँसिएको विविध घटना र अनुभूतिहरू नै उनका सिर्जना हुन् । तसर्थ गुलाब खेतानको जीवनी, व्यक्तित्व र साहित्य लेखनबीच अन्तर्सम्बन्ध स्थापित भएको छ ।

---

[४४]शोधनायकसँगको अन्तर्वार्ता ।

## २.१७ देहवसान

नेपाली भाषा साहित्य तथा अन्य भाषाका साथसाथै समाजसेवा, अध्यात्म, व्यापार, सम्पादकमा संलग्न गुलाब खेतानको निधन वि.सं. २०६८ माघ १२ (सन् २०१२ जनवरी २६) मा उपचारको क्रममा दिल्लीमा भयो ।[४५] क्यान्सर रोगले ग्रस्त उनी निरन्तरको चेक जाँचको क्रममा बि.सं.२०६८।०९।१६ गते छोरी सोनालीकोमा गई छोरीको साथसाथै गएर औषधी उपचार भइरहेको थियो । तर मृत्यु शाश्वत सत्य भएकाले उनी यस संसारबाट बिदा भए ।

उनको निधनले राष्ट्रिय र अन्तर्राष्ट्रिय साहित्यानुरागी, व्यवसायी, पत्रकार सन्तमहन्त समाजसेवी, परिवार तथा आफन्त मर्माहत भएका छन् ।

## २.१८ निष्कर्ष

नेपाली समाजका एक सिर्जनशील व्यक्तित्व गुलाव खेतान हुन् । खेतान् वि.सं.२००३ कात्तिक १८ गते काठमाडौँको न्यूरोडमा जन्मेका थिए । आफ्नो बावु गोवर्धनदास व्यापार व्यवसायमा संलग्न रहेका छन् । पारिवारिक परिवेश व्यापारी भए पनि गुलाव खेतानले विशेष गरी आफ्नो जीवनमा महत्त्वपूर्ण समय समाजसेवा र साहित्य रचनामा दिएका थिए । वैवाहिक जीवनमा बाँधिए पछि छोरी सोनालीको पढाइ लेखाइ गरी आफ्नो अभिभावकत्व निर्वाह गरेका छन् । यसैगरी घर व्यवहार, समावसेवा, व्यापार, अध्ययन र साहित्य सिर्जनामा आफ्नो समय मिलाएका छन् । गुलाव बहुभाषी व्यक्तित्व हुन् । उनले नेपाली साहित्यका कविता, लघुकथा निबन्ध र विधामा कलम चलाएका छन् । समग्रतामा उनको जीवनी समाज तथा मानवका लागि अनुकरणीय रहेको छ ।

[४५] रमेश खेतानसँगको अन्तर्वार्ता ।

परिच्छेद - तीन

# गुलाब खेतानको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तित्व शब्दले व्यक्ति विशेषको निजीपन वा अरूलाई प्रभाव पार्ने गुण व्यक्ति विशेषमा निहित विशेषतालाई बुझाउँछ । जसले मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन सक्षम हुन्छ । परिस्थिति अनुकूल चल्नसक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्ति भित्र निहित प्रतिभा नै व्यक्तित्व हो ।[४६]

व्यक्तिको जन्मकालदेखि वर्तमान समयसम्मको व्यतीत समय त्यसभित्र उसले भोगेका जीवन, उसले बनाएका पृष्ठभूमि वा आधार र त्यसका क्रिया प्रतिक्रिया आदिका आधारमा नै उसको व्यक्तित्व निर्माण हुन्छ । मानिसको यही जन्मसिद्ध गुण र प्रतिभालाई निरन्तरको साधनाले व्यक्तित्व विकासमा उत्कृष्टता थपेको हुन्छ । व्यक्तिको यही नैसर्गिक प्रतिभा नै उसको व्यक्तित्वको प्रमुख कडी हो । यद्यपि व्यक्तिगत जीवनका आरोह अवरोह, घात प्रतिघात, सङ्गति-असङ्गति, सुख दुःख, सन्तुष्टि असन्तुष्टि र विभिन्न भोगाइहरूले उसका व्यक्तित्वका अनेक पाटाहरूको निर्माणमा जोड दिन्छ । व्यक्तिको व्यक्तित्व निर्माणमा पारिवारिक सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक, राजनैतिक, धार्मिक, आध्यात्मिक तथा व्यवसायिक, क्रियाकलापका साथै भ्रमण, साधना, चिन्तन, मनन आदि तत्त्वहरूले महत्त्वपूर्ण भूमिका खेल्दछन् । व्यक्तिको व्यक्तित्वलाई अध्ययन गर्दा बाह्य पक्ष र आन्तरिक पक्षबाट गर्दा यथोचित हुने हुँदा गुलाब खेतानको व्यक्तित्वलाई पनि बाह्य एवम् आन्तरिक रूपमा अध्ययन गरिन्छ ।

## ३.२ बाह्य व्यक्तित्व

शारीरिक आकार प्रकार नै बाह्य व्यक्तित्वसँग सम्बद्ध रहेको हुन्छ । सो अनुसार गहुँगोरो वर्ण, लाम्चिलो अनुहार, फराकिलो निधार, चम्किला आँखा, सुलत्त परेका लामा नाक, ठूलाठूला कान कतै सेतो भएको त कतै सेतो बन्न जुर्मुराएको लामा दाह्री कपाल झट्ट हेर्दा निकै गम्भीरताको झल्को दिने मुस्कुरावट ५ फिट ८ इन्च उचाइ, खाइलाग्दो शरीर, सफा सुग्घरमा ध्यान दिने गुलाब खेतान आकर्षक व्यक्तित्व भएका व्यक्ति हुन् ।

[४६] दशरथ ओझा, **समीक्षा शास्त्र** (दिल्ली : राजपाल एण्ड, सन् १९७५) पृ. ३१ ।

## ३.३ आन्तरिक व्यक्तित्व

व्यक्तिमा अन्तर्निहित गुण स्वभाव र समग्रमा जीवन भोगाइ र गराइको पाटो नै आन्तरिक व्यक्तिसँग सम्बद्ध हुन्छ । गुलाब खेतानको बोलीमा सरलता, मधुरता तार्किकता, विचारमा महानता भेटिन्छ । ध्वनि, संकेत र व्यङ्ग्य विनोद गर्नु उनको विशेषता हो ।[४७] सादा जीवन र उच्च विचारको ओजस्वी व्यक्तित्वका रूपमा गुलाब खेतानलाई लिन सकिन्छ ।[४८] कुनै पनि काम गर्दा सोचेर गर्ने उनको बानी रहेको थियो । कसैसँग झगडा गर्न मन नपराउने, अरूको चित्त नदुखाउने, दुख र सुखमा सन्तुलित हुन सक्ने, आफ्नो काम दृढतापूर्वक गर्ने निरन्तर अभ्यास गर्ने, परिस्थिति अनुसार आफूलाई समायोजन गर्न सक्ने खुबी उनको विशेषता हो । एकान्तप्रिय र शान्तिप्रिय गुलाब खेतानमा सुसंस्कृत र शालीन व्यक्तित्व झल्किन्छ । साहित्य सुलभ भावुकता, कोमलता, प्रखरता उनमा रहेको छ । परिवारजनसँग मायालु वातावरणमा रहनु साथीभाइसँग मित्रवत् व्यवहार गर्नु, आफ्नो कार्य क्षेत्रमा सधैं साधनारत रहनु, जस्तोसुकै आपत्तिमा पनि नआत्तिनु गुलाब खेतानको निजी विशेषता हो । विभिन्न साहित्यिक कार्यक्रममा सरिक हुन, पत्रपत्रिकाहरूको अध्ययन गर्ने, फुर्सदको समयमा गहन अध्ययन र प्रौढ चिन्तनमा समाहित भई सिर्जनामा विलिन हुनु नै उनको दैनिकी बनेको थियो ।

उनी समाज, राष्ट्र एवम्, विश्वको उन्नति चाहने व्यक्ति हुन् । देशमा विद्यमान राजनीतिक जटिलता एवम् विकृति विसंगतिमा बिम्बात्मक र प्रतीकात्मक ढङ्गले उनले आफ्ना भावनाहरू व्यक्त गरेका छन् । विशेष गरेर गरिबी समानता, स्वतन्त्रता र प्रजातन्त्रका बारेमा खुलेर लेखेका छन् । समानता, स्वतन्त्रता विश्वबन्धुत्व जस्ता मानवतावादी दर्शन र धर्म संस्कृति परम्परा नैतिकता आदर्शबाट आन्तरिक व्यक्तित्व प्रखरित भएको छ । यिनको आन्तरिक व्यक्तित्वलाई साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्वबाट अध्ययन गरिन्छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

कुनै पनि व्यक्तिले साहित्यिक व्यक्तित्व त्यस व्यक्तिको कृतिका आधारमा निर्मित भएको हुन्छ । गुलाब खेतानको साहित्यिक व्यक्तित्वलाई जान्न उनका प्रकाशित पुस्तक एवं

[४७] हरि भट्टराई, **मारवाडी समाज स्मारिका**, पृ. १५ ।
[४८] रत्न खेतानसँगको अन्तर्वार्ता ।

लेख रचनाहरूको विधागत सापेक्षताका आधारमा छुट्याउन सकिन्छ । उनले कविता, निबन्ध, कथा  विधामा कलम चलाएका छन् । साहित्यको विधागत तुलनात्मक रूपमा उनी कविताको साधनामा बढी तल्लीन भएको देखिन्छ । तीन विधाका सङ्ग्रहहरू **'अँध्यारो आकाशका आँखाहरू'** (कविता सङ्ग्रह), **'आलोक अन्तःकरणको'** (लघुकथा सङ्ग्रह) र **'जीवनसार सफलताका खुड्किलाहरू'**(निबन्ध सङ्ग्रह) वि.सं २०४६ मा एकै साथ विमोचन गरेबाट बहुआयामिक साहित्यिक व्यक्तित्व हुन् भन्न सकिन्छ । रचनाकारको रचनाकारिता सल्सलाएर त्रिवेणी संगम भइदिनाले नेपाली साहित्यले ठूलो उपलब्धि प्राप्त गरेको छ ।[४९]

### ३.३.१.१ कवि व्यक्तित्व

भावुक स्वभावका खेतानले सानै उमेरदेखि कविता गुनगुनाउन थालेको भए तापनि वि.सं २०१२ बाट विद्यालयमा कविता वाचन गरी कविता यात्राको गोरेटो कोरेको पाइन्छ । उनका कविताहरू '**अँध्यारो आकाशका आँखाहरू**' (२०४६) र **'सूर्योदय'** (२०४७) नामक दुई कविता सङ्ग्रहमा सङ्ग्रहित छन् । कवि खेतानका कृतिहरूमा सर्वसाधारण जनताका दिनहुँ झन्झट झमेला र झ्याउँलाहरूलाई अभिव्यक्ति दिदैं जन जीवन अँगाल्नुपर्छ र शोषक उत्पीडन र अनाचारको सामन्ती साङ्लाहरू चुँडालेर मुक्तिको समाजवादी पथतिर लाग्नुपर्छ भन्ने झिल्को पाइन्छ ।[५०] सामाजिक दुराचार, भ्रष्टाचार, अत्याचार, कुरीति, कुसंस्कार, शोषण, दमन विरुद्ध रचनाहरू मुखरित भई राष्ट्र र राष्ट्रियताको संवर्धन, विश्वबन्धुत्व तथा कर्म नै मानव जीवनको मूल मर्म भनी कर्तव्यपरायण हुन कविले आग्रह गरेका छन् । यिनका कविताहरूमा अनुप्रास, बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएको पाइन्छ ।

### ३.३.१.२ कथाकार व्यक्तित्व

गुलाब खेतानको विधागत संलग्नतालाई हेर्दा उनी बहुमुखी प्रतिभा सम्पन्न व्यक्ति हुन् । उनले कविता बाहेक लघु कथाहरू पनि लेखेका छन् । जुन **'आलोक अन्तःकरणको'**( २०४६) कथासङ्ग्रहमा सङ्ग्रहित छन् । आफूले देखेको भोगेको घटनालाई मात्र नभई आध्यात्मिक तथा मानवतावादी चिन्तनलाई कवितामा मात्र नभई कथामा पनि प्रस्तुत गर्दछन् । सरल भाषामा लेखिएको उनको कथा हेर्दा आभ्यासिक लेखनको परिचायक झैँ प्रतीत हुन्छ ।

---

[४९]ताना शर्मा, **गुलाब खेतानको नेपाली कवितात्मकता.**हस्तलिखित पाण्डुलिपी, (अप्रिल १०, १९९०),।
[५०] ऐजन ।

### ३.३.१.३ निबन्धकार व्यक्तित्व

गुलाब खेतानले फुटकर कविता तथा कथा बाहेक निबन्धकार तथा लेखक पनि हुन् । '**जीवनसार सफलताका खुड्किलाहरू**' सङ्ग्रहमा उपदेशात्मक प्रवचनात्मक छाँटकाँट देखिन्छ । यस सङ्ग्रहमा साहित्यिक व्यक्तिको प्रचुर सम्भावना बोकेको देखिन्छ । यस रचनामा जीवनमा कर्म, मानवता, आशा, अनावश्यक रागको त्याग, सकारात्मक र स्वस्थ चिन्तन, उदासिनता परित्याग, अटल विश्वास, त्रुटि परिष्कार एवम् आत्मशक्तिको परिचय लिएर सुदृढ आधारशिला निर्माण गर्न प्रयत्नशील गुलाब छन् ।[५१]

### ३.३.१.४ गजलकार व्यक्तित्व

बहुभाषी खेतानले नेपाली भाषा इतर हिन्दी, उर्दू, राजस्थानी, पञ्जावी, अङ्ग्रेजी भाषामा पनि राम्रो कलम चलाउने उनले हिन्दीमा **'समता पदावली'** (२०४७) लेखी हिन्दी भाषामा भएको उनको प्रखरता र दोहा तथा गजलको क्षेत्रमा भएको प्रौढता प्रकट गरेका छन् ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

गुलाब खेतान एक व्यक्तिमा अनेक प्रतिभा भएका व्यक्तित्व हुन् । यिनले साहित्यिक कार्यहरूका साथसाथै साहित्येतर कार्य पनि गरेका छन् । साहित्यिक व्यक्तित्वभित्र विभिन्न पाटाहरू भए झै साहित्येतर व्यक्तित्वको पनि अनेक पक्षहरू रहेका छन् । तिनै साहित्येतर व्यक्तित्वका विभिन्न पक्षहरूलाई प्रस्तुत रूपमा अध्ययन गरिएको छ ।

### ३.३.२.१ व्यवसायी व्यक्तित्व

मारवाडी वंश परम्परामा जन्मेका गुलाब खेतानको पैतृक कार्य व्यापार व्यवसाय रहेको थियो । वंश परम्परादेखि नै चलिआएको व्यापार व्यसायमा पनि केही सफलता प्राप्त गरेको पाइन्छ । फलस्वरूप फस्ट इन्टरनेशनल ट्रेड फेयर (सन् १९६२) थाइल्याण्डमा, ट्रेडिङ ग्रुप अफ विजनेसम्यान टु डेभलप बिजनेस रिलेसन् (सन् १९६२) जापान, (सन् १९८१) मा चीन तथा (सन् १९८२) श्रीलङ्कामा व्यापारिक सिलसिला तथा नेपालको व्यापारिक

[५१] पुरुषोत्तम सापकोटा, सुरुचिपूर्ण, **जीवनसार सफलताका खुड्किलाहरू,** काठमाडौँ : सा.प्र. (२०४६ पृ. झ) ।

प्रतिनिधित्त्व गरेको पाइन्छ । साथै नेपालको उद्योग वाणिज्य महासंघमा पनि सदस्य तथा कोषाध्यक्षका जिम्मेवारी बहन गरेका थिए ।[५२]

### ३.३.२.२ उद्घोषक व्यक्तित्व

मृदुभाषी, प्रष्ट वक्ता, शुद्धोच्चारण आकर्षक अनुहार भएका खेतान एक कुशल उद्घोषक हुन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय  कार्यक्रममा उनको उद्घोषणको तारिफ योग्य मानिन्छ । उनले सञ्चालन गरेका महत्त्वपूर्ण कार्यक्रमहरू निम्नानुसार प्रस्तुत गरिन्छः[५३]

१. श्रीमद् भागवत ज्ञान महायज्ञ समारोह, वि.सं. २०४४ फागुन ७-११

२. विश्व हिन्दु महासम्मेलन काठमाडौं (सन् १९८८ मार्च २४-२८)

उद्घाटन राजाबाट भएको थियो भने समापन रानीबाट भएको थियो

३. जगद्गुरु शंकराचार्यको कार्यक्रमः वीरगञ्ज (सन्१९८८)

४. फर्स्ट साउथ एसियन सिम्फोजियम अन स्माल कटेज इन्टरप्राइजेज, काठमाडौं सन् १९८८ मे २५।२६

५. नेपाल हिन्दी साहित्य संगम - ७ जुलाई १९९०

६. काव्यगोष्ठी, गान्धी जयन्ती अवसरमा ३० जनवरी १९९१

७. काव्य सन्ध्या, राजस्थान, ३० अगष्ट, १९९१

### ३.३.२.३ सम्पादक तथा समाचार वाचक व्यक्तित्व

गुलाब खेतानको व्यक्तित्वका विविध पाटाहरू मध्ये सम्पादक व्यक्तित्व पनि एक हो । खेतान प्रधान सम्पादक, उपसम्पादक, उपसम्पादक, अतिथि सम्पादक भएर विभिन्न पत्रिकाहरू सम्पादन गरेका हुन्, त्यसलाई यसप्रकार उल्लेख गरिन्छः[५४]

१. प्रधान सम्पादकः अनमोल ज्ञान सङ्गालो मासिक

२. अतिथि तथा प्रधान सम्पादक, विश्लेषण साप्ताहिक

३. उपसम्पादक, अर्थजगत् पाक्षिक

---

[५२] व्यक्तिगत विवरण गुलाब खेतान ।

[५३] ऐजन ।

[५४] ऐजन ।

४. अतिथि सम्पादक, कल्पना मासिक

५. संस्थापक अध्यक्ष एवम् प्रधान सम्पादक, अमृत ज्ञान मन्थन

६. प्रधान सम्पादक/समाचार वाचक, हिन्दी भाषामा[५५] रेडियो नेपाल (१९९३ अप्रिल १९- १९९४ फेब्रुअरी ११)

### ३.३.२.४ समाजसेवी व्यक्तित्व

सानै उमेरदेखि समाजसेवाप्रति प्रगाढ रुचि दर्शाउने खेतान साच्चै नै हुने बिरुवाको चिल्लो पात थिए । उनी युवावस्था देखि सामाजिक संस्थाहरू रेडक्रस सोसाइटी, नेपाल क्षयरोग निवारणसँग, नेपाल परिवार नियोजन साथै नेपाल उद्योग तथा वाणिज्य महासंघमा आबद्ध भई समाजसेवामा सक्रिय सहभागिता देखाएको पाइन्छ । उनी पछिल्लो समय आध्यात्मिक समाजको पक्षबाट समाजको समुत्थान गर्ने कार्यमा विशेष सक्रिय रहेको देखिन्छ । समाजलाई सत्मार्गमा लैजानुपर्छ भन्ने आदर्श बोकेका गुलाब सामाजिक तथा आध्यात्मिक क्षेत्रमा जगद्गुरु शङ्कराचार्य तथा जैनधर्मका पूज्य आचार्य विद्यामन्दजीको प्रेरणाबाट अझ सक्रिय रूपमा लागेको देखिन्छ ।[५६] यिनै कार्यगत संलग्नताले खेतान समाजसेवी व्यक्तित्व हुन् ।

### ३.३.२.५ आध्यात्मिक व्यक्तित्व

आस्तिक माता पिताको दैनिक पूजा अर्चना देखेर प्रभावित खेतान बाल्यकालदेखि नै धर्मप्रति गहिरो अभिरुचि प्रकट गर्दथे । जीवनमा आस्था धार्मिक र कर्म भौतिक हुनुपर्छ भन्ने उनको विचार थियो । जीवनको पूर्वार्धमा व्यापार व्यवसायमा आबद्ध भएपनि ४५ वर्षको उमेर पश्चात् धर्मकर्ममा सक्रिय भई गीताको कर्मयोगको वारेमा प्रवचन दिने गर्दथे ।[५७] साथै World Academy of Spiritual Humanitarian and Moral Education (WASHME) नामक संस्था स्थापनार्थ तल्लीन भए । उनले धार्मिक प्रवचन विदेश तथा स्वदेशमा दिने गर्दथे । अध्यात्मबाट उर्जा मिल्छ । त्यो उर्जाले दुनियाँ उज्यालो बनाउँदछ भन्ने धारणा खेतानको थियो । खेतानले विभिन्न जीवन जीउने शैलीका विषयमा टेलिभिजन तथा एफ्. एम्बाट प्रवचन दिएका थिए ।[५८]साथै यस आध्यात्मिक चेतना जगाउनका लागि अन्तर्राष्ट्रिय

[५५] विजय अग्रवालसँगको अन्तर्वार्ता ।
[५६] हरि भट्टराई, **मारवाडी समाज स्मारिका**, पृ. १७ ।
[५७] रत्न खेतानसँगको अन्तर्वार्ता ।
[५८] ऐजन ।

व्यक्तित्व अनुसन्धान परिषद्को स्थापना गरी आफूले अध्यक्षताको वहन गरी नैतिक चेतना फैलाउन तल्लीन थिए । यसैका आधारमा उनलाई परम पूज्य आचार्य प्रवर श्री गुलाब जी महाराज नामले चिनिनु नै उनको आध्यात्मिक व्यक्तित्वलाई प्रष्ट पार्ने आधार हो ।

### ३.३.२.६ बहुभाषी व्यक्तित्व

गुलाव बहुभाषी व्यक्तित्व हुन् । उनले हिन्दी, नेपाली, उर्दू, अङ्ग्रेजी, पञ्जावी र राजस्थानी जस्ता छ भाषामा लेख्न र बोल्न सक्दथे । उनले उर्दू भाषा कविता सम्मेलनमा नेपालको प्रतिनिधित्त्व गरेका थिए भने हिन्दीमा समता पदावली नामक दोहा प्रकाशित गरेका छन् । यसर्थमा उनी बहुभाषी व्यक्तित्व हुन् ।

## ३.४ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तर्सम्बन्ध

साहित्यकार गुलाब खेतानले जीवनका आरोह अवरोहका क्रममा सङ्गालेका अनुभवहरूलाई नै आफ्नो रचनाको रूप दिएका छन् । उनको व्यक्तित्वले पनि साहित्यिक रचनामा प्रशस्त प्रभाव पारेको छ । बाल्यकाल देखि जीवनमा उनले भोगेका सरल एवम् कठिन परिस्थिति विभिन्न व्यक्ति एवम् सङ्घसंस्थाको सम्पर्क सामाजिक परिवेश आदिले गर्दा उनको व्यक्तित्व निर्माण भएको देखिन्छ । त्यसैले गर्दा उनका साहित्य सिर्जनामा समसामायिक परिवेश गरिबी, दुःख, पीडा, भाषा, धर्म, प्रकृति प्रेम, देशप्रेम स्वतन्त्रता प्रजातन्त्र, आध्यात्मिकता तथा नैतिकता जस्ता मानवीय आचरणहरूलाई विषयवस्तु बनाएको पाइन्छ । उनले भोगेका जीवन सङ्घर्ष, परिश्रम, अध्ययन, पारिवारिक समस्या नै रचनाका आधारहरू हुन् । जीवन यथार्थ हो र जीवनको यथार्थसँग गाँसिएका विविध घटना र अनुभूतिहरू नै उनका सिर्जना हुन् । यसर्थ गुलाब खेतानको जीवनी व्यक्तित्व र साहित्य लेखन बीच अन्तर्सम्बन्ध स्थापित भएको देखिन्छ ।

## ३.५ निष्कर्ष

नेपाली साहित्य तथा नेपाली समाजका एक सिर्जनशील व्यक्तित्व गुलाब खेतानले नेपाली साहित्यका विभिन्न विधाहरू कविता, कथा, निबन्धमा कलम चलाएका छन् । उनमा सरल सहज, सहयोगी, कर्तव्यपरायण जस्ता आन्तरिक विशेषता पाइन्छन् । ५ फिट ८ इन्च अग्ला खेतान हँसिलो, सफा भएर बस्न मन पराउँछन् । उनमा साहित्यिक तथा साहित्येतर व्यक्तित्व रहेका छन् । साहित्यिक व्यक्तित्व अन्तर्गत कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, निबन्धकार व्यक्तित्व तथा गजलकार व्यक्तित्व रहेका छन् भने साहित्येतर व्यक्तित्व अन्तर्गत व्यापारिक व्यक्तित्व, उद्घोषक, समाजसेवी, सम्पादक तथा समाचारवाचक एवम् आध्यात्मिक व्यक्तित्व रहेका छन् । उदार भावना एवम् सहृदयी लेखक खेतानको व्यक्तित्वका विभिन्न पाटाहरू मध्ये सङ्ख्यात्मक र गुणात्मक रूपमा कवि व्यक्तित्व नै सर्वोच्च स्थान रहेको छ ।

यसरी जीवनकालको खेतानको जीवनी र व्यक्तित्वलाई हेर्दा जीवन भोगाइका अनुभव, अनेक आरोह, अवरोह विभिन्न सङ्घ संस्थासँग आबद्ध भई गरेका कार्य अनुभव तथा विशिष्ट व्यक्तिहरूसँग सम्पर्क आदिले गर्दा उनको साहित्य सिर्जनामा राम्रो संयोजन भएको छ । उनी सिकारु लेखन देखि क्रमशः परिष्कृत हुदै अगाडि बढे । उनका कृतिमा राष्ट्रियता संस्कृति, साहित्य, धर्म-दर्शन तथा स्वतन्त्रता बढी रहेको पाइन्छ ।

# परिच्छेद - चार

# गुलाब खेतानको कृतित्वको अध्ययन

## ४.१ विषय प्रवेश

साहित्यकार गुलाब खेतानले नेपाली साहित्यको कविता, लघुकथा र निबन्ध विधामा कलम चलाएका छन् । नेपाली साहित्यमा साहित्यकार गुलाब खेतानले वि.सं. २०४६ सालको फागुनमा कविता, लघुकथा, निबन्ध एकै साथ पुस्तकका रूपमा ल्याई विमोचन गरेको देखिन्छ । यस समारोहबाट विशेष साहित्यिक व्यक्तित्वको चर्चा गरेको पाइन्छ । समाजका विकृति विसङ्गतिलाई भ्रष्टाचार, दुराचार, आदिलाई उनको कविता सङ्ग्रह **'अँध्यारो आकाशका आँखाहरू'** (वि.सं.२०४६)मा भएका छयालिस वटा र **'सूर्योदय'** (२०४७) मा रहेका एघार वटा कविताहरूमा समाजलाई स्वतन्त्रताको चस्माबाट हेरी प्रजातन्त्रको पक्षपोषण गरिएको छ । राज्य सत्ताको बागडोर सम्हालेका अथवा अधिकार प्राप्त व्यक्तिहरूले अधिकारको दुरूपयोग गरी निहत्था जनताप्रति शोषण, दमन गरेकाले गरिबी जनता अशिक्षा, अमानवीयताको भुमरीमा पिल्सिनु परेको कुरालाई मर्मस्पर्शी ढङ्गले प्रस्तुत गरेको पाइन्छ । आफ्ना कविताहरूमा नीतिवादी, राष्ट्रवादी, प्रकृतिप्रेमी मानवतावादी भावना 'बसुधैव कुटुम्बकम्' का भावना छताछुल्ल भएको पाइन्छ । यसरी शोषण दमनको विरुद्ध एकताको मालामा आबद्ध हुन खेतानले आह्वान गरेका छन् । स्वतन्त्रता बिना मानव प्राण निष्क्रिय रहेको र जिउनु पनि जिउँदो लास भएको कवि अनूभूति गर्दछन् ।

'**आलोक अन्तः करणको**' लघुकथा सङ्ग्रहमा रहेका चौवालिस वटा कथामा मान्छेका चाहाना काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि मानव अन्तः निर्हित गुणले मानवका मनमा परोपकारी, ज्ञानी सद्बुद्धि हुन नदिएको र मानव इन्द्रियद्वारा सञ्चालित भएको कुरा खेतानले व्यक्त गरेका छन् । साहित्यकार गुलाव खेतान यो विकृत समाज तथा राष्ट्रलाई आत्मज्ञान तथा नैतिकताको आवश्यकता रहेको बताउँछन् । विद्यमान कुप्रवृत्तिबाट रुष्ट भएका उनले धार्मिक तथा नैतिक चेतनाबाट समाजसुधार हुने कुरामा विश्वास राख्दछन् । समग्रमा उनका लघुकथाहरूले नैतिक आचरणमा बसी सकिन्छ राम्रो काम गर्ने सकिन्न नराम्रो काम नगर्नका लागि आग्रह गरेको अनुभूति हुन्छ ।

**'जीवन-सार सफलताका खुड्किलाहरू'** यिनको निबन्ध सङ्ग्रह हो । यसमा बाह्र वटा निबन्धहरू रहेका छन् । मानव सफलता प्राप्तिका लागि दिनानुदिन भौतारिएर दुःखको जालोमा फसिरहेका छन् । भौतिक सुख सुविधा क्षणिक तथा नाशवान् छ । यही क्षणिक वस्तुको पछि लागेर वा असफलताको बाटो पक्डिएर सफलता प्राप्तिका लागि दौडिएको प्रति निबन्धकार व्यङ्ग्य गर्दछन् । गीताको कर्मयोगबाट प्रभावित उनी सत्कर्म गरेमा अवश्य सक्षम मानिस बन्ने कुरामा दृढ रहन्छन् । दृढ इच्छाशक्ति, इमानदारिता, आत्मबल तथा लगनशीलताको निरन्तरताले मात्र मानव, समाज, राष्ट्र तथा विश्वको मानव बन्दछ । आध्यात्मिक ज्ञानले नै अँध्यारोबाट मुक्ति दिन्छ ।

## ४.२ कविता तत्त्वको परिचय

भाव विचार वा घटनाको विशिष्ट लयात्मक भाषिक संरचना कविता हो ।[५९] यसैले भाषामा कविले आफूले देखेका भोगेका अनुभव एवम् कल्पना गरेका विषयवस्तुलाई कलात्मक रूपमा विभिन्न शैलीले रचना गरेको पाइन्छ । कवितालाई विभिन्न आधारलाई भाषाको माध्यम अङ्गाली गरिने जीवन जगतको लयबद्ध ललित अभिव्यक्ति हो ।[६०]

कविता विधाले विधागत स्वरूप प्राप्त गर्नका लागि आवश्यक सामग्री चाहिन्छन् तिनलाई कविता तत्त्व भनिन्छ ।  कृतिलाई स्वरूपगत पूर्णता प्रदान गर्ने अर्थात् कृतिलाई अस्तित्त्वमा ल्याई निश्चित संरचना प्रदान गर्ने आवश्यक अङ्ग वा अवयवहरू नै त्यसका संरचक घटक वा तत्त्वहरू हुन् ।[६१] कवितालाई विधागत भेद मध्ये मुक्तक र फुटकर कविता देखि खण्डकाव्य सम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताको घटकलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ । कथ्य विषयवस्तु र भाव आन्तरिक तत्त्व हुन् भने भाषाशैली, लय, बिम्ब, प्रतीक बाह्य तत्त्व हुन् ।[६२] कविता तत्त्वलाई वर्गीकरण गर्ने क्रममा खगेन्द्र लुइटेलले १. वस्तु , २. सहभागी, ३. परिवेश, ४. उद्देश्य, ५. दृष्टिविन्दु, ६. भाषा शैलीय विन्यास भनेका छन् ।[६३]  वस्तु भित्र भाव वा विचार, कथानक र द्वन्द्व पर्दछन् । सहभागी भन्नाले साहित्यिक कृति वा सङ्कथनमा संलग्न वा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी

---

५९ खगेन्द्रप्रसाद लुइटेल , **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** (काठमाडौंः ने.रा.प्र.प्र., २०६०), पृ. १८ ।
६० पारसमणि भण्डारी, **नेपाली कविता र काव्य**, (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६५), पृ. ७ ।
६१ खगेन्द्र लुइटेल, पूर्ववत्, पृ.७५ ।
६२ ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य**, आधुनिक नेपाली नाटक र फुटकर कविता**, ( काठमाडौं न्यू हिरा बुक्स इन्टरप्राइजेज,२०५९), पृ. ३३३ ।
६३ खगेन्द्रप्रसाद लुइटेल ,पूर्ववत् ,पृ.७६ ।

भनिन्छ ।[६४] कृतिमा प्रयुक्त  चरित्रहरूले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । साहित्य सिर्जनााको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ ।[६५]  यसैगरी दृष्टिविन्दु र  भाषाशैली विन्यास कविताको तत्त्वमा पर्दछन् । यिनका समग्र तत्त्वको अध्ययनमा  १. शीर्षक, २. संरचना, ३.लय विधान, ४. भाषा शैली ५. कथन पद्धति ६. केन्द्रीय कथ्य र त्यसका सन्दर्भ सामग्री तथा भावविधान ७ विम्व तथा अन्य अलङ्करण प्रविधि एवम् ८. व्यञ्जन ९. विधागत स्वरूप तथा आयाम जस्ता तत्त्वहरूको आधारमा नै कविताको रूपको पहिचान गर्न सकिन्छ ।[६६] यी तत्त्वको संक्षिप्त चिनारी यसरी प्रस्तुत गरिन्छ ।

### ४.२.१ शीर्षक

शीर्षक कविताको एउटा महत्त्वपूर्ण घटक हो । कविता भित्र अनेक संरचनाहरू हुन्छन् । कविले ती संरचनाहरूको प्रतिनिधित्व हुने गरी एउटा युक्ति सारपूर्ण र औचित्य भएका प्रतिनिधिमूलक कलात्मक शीर्षकको छनौट गर्दछ । जुन शीर्षक भित्र समग्र विषयवस्तु अटाएका हुन्छन् । शीर्षक कविता कृतिको नामाकरण मात्र नभई कृतिको सारभूत भाव विचारको सूचक सङ्केत वा उद्घाटक समेत हो । शीर्षक कुतूहलता जगाउने खालको हुनुपर्छ र शीर्षकले जगाएको कुतूहलताको विस्तार कवितामा हुनुपर्दछ । कविताको शीर्षकले रूप तथा वस्तुका बीच कहीँ सोझो कहीँ साङ्केतिक सम्बन्ध राखेको हुनुपर्छ । शीर्षक हेर्दा राम्रो शरीर तत्त्वको प्रतिनिधित्त्व टाउको भएको भान हुनुपर्छ यस्तो शीर्षकले विविध संभाव्यता र अनेकार्थता बोक्न सक्षम भएको हुन सक्नु पर्छ ।[६७]

### ४.२.२ संरचना

कविताभित्र भित्री बाहिरी तहमा एउटा संरचना हुने गर्दछ । यस प्रकार कविता संरचक तत्त्वहरू निर्मित एक विशिष्ट प्रकारको रचना हो । जसमा बाहिरी संरचना सतही हुने गर्दछ भने भित्री संरचना सूक्ष्म हुने गर्दछ ।[६८] यस्तै बाह्य संरचनामा त्यसका लयात्मक खण्डबाट र विश्राम भई पाउ (चरण) वा पङ्क्ति विधान तथा पङ्क्ति पुञ्ज वा अनुच्छेदयोग्य

[६४] ऐजन, पृ.८६ ।
[६५] ऐजन, पृ.९४ ।
[६६] वासुदेव त्रिपाठी र अन्य, (सम्पाः) **नेपाली कविता भाग ४,** (ललितपुरः साझा प्रकाशन, २०६५), पृ.१७ ।
[६७] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ.३३४ ।
[६८] ऐजन ।

सँगै थालिन्छ । त्यसका विधिका भाग परिच्छेद हुँदै विस्तारित हुन्छ अनि खण्डकाव्यमा पुग्दा सर्ग योजना पनि देखा पर्दछ । महाकाव्यमा सर्ग बन्ध नै अपरिहार्य रहन्छ । कुनै कविता कृतिको यो बाह्य संरचना पङ्क्ति र पङ्क्ति पुञ्जको विधानसँग पनि आबद्ध रहन्छ । तर छन्द ढाँचा भित्रको अन्तर्लयको पद्धति भने बाह्य संरचना मात्र होइन । वस्तुतः कविताकृतिको बाह्य संरचना भाषिक वा शैलिगत प्राप्ति पनि हो र कविताको विधा उपविधागत आयामसँग पनि यो बाह्य संरचना सम्बन्धित हुने गर्दछ ।[६९] कविता कृतिको आन्तरिक संरचना चाहिँ त्यस कृतिमा अङ्गालिएको कथन पद्धतिको माध्यमबाट थालिन्छ र सिधै कवि कथन आख्यानीकरण र नाटकीकरण सूक्ष्म वा स्थूल प्रक्रिया पनि कथन पद्धतिकै भेद हुन् । तसर्थ आन्तरिक संरचना मुख्यतः केन्द्रीय कथ्य भाव विचारको उठान विकास र अन्तिम रागात्मक परिणतिको यात्रापथ ठहर्छ । कथ्य भाव विचारको यस यात्रालाई कविता कृतिको आन्तरिक संरचनाले प्रकारान्तरद्वारा पुनरावृत्ति, सञ्चयन, समन्वय र खण्डखण्डका स्वतन्त्र साहचार्य जस्ता विभिन्न प्रक्रियाबाट बुनोट प्रदान गर्दछ ।[७०]

### ४.२.३ लयविधान

कविता विधाको मुख्य विधागत परिचायक स्वरूप तत्त्व लयविधान नै हो । यो लयविधान प्रथमतः भाषिक स्वर व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुवै भएको वितरण विधान लयात्मक एकाइ हो र यसका स्तरमा पाउको वार्णिक वा मात्रिक वितरणको नियमित आवृतिको लय हो ।[७१] मुख्यतः द्विपदी, त्रिपदी, चतुष्पदी जस्ता नियमित पङ्क्तिपुञ्ज पनि छन्दका ढाँचा हुन् । भाषा शैलीको पङ्क्तिगत र पङ्क्तिपुञ्जगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत नै लय विधानको लक्षण हो ।[७२] पङ्क्तिगत स्तरमा आन्तरिक अनुप्रासीयता र पङ्क्ति पङ्क्तिका बीचको अन्त्यानुप्रासीयताबाट हुनु अरू मिठो हुन्छ । गद्य कवित्त्वको अर्न्तलय पनि अरु समृद्ध हुन जान्छ । कविता गद्य र पद्य र किसिमको हुन्छ । वार्णिक मात्रिक भित्री बाहिरी लय मिलेको पद्य कविता हुन्छ भने गद्यमा भित्रीलय प्रधान बनाएर लेखिएको अन्तर्लय प्रधान गद्यकविता हुने गर्दछ ।[७३]

---

[६९] वासुदेव त्रिपाठी र अन्य, (सम्पाः), पूर्ववत्, पृ. १८ ।
[७०] ऐजन ।
[७१] ऐजन ।
[७२] ऐजन , पृ. १९ ।
[७३] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ.३३५ ।

### ४.२.४ भाषाशैली

कवितामा भाव र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ । यस्तो भाषाको वर्ण पद शब्दले रागात्मकता, लयमयता लालित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो । यो सूक्ष्म र संक्षिप्त कलात्मक हुन सक्नु पर्दछ ।[७४] कवितामा स्तरीय भाषाको प्रयोग उचित मानिन्छ । जसले उत्कृष्ट भाव वहन गर्न सकोस् र यस किसिमको भाषा शैली कविताको मूल तत्त्व हो । यो भाषाशैली गद्यात्मक र पद्यात्मक दुवै हुने गर्दछ । कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविताकृतिले गर्नुछ । त्यसका निम्ति उपलब्ध भाषिक विकल्प मध्येबाट सबभन्दा बढी ललित र रागात्मकता अनि व्यञ्जन र लयात्मक हुने कुरा हो । मानक आधारभूत भाषिक व्याकरणको प्रतिपालन गरेर पनि पद पदावलीगत वाक्यगत र अनुच्छेदगत अनेकौँ व्यत्तिक्रम र अतिक्रमण समेतबाट भाषाशैलीले बढी व्यञ्जकता र लालित्य  लयात्मक कवितामा प्राप्त गर्दछ ।[७५]

### ४.२.५ कथनपद्धति /दृष्टिविन्दु

कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका वा उपस्थापन पद्धतिलाई दृष्टिविन्दु भनिन्छ ।[७६] कविता मूलतः आत्मलाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथन कला हो । तापनि मनोलाप वा मनोगुन्जनको अभिव्यक्ति गर्ने श्रुतिरम्य कथन अपेक्षित नै हुन्छ । यो कथन कौशलका रूपमा उच्चार्य गेय (र श्रव्य)  प्ररिप्रेक्ष्यमा कथन पद्धति कवितामा पनि एक महत्त्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ । कवि आफै सिधै हुने कवितात्मक कथन गर्दछ भन्ने त्यो कविप्रौढोक्ति नै हो ।[७७] यहाँ कथयिता वा आत्मालापी कविले आफ्नै वस्तुपरक र आत्मपरक कथ्य आफैं गुन्गुनाउँदा अनि अप्रत्यक्षतः कसै प्रति (भावक प्रति) सम्बोन्धित गरी भन्दछ र यो कथन खास गरी तृतीय पुरुष वा प्रथम पुरुषमा र कहिले द्वितीय पुरुषका पनि कथित वा आत्मलापित हुन्छ ।[७८] यदि कवितामा कविले आफ्ना आत्मलापी कथ्य कुरालाई आख्यानीकृत गर्दछ भने त्यो अर्को कथन पद्धति हो । आख्यानीकरणको क्रममा दृश्यको चित्रण तथा संवाद मनोवाद सम्भव उपयोगबाट नाटकीकृत कथनको पद्धतिसमेत अङ्गाली आत्मालापी कवि कथयिता अन्तर्निहित रहिदिँदा कवितात्मकता कथनको वैकल्पिक तेस्रो

[७४] ऐजन, पृ.३३६ ।
[७५] वासुदेव त्रिपाठी र अन्य, (सम्पाः), पूर्ववत्, पृ. १८ ।
[७६] खगेन्द्रप्रसाद लुइटेल ,पूर्ववत् ,पृ.९७ ।
[७७] वासुदेव त्रिपाठी र अन्य, (सम्पाः), पूर्ववत्, पृ. १८ ।
[७८] ऐजन ।

पद्धति प्रकट हुन्छ ।[७९] कवितात्मक कथनमा यी स्वविधागत र अन्तर्विधागत तीनवटै (सिधै कविता-कथन, आख्यानीकृत कथन र दृश्य संवाद मनोवादात्मक नाटकीकृत कथनका पद्धतिहरूको मिश्रण सम्भव नै छ । वस्तुतः आत्पलापी तर अरूद्वारा श्रव्य हुन सक्छ सूक्ष्म आख्यान वा अन्तराख्यान तथा अन्तनाटकीकरण मुक्तक र फुटकर कवितामै समेत आउने हुँदा सूक्ष्म वा स्थूल कथानक, पात्रविधान, वातावरण तथा दृश्य संरचना एवम् धेरथोर संवाद, मनोवाद समेत कविताका अन्तर्विधागत तत्त्व नै ठहर्न पुग्छन् ।[८०] खण्डकाव्यसम्म पुग्दा कवितात्मक कथनका क्रममा आख्यानीकृत पद्धति भित्र नाटकीकरण समेत गरी सिधै कवि कथन (कविप्रौढोक्ति) अलि कम नै हुने गर्दछ । यो क्रम महाकाव्यमा अरू विस्तारित हुन पुग्दछ ।

## ४.२.६ केन्द्रीय कथ्य र त्यसका सन्दर्भ सामग्री तथा भावविधान

जीवन जगतका समग्र विषयवस्तु र मानव चेतनाको यावत अनुभवपुञ्ज कवितामा नअटाउने चाहिँ होइन । पुरै प्रकृति (जीवन र जगत) मानवीय समाज र संस्कृति पुराकथा र इतिहास दर्शन र ज्ञान विज्ञान आदिका साथै मानव मनको समस्त अनुभव व्यापार अनुभूतिपुञ्ज वा भाव राशिको कथन कवितामा हुन सक्दछ ।[८१] कविताको कथ्य सामग्री र सन्दर्भको सेरोफेरो यही नै हो । यो उपादान कथ्य सामग्रीलाई विद्यागत र अन्तर्विधागत बाह्य आन्तरिक संरचना र कथन पद्धतिमार्फत भाषाशैलीद्वारा लयात्मक र अन्य रूपात्मक तत्त्वका सहकारितामा भावात्मक परिपाक र परिणतिमा पुऱ्याई प्रशोधित गरिएको कविताकृति कलात्मक वस्तुताका रूपमा उत्पादित वा सृजित हुन्छ । सिधै आत्मालापी, कवि कथानात्मक आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन जगतको कथन गरिएपनि त्यसको चुरो स्वरूप केन्द्रीय कथ्यचाँहि कुनै भावविचार (सत्य, सत्यांश वा सत्याभास) नै हुन्छ र परिणाममा चाहिँ कवितामा त्यो अनुभव वा सूक्ष्म विचार भावामय रागमय कलात्मक रूपान्तरण हुनुपर्ने हुन्छ ।[८२] उक्त केन्द्रीय भावविचारको बुनोटमा आधारित भाव विधान अन्तर्यात्रापथ वृत्तात्मक, चक्रात्मक, नागवेलीहार वा अन्य किसिमको पनि हुन सक्ने कुरो छ । मानवीय अनुभवको क्षणविशेष, एक खास मनोदशा, जीवनकै एक भाग, जीवनको समग्रता र जीवनसन्दर्भको विराटतालाई क्रमशः अङ्गाल्दै कविताका पूर्वोवत ५ उपविधा (

---

[७९] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ.३३५ ।
[८०] वासुदेव त्रिपाठी र अन्य, (सम्पाः), पूर्ववत्, पृ. २० ।
[८१] ऐजन ।
[८२] ऐजन ।

मुक्तक, फुटकर कविता, खण्डकाव्य, महाकाव्य र आर्ष विकासशील महाकाव्यहरू कथ्य विषयवस्तु र भावविधानका आयामका दृष्टिले मुक्तकदेखि आर्ष महाकाव्यसम्म उत्तरोत्तर विस्तारित हुँदै जानेछन् ।[८३]

### ४.२.७ बिम्वबिधान तथा अलङ्करणका प्रविधि

कुनै कृतिको मुख्य कथ्य (कथन गरिएको प्रस्तुत) अर्थको सहचर प्रतिच्छायाँका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो ।[८४] जीवनजगतका विविध सन्दर्भ सामग्रीबाट बिम्बविधान हुन सक्छ । अर्थालङ्कारहरू बिम्ब विधानकै उपक्रम हुन् । यी बिम्बहरू कविताका पनि भाव परिपोषक तथा भावव्यञ्जक तत्त्व समेत हुन् । कुनै बिम्ब पूरै कविताव्यापी वृहद् बिम्ब पनि हुने गर्दछन् र यी व्यञ्जनाधर्मी हुन्छन् । कविताकृतिका ठाउँ ठाउँमा आउने स्थानीय बिम्ब भने कृतिको त्यस अंशकै सौन्दर्य सम्वर्धक हुन्छन् यी अर्थालङ्कार वा बिम्बमध्ये स्वभावोक्ति (यथार्थपरक कथन) को आफ्नै सौन्दर्य नहुने होइन तर वक्रोक्ति वा अतिशयोक्ति बारे सृजित बिम्बालङ्कारहरू विशेष चमत्कारी ठहर्छन् । सङ्गति ( साधर्म्य) र व्यतिरेक (वैधर्म्य) प्रश्न, संशय, तर्क, वितर्क द्वन्द्व तथा विरोधाभास, स्वभाव र अति व्यञ्जना, वस्तुतता र आदर्शीकरण प्रशस्त र व्यङ्ग्य उपहास अधिकका न्यून कथन समानान्तरण र तिस तिरोहन आदि अनेक मुद्रामा बिम्बालङ्कारका रूपतात्विक प्रविधिहरूले कवितालाई उजिल्याँउछ ।[८५]

### ४.२.८ व्यञ्जना

राग र अर्थ दुवैका कारणले कुनै उक्ति, कथा वा कृतिमा प्रस्तुत वा कृतिमा प्रस्तुत वा कथित भन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जव पारदर्शकताका साथ झल्कन्छ त्यो स्थिति व्यञ्जना हो ।[८६] कविताकृतिमा यो व्यञ्जना स्थानीय स्तरमा वा पूरै कृतिमा व्याप्त पनि हुन सक्दछ । यस प्रकारका व्यञ्जनाका उद्भावनामा सन्दर्भ वा प्रकरणले पनि ठूलो भूमिका खेल्दछ । जब कविताका आन्तरिक संरचनामा अर्थ एकभन्दा बढी तह वा तरेलीहरू रहेको भावक (पाठक/श्रोता) ले अनुभव गर्दछ । त्यस व्यञ्जना समृद्धिले कृतिको कलात्मक प्रभाव र मूल्यलाई उचाल्दछ । कुनै कविता कृतिमा मुख्य/प्रस्तुत कार्यका सहचरका रूपमा

---

[८३] ऐजन ।
[८४] ऐजन ।
[८५] ऐजन ।
[८६] ऐजन, पृ.२१ ।

अर्को अर्थ बिम्ब रूपमा सहप्रस्तुत नभई लाक्षणिक र व्यञ्जनागम्य (अप्रस्तुत / अकथित) अर्थका रूपमा आउनुलाई प्रतीकविधान भनिन्छ ।

### ४.२.९ विधागत रूप तथा आयाम

कुनै कविता कृतिको आयाम श्रवणकला वा पठनकलाको लमाइमा आधारित हुन्छ । मुख्यतः कुनै पनि कृतिमा लमाइ चौडाइ र गहिराई गरी तीनवटा आयाम देखापर्दछन् ।[८७]

विधागत रूपका परिप्रेक्ष्यमा पङ्क्ति संख्या, अनुच्छेद संख्या, सर्ग संख्या र पृष्ठ संख्या समेतको फैलावट र विस्तारमा कविताको लमाइ निर्धारण गरिन्छ । यिनै लमाइ र चौडाइका आयाममा व्यक्त गरिएका मूल कथ्य वा भाव विचारलाई प्रभावकारी ढङ्गमा व्यक्त गर्न सकेको खण्डमा नै कृतिको उचाइ बढ्ने गर्दछ । आयामका दृष्टिले कविताको लघुत्तम आयाम मुक्तक कविता, लघुआयाम फुटकर कविता, मझौला आयाम खण्डकाव्य, वृहत आयाम महाकाव्य सम्म फैलिएका पाइन्छ । कविता विधाको विधागत रूपसंरचनाको आयाम मुख्यतः कालिक साङ्गीतिक संरचना जीवन जगतको वर्ण्य, स्वरूप एवम् भाव रूपसंरचनाको लमाइसँग नै विशेषत झल्किई त्यस लमाइले चौडा र गहिराइलाई समेत झल्काउन गर्दछ ।[८८]

कथ्य विषयवस्तुको बढ्दो कालिक र स्थानिक आयामले यी उपविधाका रूपात्मक ढाँचा संरचना तथा कपन पद्धतिलाई पनि उत्तरोत्तर विस्तारित पार्न पुग्दछ । यसरी विचार गर्दा मुक्तकका लघुत्तम संरचनामा सानो कथ्य भावविम्व रूप एक लयात्मक ढाँचामा नै प्रस्फुटित भइदिन्छ भने लघु वा फुटकर कवितामा त्यस कथ्यको आयामका साथै कथनकाल र संरचना सङ्गठनको विस्तारको अपेक्षा पनि बढ्न थाल्दछ ।

### ४.३ 'अँध्यारो आकाशका आँखाहरू' कविता सङ्ग्रहको अध्ययन

### ४.३.१ विषय परिचय

कवि गुलाब खेतानद्वारा रचित '**अँध्यारो आकाशका आँखाहरू**' वि.सं. २०४६ सालमा प्रकाशित शान्तिको चाहना गर्ने विश्वका प्रत्येक मान्छेहरूको साझा अभिव्यक्तिलाई समेटिएको कविता सङ्ग्रह हो । विश्वबन्धुत्व, शान्ति र सद्भावलाई छयालिस वटा लामा तथा छोटा कवितामा समेटिएका प्रस्तुत सङ्ग्रहमा कवि कुनै समाज, जाति र राष्ट्रको नभई ऊ सम्पूर्ण विश्वको हुन्छ, उसले विश्वबन्धुत्वको भावनालाई बुझेको हुन्छ भन्ने अभिव्यक्ति

[८७] ऐजन, पृ.२२ ।
[८८] ऐजन ।

समेटिएको छ । ६८ पृष्ठको आयाममा विस्तारित **'अँध्यारो आकाशका आँखाहरू'** नामक कविता सङ्ग्रहमा समाविष्ट भएका *'आमा', 'साइनो', 'म तयार छु', 'पाठ', किन चाहदैन' 'ज्वालामुखी जब फुट्छ', 'कसले भन्छ', 'विष वृक्ष', इतिहास 'समय मिलाइदेऊ', 'वनसम्पदाको संरक्षण', 'समारोहको आयोजना', 'यो संचार वर्ष हो', 'प्रयोग', 'प्रगतिशील मनुष्य', 'आजको युग', 'यो कस्तो सभ्यता', 'आरोपहरूको वर्षा', 'चक्रव्यूह', 'प्रकृतिको आँगन', 'म एउटा मरुस्थल हुँ', 'हिउँद जमेको छ', 'अँध्यारो आकाशका आँखाहरू', 'बदला', 'जिन्दगीको यथार्थ', 'नयाँ बिहानी', 'जमेको जस्तो लाग्छ', 'मलाई पनि कुल्चोस्' 'तमसुक मैले कसैलाई', 'टुक्रिएका सपनाहरू', 'धरहराको कुरा', 'भुकम्प' र 'मृत्यघण्ट'* कविताहरूमा राष्ट्रिय स्वतन्त्रता तथा विकासले ल्याएको विनाश र प्रजातन्त्रका लागि प्राण आहुति दिने सहिदहरूलाई' टिपेर विषयवस्तु बनाइएको छ ।

*'सम्झनाको अमूल्य मोती', 'काँडाको बानी', 'मनले खोजिरहेको हुन्छ', 'आज प्रकृति' नै हाँस्नछ', 'कसैले पनि गरे हुन्छ', 'मलाई संम्झिरहेकी छौं', तिम्रै 'स्मृतिमा', 'तिमी किन तर्सिन्छौ?', 'तिमीसँग बितेका पलहरू' 'फूल फुलोस् तिम्रो जीवनमा', 'स्पर्शको अर्थ', 'सेन्सर', मेरो 'आँखामा हेरी जान'* कविताहरूमा प्रणय प्रसङ्गका अनेक क्षण अनेक रूप र अनुभवलाई प्रस्तुत गरिएका छन् ।

कवि खेतानको '**अँध्यारो आकाशका आँखाहरू**' कविता सङ्ग्रहमा समाजका विकृति, विसङ्गति विरुद्ध कविका कलम दौडिएका छन् । कविले माया, प्रेमको वर्षा तथा प्रणय अनुभूतिलाई पनि कवितामा प्रस्तुत गरेका छन् । विश्वका चर्कदा राजनीतिक घटनाहरू हत्या, हिंसा, जस्तो अमानवीय घटनाहरूलाई हटाउनका लागि कवि खेतानले आह्वान गरेको छन् ।

### ४.३.२ शीर्षक

'**अँध्यारो आकाशका आँखाहरू'** नामक कवितासङ्ग्रहको  शीर्षक प्रतीकात्मक ढङ्गले राखिएको छ । समाज तथा राष्ट्रका विकृति विसङ्गति, कुरीति, कुसंस्कार, शोषण, दमनलाई अँध्यारो आकाश भनिएको छ भने त्यस्ता क्रियाकलाप भोग्न बाध्य मानवलाई आँखाहरू भनिएको छ । अँध्यारो आकाशका आँखाहरू कवितासङ्ग्रह भित्र भएका शीर्षकहरू एकै रूपमा छैनन् । '**अँध्यारो आकाशका आँखाहरू**' कविता सङ्ग्रह परम्परागत नीति, धर्म, आदर्श, समाज, परिवेश र आफ्नो युगमा देखिने प्रतिबिम्बको स्वरूप हो । मानव समाजमा

घट्दै गएको मानवीय संवेदनाका विरुद्धमा मानवीय व्यवहारको उचाइ थप्न र राष्ट्र र राष्ट्रियताको भावनालाई हरेक मानवहरूको हृदयमा अङ्कित गर्नका लागि प्रस्तुत कविता सङ्ग्रहभित्रका कविताहरूले उल्लेख्य भूमिका निर्वाह गरेका छन् । कवि गुलाब खेतानको यस **"अँध्यारो आकाशका आँखाहरू**' सङ्ग्रहको नाम हेर्दा तीन शब्दबाट निर्मित देखिन्छ । यस सङ्ग्रहमा सङ्ग्रहित छ्यालिस वटा कविताहरूमा एक शब्दका शीर्षकहरू भएका एघार वटा कविताहरू रहेका छन्, ती निम्नानुसार छन्: *आमा, साइनो, पाठ, विषवृक्ष, इतिहास, प्रयोग, चक्रव्यूह, बदला, सेन्सर, भूकम्प र मृत्युघण्ट* आदि । प्रस्तुत सङ्ग्रहभित्र दुई शब्दले बनेका कविताहरू क्रमशः *किन चाहिदैन, कसकले भन्छ?, समय मिलाइदेऊ, वन सम्पदाको संरक्षण, समारोहको आयोजना, प्रगतिशील मनुष्य, आजको युग, आरोपहरूको वर्षा, प्रकृतिको आँगन, जिन्दगीको यथार्थ, नयाँ बिहानी, काँडाको बानी, तिम्रै स्मृतिमा, स्पर्शको अर्थ, धरहराको कुरा* गरी जम्मा पन्ध्र वटा रहेका छन् । त्यसै गरी *ज्वालामुखी जब फुट्छ, यो कस्तो सभ्यता, अँध्यारो आकाशका आँखाहरू, जमेको जस्तो लाग्छ, मलाई पनि कुल्चोस्, तमसुक मैले कसैलाई, सम्भनाको अमूल्य मोती, मनले खोजिरहेको हुन्छ, मलाई सम्भिरहेकी छौ, तिमी किन तर्सिन्छौ, तिमीसँग बितेका पलहरू,* एघारवटा कविताहरू तीन शब्दले बनेका छन् । त्यसैगरी *फूल फुलोस् तिम्रो जीवनमा, 'म एउटा मरुस्थल हुँ', मेरो आँखामा हेरी जान,* दुईवटा कविताहरू चार शब्दले बनेका छन् । *'साइनो', पाठ, 'किन चाहदैन', 'ज्वालामुखी जब फुटछ', 'इतिहास', 'समारोहको आयोजना', 'यो संचार वर्ष हो', 'प्रयोग', 'चक्रव्यूह', 'प्रकृतिको आँगन', 'हिउँद जमेको छ', अँध्यारो आकाशका आँखाहरू, बदला, नयाँ विहानी, काँडाको बानी, मनले खोजिरहेको हुन्छ,* आदिजस्ता शीर्षकहरू व्यञ्जनात्मक शीर्षकहरू हुन् भने सङ्ग्रहमा सङ्ग्रहित अन्य कविताका शीर्षकहरू अभिधायुक्त रहेका छन् ।

### ४.३.३ संरचना

कविता संरचक तत्त्वहरूबाट निर्मित एक विशिष्ट प्रकारको रचना हो । तसर्थ यसमा भित्री र बाहिरी तहमा संरचना हुने गर्दछ । बाह्य संरचनालाई लय, गुण, पाउ, चरण, पङ्क्तिपुञ्ज, शब्दगुच्छाको संयोजनबाट निर्माण गरिन्छ । भित्री संरचना कविको कथनको

सोझो कथन, आख्यानीकृत कथन नाटकीकृत कथनका स्थूल र सूक्ष्म पद्धतिलाई हेरिन्छ ।[८९] यिनै आधारमा रहेर कविताहरू विश्लेषण गरिन्छ ।

बाह्य संरचना अन्तर्गत लयगत आधारमा 'आमा', 'किन चाहिदैंन', 'नयाँ बिहानी', 'तमसुक मैले', कसैलाई मनले खोजिरहेको हुन्छ', 'आज प्रकृति नै हाँस्नेछ', 'तिम्रै स्मृतिमा' तिमी किन तर्सिन्छौ, तिमीसँग बितेका पलहरू' 'फूल फुलोस् तिम्रो जीवनमा' शीर्षकका ११ कविताहरू गीतिलयमा संरचित छन् भने ३५ वटा कविताहरू मुक्त गद्यलयमा संरचित छन् । गुलाब खेतानद्वारा लिखित 'अँध्यारो आकाशका आँखाहरू' कविता सङ्ग्रह ६८ पृष्ठमा संरचित छ । यस सङ्ग्रहमा संरचित विभिन्न ४६ वटा कविताहरू मध्ये सबभन्दा कम आठ पङ्क्तिमा विस्तारित कविता 'मलाई संझिरहेकी छौ' हो भने सबभन्दा बढी विस्तारित कविता मृत्युघण्ट हो, जसमा ७५ पङ्क्तिमा संरचित छ । त्यसै गरेर 'आमा' १२, 'साइनो' १६, 'म तयार छु' २७, 'पाठ' २४, 'किन चाहिंदैंन' १८, ज्वालामुखी जब फुट्छ, २४, 'कसले भन्छ?', ३२ विषवृक्ष ३२, 'इतिहास' ३८, 'समय मिलाइदेऊ' ३०, वन सम्पदाको संरक्षण ३४, 'समारोहको आयोजना' २२, 'यो संचार वर्ष हो' २३, 'प्रयोग' १५, 'प्रगतिशील मनुष्य' २१, आजको युग ४०, 'यो कस्तो सभ्यता', ३९, आरोपहरूको वर्षा' १६, 'चक्रव्यूह' २५, 'प्रकृतिको आँगन' ३२? 'म एउटा मरुस्थल हुँ', ३३, 'हिउँद जमेको छ', ३०, 'अँध्यारो आकाशका आँखाहरू' २५, 'बदला' २३, 'जिन्दगीको यथार्थ' ३८, 'नयाँ बिहानी' १९, 'जमेको जस्तो लाग्छ' ३३, मलाई पनि कुल्चोस् ४५, 'सम्झनाको अमूल्य मोती' २२, 'काँडाको बानी' ३२, 'मनले खोजिरहेकी हुन्छ' १६, आज प्रकृति नै हाँस्ने छ' २१, 'कसैले पनि गरे हुन्छ' १०, 'तिम्रै स्मृतिमा' २२, 'तिमी किन तर्सिन्छौ' २४, 'तिमीसँग बितेका पलहरू' १८, फूल फुलोस तिम्रो, जीवनमा १७, 'स्पर्शको अर्थ' २०, 'सेन्सर' २८, 'मेरो आँखामा हेरी जान', ४६, 'टुक्रिएका सपनाहरू' २०, 'धरहराको कुरा' २४, 'भुकम्प' २७, पङ्क्तिमा संरचित छन् ।

### ४.३.४ लयविधान

वार्णिक मात्रिक भित्री बाहिरी लय मिलेको पद्य कविता हुन्छ भने गद्यमा भित्री लय प्रधान बनाएर लेखिएको अन्तर्लय प्रधान गद्य कविता हुन्छ ।[९०] कवि गुलाब खेतानको कविता सङ्ग्रह **'अँध्यारो आकाशका आँखाहरू'**मा ३५ वटा गद्य कविता र ११ वटा गीति कविताहरू रहेका छन् । मुक्तलयमा संरचित उनका गद्य कविताहरूमा सहजरूपमा लय, भाव, र

---

[८९] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ३३४ ।
[९०] ऐजन, पृ ३३८ ।

भाषाका बीचमा तादाम्य पाइन्छ । साङ्गीतिक र सुन्दर भाषाको प्रयोगले कवितालाई सुमधुर र गेयात्मक बनाएको छ । गद्य कविता भए तापनि उनको कविताहरूमा सहज रूपमै अनुप्रासको प्रयोग भएको छ । यसका पुष्टिका लागि अत्यानुप्रासीय लयविद्यान प्रयोग भएको उदाहरण प्रस्तुत गरिन्छ ।

(क) तिनै शब्दहरूलाई

जसले तिमीलाई

सधै नै लठ्याइरहन्थे

संधै नै रमाइरहन्थे । *(मेरो आँखामा हेरी जान पृ. ५९)*

यस साक्ष्यमा 'शब्दहरूलाई- तिमीलाई', 'लठ्याइरहन्थे - रमाइरहन्थे' अन्त्यानुप्रासको रूपमा आएको छ ।

(ख) आज प्रकृति नै हाँस्ने छ

आज यो धरती नै नाच्ने छ । *(आज प्रकृति नै हास्ने छ, पृ. ४९)*

(ग) तिमी हाँसेर जीवन बिताऊ

मलाई बिर्सी अन्त रमाऊ । ( तिमीसँग बितेका पलहरू, पृ. ५४)

(घ) तिमी नै मेरी आमा तिमी नै मेरी ज्यान

तिम्रै काखमा हुर्केको मेरो तन मन प्राण । *(आमा, पृ.१)*

(ङ) प्रेम रहोस् तिम्रो जीवनमा

फूल फुलोस् तिम्रो जीवनमा । *(फूल फूलोस्, तिम्रो जीवनमा, पृ. ५५)*

प्रस्तुत साक्ष्य ‘ख’, ‘ग’, ‘घ’, ‘ङ’ क्रमशः हाँस्नेछ -नाच्नेछ’

‘बिताऊ-रमाऊ’ ज्यान-प्राण, जीवनमा- जीवनमा शब्द आएकाले अत्यानुप्रास रहेको छ। ख ‘घ’ मा ‘आज-आज’, तिमी-तिम्रै शब्द आएकाले आद्यानुप्रास देखिन्छ भने ख र ङ मा प्रकृति-धरती रहोस्-फुलोस् शब्द भएकाले मध्यानुप्रास रहेको छ।

अन्त्यानुप्रास विहीन पङ्क्तिहरूले पनि शब्दगत संरचनाको उपयुक्तताले साङ्गीतिक गुञ्जन दिएका हुन् ।

मेरो मुटुको ढुकढुकीमा

मेरो देशका झरनाहरूको सङ्गीत बज्छ

पाखुरीहरूमा

सगरमाथाको अटल विश्वास छ। (साइनो पृ. २)

यसरी अपमान सहेर बाँच्नु भन्दा त

स्वाभिमानको गर्मीमा श्वासको ज्वालाले

घाँटी सुकाउँदै मर्नु नै ठीक लाग्यो। (*इतिहास पृ. १२*)

### ४.३.५ भाषाशैली

कवितामा भाव र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नको लागि भाषाको प्रयोग गरिन्छ। यस्तो भाषाको वर्ण, पद शब्दले रागात्मकता, लयमयता लालित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो।[९१] कवि खेतानका कवितामा, तत्सम, तद्भव, आगन्तुक शब्दको प्रयोग अनुप्रासीयता, आलङ्कारिक भाषा प्रयोग र स्पष्ट अभिव्यक्तिका कारणले उनको भाषा क्लिष्ट नभई सम्प्रेषणीय छ। उनका कविताहरूमा पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, उद्गार चिह्न, र योजक चिह्नको प्रयोग गरिएको छ। कवि व्याख्यात्मक शैली, वर्णनात्मक, प्रश्नात्मक, संवादात्मक विद्रोहात्मक, सम्बोधनात्मक भाषाशैलीको प्रयोग गरी लयात्मक गद्य तथा गीति कविता रचना गरेका छन्।

[९१] ऐजन , पृ. ३३६ ।

(क) जब जब मैले खोज्ने चेष्टा गरेँ

राजनीतिक समाधान बारे एउटा पुस्तक

मेरो हातमा आयो विश्व राजनीतिक संकट

धर्मको नाममा ‘अधर्मको व्यापकता’

ज्ञानको ‘रूपमा अज्ञानताको जाल’ । *(चक्रव्यूह, पृ. २८)*

(ख) ‘किन चाहिँदा व्यक्तिहरूलाई नसोधीकन आउन दिएको?

के काम गर्ने इच्छा छैन ? *(इतिहास, पृ. १३)*

(ग) मेरो गाउँको गोरेटो बाटोले

आज अनुहार फेरेको छ

आज वर्षाको कारणले गर्दा त्यो

सफा भएछ । *(प्रयोग, पृ. २०)*

(घ) सबमेरिन र फाइटर बम्बरहरूको स्वर

सुपरसोनिक जेटहरूको कर्णभेदी आवाजका

अभ्यस्त मेरा कानहरूलाई

एउटा बालकको करुण क्रन्दनले रुवाउँछ । *(आजको युग पृ. २२)*

प्रस्तुत उदाहरण ‘क’ मा वर्णनात्मक भाषाशैली, (ख) प्रश्नात्मक भाषाशैली, (ग) व्यङ्ग्यात्मक, (घ) आगन्तुक शब्दहरूको प्रयोग भएको छ । प्रस्तुत ‘अँध्यारो आकाशका आँखाहरू’ कविता सङ्ग्रहभित्रका कविताहरूमा कविले सरल र सुबोध्य भाषाशैलीको प्रयोग गरेका छन् । कविले ‘आमा’, ‘साइनो’, ‘प्रकृतिको आँगन’, ‘म एउटा मरुस्थल हुँ, हिउद जमेको छ’ आदि कवितामा व्याख्यात्मक शैलीको प्रयोग गरेका छन् । ‘चक्रव्यूह’, ‘मृत्युघण्ट’, ‘भूकम्प’ ‘धरहराको कुरा’ ‘मेरो आँखामा हेरी जान’ तिमीसँग बितेका पलहरू’ मनले खोजिरहेको हुन्छ’ कविताहरूमा वर्णनात्मक शैली अपनाइएको छ । यस सङ्ग्रहमा कविले आकाश, सूर्य, सहिद, अमर, मुनि, हृदय, स्वर, वर्तमान, कवि आदिजस्ता तत्सम शब्दहरू

प्रयोग भएका छन् भने आँखा, रगत, हात, आमा, आँसु, आगो, आज, गहिरो इत्यादि जस्ता तद्भव शब्दहरू प्रयोग भएका छन् । त्यसै गरेर बिदाइ, एटम, प्लेकार्ड, जेल, शहर, बारी, आदिजस्ता आगन्तुक शब्दहरूको प्रयोग भएका छन् । कविताहरूमा प्याट्ट, छताछुल्ल, 'छियाछिया' छङछङ आदि जस्ता अनुकरणात्मक शब्दहरूले कवितालाई सुन्दर, सहज एवम् सरस बनाएका छन् । त्यस्तै कि ! आहा ! होशियार ! जस्ता विस्मयादिबोधक शब्दहरूको प्रयोग भएको छ । प्रस्तुत सङ्ग्रहभित्रका कविताहरूमा र, नै, त, पो इत्यादि जस्ता निपात शब्दहरूको प्रयोगले कवितालाई श्रुतिमाधुर्य बनाएको देखिन्छ । 'कसले भन्छ?' 'किन चाहदैन?' 'तिमी किन तर्सिन्छौ?' आदि कवितामा प्रश्नात्मक शैलीको प्रयोग भएको छ । माया प्रेम स्वतन्त्रता, प्रजातन्त्र आदिजस्ता विषयमा सरल भाषामा लेखिएका कविताहरू हरेक पाठकका लागि बोधगम्य रहेका छन् ।

### ४.३.६ कथनपद्धति

कथनपद्धति कविताको महत्त्वपूर्ण घटक हो । कविता मूलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथनकला हो ।[९२] कविले आफै सिधै कुनै कविता कथन गर्दछ भने त्यसलाई कविप्रौढोक्ति कथनपद्धति भनिन्छ भने कवि आफू तटस्थ बसी तृतीय पुरुष वक्ताद्वारा कविता भन्न लगाउँछ भने त्यसलाई कविनिबद्ध प्रौढोक्ति भनिन्छ । यस अनुसार कवि गुलाब खेतानद्वारा लिखित 'अँध्यारो आकाशको आँखाहरू', 'कविता सङ्ग्रहमा आमा', 'साइनो', 'म तयार छु', 'किन चाहँदैन?' 'कसले भन्छ', 'इतिहास' 'प्रकृतिको आँगन', म एउटा मरुस्थल हुँ जस्ता हिउँद जमेको छ, 'बदला जस्ता कविताहरू कवि प्रौढोक्ति ढाँचा लेखिएका छन् । केही उदाहरणका लागि यहाँ प्रस्तुत गरिन्छ ।

म एउटा मरुस्थल हुँ
अतृप्त तिर्खा बोकेर
यता उता चारैतिर
जहाँ पनि मायाको दुई थोपा भेट्छ । *(म एउटा मरुस्थल हुँ, पृ. ३१)*

व्यथा मभित्रको त्यसै नै जमिसकेको छ
मैले रमझम पानी परेको बेलामा

[९२] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) पूर्ववत्, पृ. १९ ।

भित्र पनि चारैतिर
हिलो नै भएको देखेँ । *(हिउँद जमेको छ, पृ. ३३)*

मलाई थाहा छ
मेरो बारेमा तपाईको मनमा के धारणा छ । *(बदला, पृ. ३६)*

प्रस्तुत उदाहरणमा कवि आफैँ बोलिरहेका छन् । यो उनको एकल वा आत्मालापीय कथन पद्धत्ति हो । त्यसैले यसमा प्रथम पुरुषीय एकवचन कथन पद्धति रहेको छ । यसलाई कवि प्रौढोक्ति भनिन्छ ।

प्रस्तुत सङ्ग्रहमा कविनिबद्ध प्रौढोक्ति ढाँचा पनि प्रस्तुत भएको छ । 'ज्वालामुखी जब फुट्छ', 'तिमी किन तर्सिन्छौं', 'पाठ' जस्ता कविताहरू कविनिबद्ध प्रौढोक्ति ढाँचामा लेखिएका छन्, जस्तैः

आज उसको बोलीमा
परिवर्तनको स्वर अल्भ्केको छ
आँखामा प्रतिशोधको
रातो धागो अल्भ्केको छ । *(ज्वालामुखी जब फुट्छ, पृ. ७)*

यसको मुखमा आउँदैँनन्
यसले पनि कुनै बेला
स्वाभिमानको पाठ पढेको थियो । *(पाठ, पृ. ५)*

माथिका कवितांशमा कवि आफू तटस्थ बसेर तृतीय पुरुष वक्ताद्वारा बोलिएको छ । यसकारण यहाँ तृतीयपुरुष कथनपद्धति अर्थात कविनिबद्ध प्रौढोक्ति ढाँचाको प्रयोग भएको छ ।

### ४.३.७ भावविधान

प्रस्तुत कविता सङ्ग्रह '**अँध्यारो आकाशका आँखाहरू**' भित्रका कविताहरूमा कवि गुलाब खेतानले विविध विषयवस्तुलाई आधार बनाएर रचना गरेका छन् । विविधतापूर्ण जीवन परिवेश तथा मानवका जीवन भोगाइका पत्रैपत्रलाई कवितामा बाँधेर समसामयिक

जीवन दृष्टिलाई खेतानले यस सङ्ग्रहमा प्रस्तुत गरेका छन् । विश्वका चर्कदा राजनीतिक घटनाहरू, हत्या हिंसा जस्तो अमानवीय घटनाहरूलाई हटाउनका लागि कवि खेतानले आफ्ना कविताका माध्यमबाट आह्वान गरेका छन् । राष्ट्रनिर्माण कार्यमा आफ्ना स्वार्थी भावना त्यागेर देशका लागि नै आफूलाई सुम्पनु पर्ने वास्तविकतालाई यस सङ्ग्रहका कविताहरूले प्रस्तुत गरेका छन् । कवि खेतानले गाउँ समाज राष्ट्र अन्तर्गतका सामाजिक राजनैतिक क्षेत्रमा देखिएका विकृति विसङ्गति कुप्रथालाई हटाइ स्वस्थ, स्वच्छ र सत्य समाजको स्थापना लागि आफ्ना मनमा उठेको विचारलाई समेट्दछन् ।

### क) मानवतावाद / विश्वबन्धुत्व

मानव निहीत स्वार्थमा रुमल्लिएको छ । मानवताको खिल्ली उडाइएको छ । सीमाले हामीलाई सङ्कुचित बनाएको छ । यसै सन्दर्भमा मानवसँग हुनुपर्ने मानवता किन सकिदै गएको छ ? भन्ने प्रश्नका उत्तरमा कवि खेतानले कवितामा यसरी लेखेका छन्:

रगतको जीवन्त वर्षा गर्छन्
पानी सुक्छ धारामा रगतको नदी बग्छ
बजारमा उपलब्ध हुन्छन्
तरकारी र फलफूल झैं
मनुष्यका अङ्ग प्रत्यङ्ग
यो कस्तो बजार लागेको छ
आत्मीयता, माया, ममता, स्नेह
खोजेर पाउन गाह्रो भयो
अहङ्कार, अन्याय, अत्याचार, अनाचार
छरिरहेछन् चारैतिर
यही नै आजको युग । *(आजको युग, पृ. २२)*

कवि खेतानले ‘प्रगतिशील मनुष्य’, ‘यो कस्तो सभ्यता’ ‘आरोपहरूको वर्षा’ जस्ता कविताका माध्यमबाट मानव र मानवताको प्रतिकूल अवस्थालाई समेट्न खोजेको छन्, जुन प्रसङ्गलाई निम्न साक्ष्य मार्फत देखाउन सकिन्छ ।

मनुष्य कति प्रगतिशील भएछ

आफैले आफैलाई मार्ने योजनालाई
कार्यरूप दिन व्यस्त छ । *(प्रगतिशील मनुष्य, पृ. २१)*

दीन दुःखीहरूको सहायता गर्ने
असहाय र कमजोर वर्गलाई उचाल्ने
सबै सहयोगी संस्थाहरू मृत हुन गएका छन्
मलामीबाट फर्केका जवानहरू झैँ
मुखमा उदासी पोती फर्केका छन् । *(यो कस्तो सभ्यता, पृ. २४)*
सधै अर्काका अवगुणहरू मात्र
जसले हेर्न सकेका छन्
तिनीहरू आफूमाथि लागेका आरोपहरू सुनी
स्वयंसँग परिचित हुन पाएका छन् । *(आरोपहरूको वर्षा, पृ. २६)*

उदाहरण देखाउनु पर्छ
आफ्ना जनतालाई भोको राखी
शरणार्थीलाई खुवाउनु पर्छ ।
*(प्रगतिशील मनुष्य पृ. २१,)*

**ख) देशप्रेम**

कवि गुलाब खेतानद्वारा लिखित **'अँध्यारो आकाशका आँखाहरू'** सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा माटो प्रेम पनि उच्च रूपमा प्रकट भएको पाइन्छ । पृथ्वीमा पाइला नटेकी अन्तरिक्षतर्फ उड्न सकिदैँन र माटालाई माया नगरी मानव बन्न सकिदैँन भन्ने विषयलाई कविले यसरी लेखेका छन्:

मेरो मुटुको ढुकढुकीमा
मेरो देशका झरनाहरूको सङ्गीत बन्छ
पाखुरीहरूमा
सगरमाथाको अटल विश्वास छ
खुट्टाहरूमा

नदीको अपार जलराशी झैँ
सीमित शक्ति प्रवाहित भैरहेछ
अनुहारमा
लालीगुराँसको लालीमा
आँखामा
नौरङ्गी डाँफेको अनेकानेक रङहरूको
इन्द्रधनुष लहरिरहेछ
यी सबको उपस्थितिले
मेरो र मेरो देशको साइनोलाई
प्रमाणित गरेको छ । *(साइनो, पृ. २)*

कवि खेतान देशभन्दा ठूलो अरू केही कुरा छैन भन्ने कुरामा विश्वस्त छन् । देश रहे आफू रहन सकिने देश नरहे आफू, रहने सम्भावना नै नरहने कुरामा अडिग छन् । माटो एवम् देश प्रेममा लेखिएका अन्य उनका कविताहरू क्रमशः

ऊ वीर नेपाली हो
आफ्नो स्वाभिमान र
सार्वभौमिकता जोगाउन
ऊ जस्ता हजारौँ हजार नेपाली मरे पनि हुन्छ
मातृभूमिलाई दुनियाँको सर्वोत्तम तीर्थ भने पनि हुन्छ ।
*(ज्वालामुखी जब फुट्छ, पृ. ७)*

हातमा हात मिलाएर
हामी देश बनाउँछौ
सगरमाथाको टुप्पोमा हाम्रै हातले
चन्द्रसूर्य फहराउँछ
मित्रको लागि हातभरि मुटु राखिदिन्छौं । *(कसले भन्छ, पृ. ८)*

देशप्रेममा लेखिएका अन्य कविताहरू 'धरहराको कुरा', 'मृत्युघण्ट', 'भूकम्प' 'मलाई पनि कुल्चोस्', 'नयाँ बिहानी', 'बदला' र 'इतिहास' हुन् ।

### ग) विकृति तथा विसङ्गतिप्रति विद्रोह

कवि गुलाब खेतानले 'अँध्यारो आकाशका आँखाहरू' सङ्ग्रहभित्रको कविताको विषयवस्तु नैतिकता, धार्मिक निष्ठा, संयम, अनुशासन, सुव्यवस्था र सच्चरित्र पनि प्रमुख रूपमा आएको भेट्न सकिन्छ । समाज सुधार एवम् विकृति, विसङ्गतिलाई हटाउनका लागि कवि खेतान विद्रोही भावलाई यसरी प्रस्तुत गर्दछन्:

किन कि

मलाई म भित्रको राम्रो व्यवहार
तपाईंलाई देखाउनु छ
त्यसैले
तपाईंको कृपापात्र यस व्यक्तिको
अनुहारमा झल्किएको
दया, गरिबी, लाचारी, विवशता र असहायताका
चिन्हहरूलाई उतारी
'तपाईं'लाई तिमी र तिमीबाट तँ सम्म
पुऱ्याउन सकूँ । *(बदला, पृ. ३६)*

### घ) प्रकृतिप्रेम

मानव प्रकृतिबाट कदापि अलग रहन सक्दैन । प्रकृतिकै काखमा हुर्के, बढेकाले उनका कविताहरूमा, प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको छ भन्ने प्रस्तुति पाइन्छ :

समयका बलिया पखेटाहरूले
बर्सादको मौसममा
यस बाटाले आफ्नो अनुहार
फेरे जस्तो लाग्छ
खोलाको स्वच्छ पानीले
पीर व्यथा पनि धोए जस्तो लाग्छ ।
*(जमेको जस्तो लाग्छ, पृ. ४)*

प्रस्तुत कवितांशमा कविले प्रकृतिको मानविकीकरण गरी प्रकृति मानव सेवामा तल्लीन भएको भाव अभिव्यञ्जित गर्छन् ।

नदीका अपार जलराशी झैं
सीमित शक्ति प्रवाहित भै रहेछ
अनुहारमा
लाली गुराँसको लालीमा
आँखामा
नौरङ्गी डाँफेहरू अनेकानेक रङ्गहरूको
इन्द्र धनुष लहरिरहेछ
यी सबको
सधै उपस्थितिले
मेरो र मेरो देशको साइनोलाई
प्रमाणित गरेको छ ।
*(साइनो - २ )*

## ङ) व्यङ्ग्य विनोद

समाजमा भएको विकृति विसङ्गति कुरीति, कुसंस्कार, अन्याय अत्याचार तथा दुराचार माथि कवि घुमाउरो तरिकाले व्यङ्ग्य प्रहार गर्दछन् ।

गधा गोरुलाई गुरू मानी
वन राजले पनि जति सक्दो चाँडो
सबै वनलाई सखाप पार्ने आदेश दिदै
उक्त गोष्ठीको समापन गर्छ ।
(*वन सम्पदाको संरक्षण, पृ. १७* )

हो अव 'दूरदर्शन'को दर्शन पनि पाइसक्यौं
टेलिफोनमा त गलत नम्वरले गर्दा
यहाँको त्यहाँ र त्यहाँको यहाँ मात्र हुन जान्छ
तर के दुरदर्शनमा

पुरुषको सट्टा महिलालाई
र महिलाको साटो पुरुषलाई
हेर्न पाउनेछौं ?
*(यो संचार वर्ष, पृ. १९ )*

कवि खेतानका कविताहरूको मुख्य विषय नै नेपाली राष्ट्रको गौरव गरिमा र अनैतिकता, विकृति र विसङ्गतिको तीव्र विरोध गरी समाजमा चेतनाको लहर ल्याउनु हो । व्यङ्ग्यात्मक ढङ्गले मानवताको सनातनी नैतिक निष्ठाको सोपान तयार पार्न खोज्नु कवि खेतानको मुख्य उद्देश्य हो । स्वतन्त्रता प्राप्तिका लागि हामी मानवले सधैँ अन्याय र अत्याचारसँग लड्न सक्नुपर्छ भन्ने भाव नै प्रस्तुत सङ्ग्रहका कविताहरूले बोकेका छन् ।

## ४.३.८ बिम्ब प्रतीक

सर्जकका मानसपटला रहेको मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो ।[९३] बिम्ब विषयवस्तुको सादृश्य विधान हो । कवि गुलाब खेतानको 'अँध्यारो आकाशका आँखाहरू' सङ्ग्रहभित्रका कविताहरूमा बिम्ब विधान सशक्त रूपमा देखा पर्दछ । केही उदाहरणहरू तल प्रस्तुत गरिएका छन्:

आज वर्षाको कारणले गर्दा त्यो
सफा भएछ । *(प्रयोग, पृ. २०)*

गधाद्वारा पोषित जनावरहरूको अगाडि
आफूलाई असहाय ठानेर
ती सत्ताधारीका वारिसहरूलाई
बारम्बार नमस्कार गर्छ । *(वन सम्पदाको संरक्षण, पृ. १६)*

एउटा अर्को आकाशको सृजना गर्नुपर्ने हुन्छ
एउटा यस्तो आकाश
जसले सधैं र सबैलाई एकनासले हेर्न सकोस् ।
*(अँध्यारो आकाशका आँखाहरू, पृ. ३५)*

[९३]लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, (ललितपुरः सा.प्र.,२०६०), पृ.१ ।

प्रस्तुत कवितांशमा 'वर्षा' प्रजातन्त्रको बिम्ब बनेको छ भने 'गधाद्वारा पोषित' निरङकुशको बिम्ब बनेको छ र 'अर्को आकाश' शान्ति एवम् प्रजातन्त्रको बिम्ब बनेको छ ।

प्रतीक विधानका दृष्टिले पनि कवि गुलाब खेतानका कविताहरू सशक्त रहेका छन् । 'अँध्यारो आकाशका आँखाहरू' शीर्षक नै प्रतीकात्मक रहेको छ । यसले निरङ्कुशता एवम् अशान्तिमा छट्पटाएका जनताहरू हुन भन्ने प्रतीकात्मक अर्थ बोकेको छ । केही उदाहरणलाई यसरी देखाउन सकिन्छः

कुकुर भुक्छ रात दिन
त्यही नै सधैं सुनिएको छ
हामी त आफ्नै हिँडाइमा मस्त भएका छौं *(यो संचार वर्ष हो, पृ. १९)*
आज औँसीको रात पनि होइन
तैपनि हिजोभन्दा यो आकाश
किन अध्यारो देखा परेको छ ? *(अँध्यारो आकाशका आँखाहरू, पृ. ३५)*

प्रस्तुत कवितांशमा 'कुकुर' अशान्तिको प्रतीक बनेको छ । 'औँशीको रात' ले निरङ्कुशतालाई सङ्केत गरेको छ ।

## ४.३.९ उद्देश्य

कुनै विषयवस्तुमा आधारित भएर भावले भरिपूर्ण अनुभूतिलाई कलात्मक ढङ्गले प्रस्तुत गर्नु कविताको उद्देश्य हो ।[९४] कवि गुलाब खेतानद्वारा लिखित 'अँध्यारो आकाशका आँखाहरू' कविता सङ्ग्रहको उद्देश्य नेपाली समाजमा समता, सहानुभूति र सद्भावको फूल फुलाएर हरेक मानवलाई आशावादी, आस्थावादी र सकारात्मक बाटोमा हिंड्न प्रेरित गर्नु रहेको छ । आफ्नो माटो प्रतिको आस्था हरेक व्यक्तिसँग हुनुपर्छ । माटोको माया नगर्ने मान्छेसँग देशप्रतिको कुनै आस्था रहन सक्दैन । विकृति, विसङगतिले आक्रान्त पारेको समाजलाई हामीले परिवर्तन गर्नुपर्दछ भन्ने केन्द्रीय उद्देश्य नै प्रस्तुत सङ्ग्रहमा रहेको छ ।

[९४] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य पूर्ववत् ,पृ.३३६ ।

### ४.३.१० निष्कर्ष

'**अँध्यारो आकाशका आँखाहरू**' कवि गुलाब खेतानको पहिलो कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा ४६ वटा लामो छोटा कविताहरू रहेका छन् । यो सङ्ग्रह ६८ पृष्ठमा फैलिएको छ । नेपाली समाजमा भएको पीडाजन्य, विकृतिमय, विरोधाभासपूर्ण चाटुकारितालाई अन्त्य चाहनु प्रस्तुत सङ्ग्रहको विशेषता हो । त्यसै गरेर नीति, मूल्य, निष्ठा र धार्मिक आचरणलाई पनि जोगाउनु पर्छ र हरेक मानवसँग आफू जन्मिएको माटाप्रतिको प्रेम हुनुपर्छ भन्ने सकारात्मक सन्देश प्रस्तुत सङ्ग्रहभित्रका कविताहरूमा रहेको भेटिन्छ । कविले सामाजिक तथा राजनीतिक विकृति विसङ्गति भ्रष्टाचार, दुराचारको विपक्षमा सशक्त रूपमा कलम चलाई समतामूलक समाजको कामना गरेका छन् । शैक्षिक अवस्थाको कमजोरीलाई ठूला भनाउँदा भन्नेहरूले आफूलाई अझ कमाउने अवसरको रूपमा लिएको र यही कारणले आर्थिक स्तरमा पनि अधिक भिन्नता रहेको प्रति असन्तुष्ट रही समानताको वकालत गर्दछन् । व्यञ्जनायुक्त शीर्षकीकरण साथै सङ्ग्रहभित्रका कविताहरूमा व्यञ्जनायुक्त अभिव्यक्तिले कविताको मर्मलाई उच्च बनाएको छ । सरल, सहज र सरस भाषा शैलीले पाठकलाई जीवन जगत बुझ्न सजिलो भएको छ । बिम्ब र प्रतीक तथा कविताभित्रको लय योजनाले कवितामा मिठास अभिव्यक्ति प्रस्तुत भएको छ ।

## ४.४ सूर्योदय कवितासङ्ग्रहको अध्ययन

### ४.४.१ विषय परिचय

कवि गुलाव खेतानद्वारा लिखित 'सूर्योदय' कविता सङ्ग्रह प्रजातन्त्रको उदयपछि वि.सं. २०४७ सालमा भएको हो । यस **'सूर्योदय'** कविता सङ्ग्रहमा एघारवटा कविताहरू रहेका छन्: उपसंहार, खुलामञ्च, सडकमा उत्रेपछि, परिवतर्नको लहर, हुरीको वेग, टुक्रिएको पर्खाल, सहिदहरूको सपना, खण्डन, अपरेशन डेमोक्रेशी, कर्फ्यूको बेला र सूर्योदय । 'उपसंहार' देखि आरम्भ भएको यस कविता संग्रहमा सूर्योदय नामक अन्तिम कवितासम्म नेपाली जनताले आफ्नो देशमा प्रजातान्त्रिक परिपाटीको स्थापना गर्न जीवनकै बाजी थापेका महत्त्वपूर्ण ऐतिहासिक घटनाहरूको उठान भएको छ । वि.सं. २०४६ साल फागुन ७ गते वि.सं २०४६ चैत्र २६ गते सम्मको आन्दोलनको प्रभाव प्रजातन्त्रको पक्षमा चालिएका कदमहरूलाई यस कविता सङ्ग्रहले टिपेको छ । निरङ्कुश पञ्चायतको उपसंहार भई प्रजातन्त्र र स्वतन्त्रको उदय भएको छ । सहिदहरूको त्याग, तपस्या र बलिदानबाट

लोकतान्त्रिक सूर्यको उदय भयो र त्यही सूर्योदयको अर्चनालाई समेटेर प्रस्तुत कविता सङ्ग्रह जन्माउने प्रयास भएको देखिन्छ । गुलाब खेतानको "**सूर्योदय"** कवितासङ्ग्रह २०४७ मा प्रकाशित राष्ट्रिय स्वतन्त्रताका लागि हरेक मानवप्रति गरिएको आह्वानको कृति हो । एघार वटा कविताहरू भएको प्रस्तुत सङ्ग्रहमा वि.सं. २०४६ सालको सम्झनालाई गद्य कविताका माध्यमबाट ताजा गराइएको छ । प्रजातन्त्रको प्राप्तिका लागि आफ्नो ज्यान चढाउने अमर सहिदहरूप्रति यो सङ्ग्रहका कविताहरू समर्पित रहेका छन् । प्रस्तुत अध्ययनमा कविता तत्त्वका आधारमा "**सूर्योदय"** कविता सङ्ग्रहको अध्ययन विश्लेषण गरिएको छ ।

### ४.४.२ शीर्षक

निरङ्कुश शासन पञ्चायत कालीन अन्धकारको रातलाई बिदा गरेर प्रजातन्त्रको सुनौला आभा छरेका कारण यो 'सूर्योदय' शीर्षक स्वागत योग्य देखिन्छ । यस सङग्रहभित्र भएका शीर्षकहरू कविताबाट सोझै निकालिएको अभिधात्मक शीर्षकहरू परिवर्तनको लहर, सडकमा उत्रेपछि, सहिदहरूको सपना, अपरेशन डेमोक्रेसी, कर्फ्यूका बेला हुन् । व्यञ्जना अर्थमा प्रयोग गरिएका शीर्षकहरू उपसंहार, खुलामञ्च, हुरीको वेग, टुक्रिएको पर्खाल, खण्डन, 'सूर्योदय' हुन् । गुलाब खेतानद्वारा लिखित 'सूर्योदय' (वि.सं २०४७) कविता सङ्ग्रहभित्र एघार वटा कविताहरू समावेश भएका छन् । 'उपसंहार' बाट प्रारम्भ भएको यो कविता सङ्ग्रह 'सूर्योदय' मा टुङ्गिनु समय सापेक्ष, स्वाभाविक र स्वागत योग्य भएको छ । निर्दलीय निरङ्कुशतामा निसास्सिएका जनता उनन्तीस वर्षसम्म उकुसमुकुस र उत्पीडनको बाँध फुटाएर सङ्घर्षको मैदानमा गएर विजयको झण्डा फर्फराएको अभिव्यक्तिलाई यस सङ्ग्रहका कविताहरूको मुख्य विषयवस्तु बनाएका छन् । कविता सङ्ग्रह 'सूर्योदय' को शीर्षक नै प्रतीकात्मक रहेको छ । एक शब्दले बनेको सङ्ग्रहको नाम 'सूर्योदय' ले अँध्यारो, असहज, कठिन एवम् पीडाबाट मुक्ति पाए पछिको उज्यालोलाई सङ्केत गर्दछ । यस सङ्ग्रहमा सङ्ग्रहित कविताहरू एकदेखि दुई शब्दका शीर्षकमा संरचित छन् । एक शब्दका शीर्षक भएका कविताहरू क्रमशः *'उपसंहार', 'खण्डन' र 'सूर्योदय'* हुन् भने *'खुला मञ्च' 'सडकमा उत्रेपछि' 'परिवर्तनको लहर', 'हुरीको वेग', 'टुक्रिएको पर्खाल', 'सहिदहरूको सपना', 'अपरेशन डेमोक्रेशी' र 'कर्फ्यूको बेला'* जस्ता कविताहरू दुई शब्दले बनेका शीर्षकहरू हुन् ।

### ४.४.३ संरचना

कविता संरचक तत्त्वहरूबाट निर्मित एक विशिष्ट प्रकारको रचना हो । तसर्थ यसमा भित्री र बाहिरी तहमा संरचना हुने गर्दछ । बाह्य संरचनालाई लय, गुण, पाउ, चरण, पङ्क्तिपुञ्ज, शब्दगुच्छाको संयोजनबाट निर्माण गरिन्छ । भित्री संरचना कविको कथनको सोभ्गो कथन, आख्यानीकृत कथन नाटकीकृत कथनका स्थूल र सूक्ष्म पद्धतिलाई हेरिन्छ ।[९५] यिनै आधारमा रहेर कविताहरू विश्लेषण गरिन्छ ।

बाह्य संरचना अन्तर्गत लयगत आधारमा यसका सम्पूर्ण कविताहरूमा मुक्त गद्य लयमा संरचित छन् । **सूर्योदय** कवितासंग्रहका कविताहरूमा पङ्क्तिहरू एकै प्रकारले विनियोजन गरिएको छैन । गद्य कविताको मनोरम छटा भएका यहाँका कविताहरूमा लामा र छोटा छोटा पङ्क्तिहरूको संयोजन पाइन्छ । छोटामा ११ पङ्क्ति (खुलामञ्च) देखि लामामा ६५ पङ्क्ति (उपसंहार) सम्मका कविताहरू पाइन्छन् । पङ्क्तिमा शब्दको र अक्षरको संयोजन पनि फरक गरिएको छ । छोटामा (उपसंहार) एक अक्षर एक शब्द र सडकमा उत्रेपछि लामामा १० शब्द सम्म रहेको छ । यस कविता सङ्ग्रहका कविताहरू कुनै निश्चित अनुप्रासीय ढाँचालाई भने अपनाइएको देखिदैंन । कविता संरचनामा कुनै निश्चित भाव वा अनुच्छेदको व्यवस्था यस सङ्ग्रहमा पाइदैन । पूर्णविराम, प्रश्नवाचक, र विस्मयादिबोधक चिह्नले अनुच्छेद विनियोजित गरिएको छ ।

'सूर्योदय' सङ्ग्रहका कवितामा आकार आयामका दृष्टिले छोटा फुटकर कविताकै सङ्कलन भएको हुनाले पनि संरचनागत आयाम समान छैनन् । विषयवस्तुका दृष्टिले हेर्दा तत्कालीन निरङ्कुश शासन व्यवस्था र शासकहरूले सताइएका कारणले गर्दा कविता भित्र व्यङ्ग्य पाइन्छ । त्यसरी नै नेपाली समाजको दारुणता र बर्वरताको यथार्थ अभिव्यक्ति पनि कवितामा पाइन्छ । जीवनमूल्यका खोजमा नेपालीहरूले भोग्नु परेको युगीन जटिलतालाई प्रतिकात्मक ढङ्गले व्यक्त गरिएको छ । हरेक नेपाली समुदायमा दुर्भाग्यपूर्ण अवस्थाप्रतिको तीक्ष्ण अभिव्यक्ति पाइन्छ । संवेदना, आक्रोश, असहमति र विद्रोहलाई कविको शिल्पीले कलात्मक ठाउँ दिएको छ । त्यसैले यस कविताको आद्यानुप्रास, मध्यानुप्रास तथा आन्तरिक संरचना व्यापक विस्तृत रूपमा अभिव्यक्ति आयामको विस्तारले कविताहरू मार्मिक ठहर्छन् ।

---

[९५] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य पूर्ववत् ,पृ.३३४ ।

गुलाब खेतानको "**सूर्योदय"** कविता सङ्ग्रहमा लामा - छोटा गरी जम्मा एघार वटा कविताहरू रहेका छन् । *"उपसंहार", "खुल्ला मञ्च", "सडकमा उत्रेपछि", "परिवर्तनको लहर", "हुरीको वेग", "टुक्रिएको पर्खाल", "शहीदहरूको सपना", "खण्डन", अपरेशन डेमोक्रेसी", "कर्फ्यूको बेला", "सूर्योदय"* जस्ता शीर्षकका कविताहरू रहेका छन् ।

प्रस्तुत कवितासङ्ग्रह भित्रका कविताहरूलाई हेर्दा लामा कविताहरूमा क्रमश: *"उपसंहार", "सडकमा उत्रेपछि", "हुरीको बेग", "खण्डन", "अपरेशन डेमोक्रेसी", "कर्फ्यूको बेला"* हुन् भने *"खुलामञ्च", "परिवर्तनको लहर", "टुक्रिएको पर्खाल", "शहीदहरूको सपना", र "सूर्योदय"* छोटा कविताहरू हुन् । लामा छोटा गरी एघार वटा कविताहरूको संरचित प्रस्तुत सङ्ग्रहले युग चेतनालाई बोकेको प्रसङ्गलाई यसरी देखाउन सकिन्छ:

इतिहासका पानाहरूमा आज रगतले लेखिएका ती पृष्ठहरूमा
सैयौँ शहीदहरूको अनुहार टाँसिएको छ
स्वतन्त्र देशका स्वतन्त्र नागरिक भइ बाँच्ने
सपना गाँसिएको छ । *(उपसंहार, पृ. २)*

कविले सहिदको सपनालाई भुलेका छैनन् । नेपाली माटो र नेपाली पहिचानलाई जोगाउनका लागि कविले व्यङ्ग्यात्मक कविताका माध्यमबाट जनतालाई यसरी सचेत बनाउन चाहेका छन्:

यै हो त्यो खुलामञ्च
जो खुला भएर पनि सधै बन्द थियो ।
सत्तासीनहरूले मानव अधिकारको खुल्लमखुल्ला
दुरूपयोग गर्न पाएकोले नै यस मञ्चको नाम
खुलामञ्च हुन गएको हुनुपर्दछ । *(खुलामञ्च, पृ. ४)*

प्रस्तुत सङ्ग्रह भित्रका कविताहरूले प्रजातान्त्रिक मूल्य र मान्यताका लागि नेपालीहरूको गरेको त्याग र बलिदानलाई प्रस्तुत गरेका छन् । अधिकांश कविताहरूमा आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको उचित संयोजन रहेको छ । यिनै संरचनायुक्त घटकहरूले कवितालाई लयात्मक र श्रुतिमधुर तुल्याएको छ ।

### ४.४.४ लयविधान

वार्णिक मात्रिक भित्री बाहिरी लय मिलेको पद्य कविता हुन्छ भने गद्यमा भित्री लय प्रधान बनाएर लेखिएको अन्तर्लय प्रधान गद्य कविता हुन्छ ।[९६] कवि गुलाब खेतानको कविता सङ्ग्रह 'सूर्योदय' मा ११ वटा गद्य कविताहरू रहेका छन् । मुक्तलयमा संरचित उनका गद्य कविताहरूमा सहज रूपमा लय, भाव, र भाषाका बीचमा तादाम्य पाइन्छ । साङ्गीतिक र सुन्दर भाषाको प्रयोगले कवितालाई सुमधुर र गेयात्मक बनाएको छ । गद्य कविता भए तापनि उनको कविताहरूमा सहज रूपमै अनुप्रासको प्रयोग भएको छ । यसका पुष्टिका लागि अत्यानुप्रासीय लयविद्यान प्रयोग भएको उदाहरण प्रस्तुत गरिन्छ ।

अन्त्यानुप्रास प्रयोग भएका केही कवितांशहरूलाई यसरी देखाउन सकिन्छः

क) यस हुरीको वेगले बगाएर लग्यो एउटा साम्राज्यलाई
यस हुरीले दियो एउटा नयाँ चेतना जनमानसलाई । *(हुरीको वेग,पृ.९)*

ख) जब ज्यानको मोह शरीरको माया त्यागिन्छ
तब देश-प्रेम माटोको माया उम्रिन्छ । *(सडकमा उत्रेपछि, पृ. ५)*

ग) तर जब जब पर्खालहरू टुक्रिन्छन् या फेखिन्छन्
त दुई अलग भएका हृदयहरू जोडिन्छन् । (*टुक्रिएको पर्खाल, पृ. १०)*

घ) खानाप्रति विरक्ति ल्यायो - भोक नै हरायो
अनि त अँध्यारोमा नै प्रजातन्त्रको उज्यालो
देखा पर्न थाल्यो । (*कर्फ्यूको बेला, पृ. १६)*

माथिका कवितांशमा (क)आद्यानुप्रास र अन्त्यानुप्रास आएका छन् ।(ख),(ग),(घ)मा त्यागिन्छ-उम्रिन्छ, फेरिन्छन्-जोडिन्छन्, हरायो-उज्यालो जस्ता अन्त्यानुप्रासले कवितामा लयात्मकता थपेका छन् ।

### ४.४.५ भाषाशैली

कवितामा भाव र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नको लागि भाषाको प्रयोग गरिन्छ । यस्तो भाषाको वर्ण, पद शब्दले रागात्मकता, लयमयता लालित्य र माधुर्य संयोजन

---

[९६] ऐजन ,पृ.३३८ ।

गर्न सक्नु नै शैली हो ।[१७] कवि खेतानका कवितामा, तत्सम, तद्भव, आगन्तुक शब्दको प्रयोग अनुप्रासीयता, आलङ्कारिक भाषा प्रयोग र स्पष्ट अभिव्यक्तिका कारणले उनको भाषा क्लिष्ट नभई सम्प्रेषणीय छ । कवि गुलाब खेतानले प्रस्तुत सङ्ग्रह भित्रका कविताहरूमा आवश्यकता अनुसार अल्पविराम (,), उद्धहरण चिन्ह (" "), आश्चार्यबोधक/ विस्मयादिबोधक चिन्ह (!), पूर्ण विराम चिन्ह (।), प्रश्नवाचक चिन्ह (?), योजक चिन्ह (-) को प्रयोग गरेका छन् । उनले प्रयोग गरेको भाषाशैली यस प्रकार देखाउन सकिन्छ ।

गुलाब खेतानद्वारा लिखित "सूर्योदय" कविता सङ्ग्रहभित्रका कविताहरूमा सम्बोधनात्मक, प्रश्नात्मक, संवादात्मक र आत्मालापीय भाषा शैलीको प्रयोग गरिएको छ । जुन प्रसङ्गलाई निम्न साक्ष्यका माध्यमबाट प्रस्तुत गरिन्छः

(क) शिव र बुद्धको देशमा हिटलरका सैनिकहरूको बूटको पुनरावृत्ति
किन र कसरी भयो ?
एउटा "अवतार" नर पिशाच किन र कसरी भयो ?(*उपसंहार, पृष्ठः १)*

(ख) यै हो त्यो खुलामञ्च
जो खुला भएर पनि सधै बन्द थियो । *(खुलामञ्च, पृ. ४)*

(ग) मलाई सम्झना हुन्छ बर्लिनको पर्खालको
जन आक्रोशको अगाडि त्यस विशालकाय पर्खाललाई
टुक्रिनु परेको थियो । (*टुक्रिएको पर्खाल, पृष्ठ १०)*

(घ) ब्लाक आउटको सहयोगी भएर
बस्नु बाहेक केही लागेन । *(कर्फ्यूको बेला, पृष्ठ, १६)*

(ङ) ट्रक, एम्बुलेन्समा भरिएर लगिए
मरेका, घायल सबैको सामूहिक दाह भयो । *(अपरेशन डेमोकेसी, पृ.१४)*

माथिका साक्ष्यहरूलाई हेर्दा उदाहरण (क) कविताको भाषा शैली प्रश्नात्मक देखिन्छ भने (ख) र (ग) सम्बोधनात्मक, संवादात्मक र आत्मालापीय रहेको देखिन्छ ।

[१७] ऐजन , पृ. ३३६ ।

कविताभित्र तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग पनि समान रूपले भएको देखिन्छ ।

कवि खेतान तत्सम, तद्भव र आगन्तुक शब्दहरूको समुचित प्रयोग गर्दै सम्प्रेषणीय रूपमा प्रश्नात्मक वर्णनात्मक, संवादात्मक, विद्रोहात्मक, व्यङ्ग्यात्मक, सम्बोधानात्मक, आत्मालापीय प्रथम, तृतीय पुरुषात्मक, स्वच्छन्दतावादी प्रगतिवादी, भाषाशैली प्रयोग गरी लयात्मक गद्य कविता रचना गरेका छन् । यिनै भाषाशैलीगत विशेषताहरू उनका कवितामा पाइन्छन् ।

### ४.४.६ कथनपद्धति

कथनपद्धति कविताको महत्त्वपूर्ण घटक हो । कविता मूलतः आत्मालाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथनकला हो ।[९८] कविले आफै सिधै कुनै कविता कथन गर्दछ भने त्यसलाई कविप्रौढोक्ति कथनपद्धति भनिन्छ भने कवि आफू तटस्थ बसी तृतीय पुरुष वक्ताद्वारा कविता भन्न लगाउँछ भने त्यसलाई कविनिबद्ध प्रौढोक्ति भनिन्छ । गुलाब खेतानद्वारा लिखित “सूर्योदय” कविता सङ्ग्रहमा भएका जम्मा एघार वटा कविताहरूमा नौ वटा कविताहरू कविनिबद्ध प्रौढोक्ति ढाँचामा लेखिएका छन् भने अरु दुई वटा कविताहरू कविप्रौढोक्ति ढाँचामा लेखिएका छन् । कवि प्रौढोक्ति ढाँचामा लेखिएका कवितांशलाई यसरी देखाउन सकिन्छः

(क) मलाई सम्झना हुन्छ बर्लिनको पर्खालको
जन आक्रोशको अगाडि त्यस विशालकाय पर्खाललाई
टुक्रिनु परेको थियो । *(टुक्रिएको पर्खाल, पृ.१०)*

(ख) मेरो स्मृतिमा ताजा रूपमा अंकित छ
त्यस दिनको समाचार बुलेटिनका शब्दहरू
जबअसत्य, आधारहीन, तत्यहीन हुँदै वास्तविकतालाई बग्याई ।
*(खण्डन, पृ. १२)*

[९८] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) पूर्ववत्, पृ. १९ ।

माथिका दुवै कवितांशमा कवि आफै गुनगुनाएका छन् । यो उनको एकल वा आत्मालापीय कथनपद्धति हो । कविले आफैले आफूलाई सम्बोधन गरेका छन् । त्यसैले यसमा प्रथमपुरुषीय एकवचन कथनपद्धति रहेको छ। यसलाई कविप्रौढौक्ति भनिन्छ।

(क) सिउँदोमा सिँदुरको सट्टा
रगतको टीका लगाएका छन्
आज सहिदहरूको स्मृतिचिन्ह नै तिलहरी भएको छ। *(हुरीको वेग, पृ. ९)*

(ख) केही पायौ तर सम्पूर्णता प्राप्त भएन
प्रसन्नता भयो तर सन्तुष्टि भएन ।*(अपरेशन डेमोक्रेसी, पृ.१५)*

(ग) उसलाई रोक्ने क्षमता कसैमा हुँदैन
उसको शिरमा उसको देशको माटोले
जब शुभाशिषको रूपमा स्थान ग्रहण गर्छ। *(सडकमा उत्रेपछि, पृ. ६)*

माथिका कवितांशमा कवि आफू तटस्थ बसेर तृतीय पुरुष वक्ताद्वारा वर्तमान युगको बारेमा वर्णन गर्न लगाएका छन् । यसकारण यहाँ तृतीयपुरुष कथनपद्धति अर्थात कविनिबद्ध प्रौढोक्ति ढाँचाको प्रयोग भएको छ।

समग्रमा भन्नुपर्दा गुलाब खेतानको "सूर्योदय" कविता सङ्ग्रहका कविताहरू प्रथम पुरुषीय कथनपद्धति र तृतीय पुरुषीय कथनपद्धति दुवै ढाँचामा रहेका छन् ।

### ४.४.७ भावविधान

गुलाब खेतानद्वारा लिखित **"सूर्योदय"** कविता सङ्ग्रहभित्रका कविताहरूले उज्यालोको चाहनासँगै प्रजातन्त्र र स्वतन्त्रताको इच्छा प्रकट गरेका छन् । राष्ट्रनिर्माण कार्यमा आफ्ना स्वार्थी भावना त्यागेर देशका लागि नै आफूलाई सुम्पनु पर्ने वास्तविकतालाई यस सङ्ग्रहका कविताहरूले प्रस्तुत गरेका छन् । कवि खेतानले गाउँ समाज राष्ट्र अन्तर्गतका सामाजिक राजनैतिक क्षेत्रमा देखिएका विकृति विसङ्गति कुप्रथालाई हटाइ स्वस्थ, स्वच्छ र सत्य समाजको स्थापना लागि आफ्ना मनमा उठेको विचारलाई समेट्दछन् । २०४७ सालमा नेपालमा प्रजातन्त्र आए पछि केही आशाका किरणहरू पलाएको विषयवस्तु

यस कवितासङ्ग्रहमा प्रस्तुत गराएका छन् । यस सङ्ग्रहभित्रका कविताहरूलाई नियाल्दा समाजका विद्यमान वर्गीय विभेद, राष्ट्रियता लया लगायत समाजमा हुने गरेका घटनाहरूको प्रस्तुति पाइन्छ । उनका कवितामा रहेको केन्द्रीय कथालाई यसरी देखाउन सकिन्छ ।

**(क) युग चेतना**

गुलाब खेतानका कविताहरूमा युग चेतना प्रखर रूपमा आएको भेटिन्छ, जसलाई निम्न साक्ष्यमा देखाउन सकिन्छः

क) इतिहासका पानाहरूमा
आज रगतले लेखिएका ती पृष्ठहरूमा
सैयौँ शहीदहरूको अनुहार टाँसिएको छ
स्वतन्त्र देशका स्वतन्त्र नागरिक भई बाँच्ने
सपना गाँसिएको छ । (*उपसंहार, पृ. २*)

ख) सपना त त्यसैले देख्छ जो सुत्छ
वा
सपना त त्यसले पनि देख्छ जो सोच्दछ
तर
कतै कतै कसैले देखेको
सोचेको सपनाको
साकार रूप दिनका लागि
स्वयम्लाई नै बलिदान गरिदिएको हुन्छ । (*सहिदहरूको सपना,पृ.११*)

ग) आज एउटा कालरात्रीको अन्त्य भएको छ
आज एउटा युगको अन्त्य भएको छ । (*उपसंहार पृ.२*)

प्रस्तुत साक्ष्य (क) मा नेपालीहरूको गौरव गाथाले भरिएको छ । उनीहरूको बलिदानीमा स्वतन्त्रताको बीज छ । स्वतन्त्रतामा जीवन छ भन्ने भाव व्यक्त भएको छ । (ख) मा आफ्नो सोच र चिन्तनलाई प्रस्तुत गर्न कर्तव्यको मैदानमा आउनुपर्छ तब मात्र सपना विपना हुन्छ भनिएको छ । कविले युग चेतना प्रकट गरेको देखिन्छ । सहिदहरूको

आफ्नो प्राणको आहुति दिएर ल्याएको प्रजातन्त्र, स्वतन्त्रतालाई जोगाउनुपर्छ भन्ने युग चेतनालाई कविले आफ्ना कवितामार्फत प्रस्तुत गरेका छन् ।

**(ख) विकृति र विसङ्गतिप्रति विद्रोह**

गुलाब खेतानद्वारा लिखित सूर्योदय कविता सङ्ग्रह भित्र विद्रोही स्वभावका कविताहरू पनि रहेका छन् । उनका कवितामा वर्तमान परिवेशमा बढ्दै गएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार भेटिन्छ, जुन प्रसङ्गलाई यसरी देखाउन सकिन्छः

यै हो त्यो खुलामञ्च
जो खुला भएर पनि सधैं बन्द थियो । *(खुलामञ्च, पृ.४)*

बेचेर, बन्धकी राखेर के पाए ?
के यही नै तिनीहरूको नियति हो ?*(खण्डन, पृ. १३)*

ट्रक, एम्बुलेन्समा भरिएर लगिए
मरेका, घायल सबैको सामूहिक दाह भयो *( अपरेशन डेमोक्रेसी, पृ.१५)*

माथिका कवितांशमा कवि गुलाब खेतानले सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा भएको विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रस्तुत गरेका छन् ।

**(ग) राष्ट्रवादी चिन्तन**

गुलाब खेतानद्वारा लिखित 'सूर्योदय' कविता सङ्ग्रहका कविताहरू देशभक्तिपूर्ण भावनाले ओतप्रोत रहेका छन् । उनका कवितामा विविध प्रकारका सङ्कटबाट मुलुकलाई जोगाउनका लागि गरिएका प्रयासहरूलाई प्रस्तुत गरिएको छ । देशलाई चारैतिरबाट चिराचिरा पारेर लुछ्नमा नै अभ्यस्त भएकाहरूलाई हराउने चाहना राखेको प्रसङ्गमा कविले भनेका छन्:

यो देशको अजिङ्गरले पनि एउटा काँचुली फेर्दैछ
अब उसको पूर्वजीवनको अन्त्य भएको छ
आज एउटा प्रचण्ड वेग भएको हुरी आएको छ

जसले ठूला ठूला रुखहरू भैं अडिग
भई बसिरहने दरबारहरूको पर्खाल नै भत्काएको छ । *(उपसंहार, पृ. ३)*

देशको प्रत्येक कुनामा फैलोस्
हामीले प्रजातन्त्रको परिभाषाको मान्यता अनुसार
देशलाई अगाडि बढाउनुपर्छ । *(सूर्योदय, पृ. १८)*

माथिका कवितांशमा कवि गुलाब खेतानले राष्ट्रको आदर्श र गौरवलाई प्रस्तुत गरेका छन् ।

हे मेरो मातृभूमिलाई स्वतन्त्रता दिलाउने सहिदहरू
तिमीहरूले देखेको सपना हामीहरूको लागि
विपनाको उपहार हो नव वर्षको ! *(शहिदहरूको सपना, पृ. ११)*

प्रस्तुत साक्ष्यमा कविले राष्ट्रियता पक्षधर राष्ट्रका सेनानिले राष्ट्र कल्याण, हित र समुन्नत कामनाका लागि आफ्नो प्राण आहुति दिए । जुन सोच र चिन्तनले सहादत प्राप्त गरे त्यस सोचले समग्र नेपालीको नयाँ जीवन बन्दछ । जहाँ समानता तथा राष्ट्रियताको पक्षमा उभिन सकिन्छ ।

**(घ) प्रजातन्त्रका उपासक**

कवि खेतान स्वतन्त्रता बिनाको जीवन प्राण बिनाको शरीर जस्तै हो भन्ने विचार राख्दछन् । स्वतन्त्रताको मन्त्र जपेर प्रजातन्त्रको उपासक बन्दछन् । प्रजातन्त्र प्राप्त भए पनि केही स्वतन्त्रता तथा अधिकार गुमेकाले सम्पूर्ण पाउनु पर्ने भाव व्यक्त यसरी व्यक्त गर्दछन्:

केही पायौं तर सम्पूर्णता प्राप्त भएन
प्रसन्नता भयो तर सन्तुष्टि भएन । *(अपरेशन डेमोक्रेसी पृ. १५)*

यस हुरीले समयानुकूल परिवर्तन ल्याएर
देशमा एउटा नयाँ वातावरण बनाएको छ
आज स्वतन्त्रताको हुरी आएको छ ।
युवतीहरूका हातले चुराको सट्टा
तरवार उठाएका छन् । *(हुरीको वेग - ९)*

यसरी कवि प्रजातन्त्रको सुगन्धले निरङ्कुशताको दुर्गन्धलाई हटाइएको बताउँछन् ।

**(ङ) मानवतावादी चिन्तन**

कवि खेतान, मानव स्वतन्त्रतापूर्वक जीउन पाउनुपर्छ । कसैको अधिनमा तथा मानव जन्म शोषकबाट शोषित हुनका लागि भएको होइन । यो त बरु उत्कृष्ट भावना विचारका लागि हो भनी कविले, समाजका अन्याय, अत्याचार, दुराचार, दमन, शोषणप्रति प्रहार गरी मानवतावादी चिन्तन यसरी प्रस्तुत गर्दछन् ।

ठूला ठूला सैनिक सत्ताधारी वादशाह
शहंशाहहरूको आसन नै हल्लिएको छ
जव आवाजको भयङ्कर गर्जनको अगाडि
अन्यायी अत्याचारीहरूको आवाज पनि शान्त भएको छ
यस परिवर्तनको स्वरमा जन भावनाको
संगीतको सम्मिश्रण छ ।
उनीहरूको लागि नयाँ विहानी आउने
सुसमाचारको शुभ संकेत छ । (*परिवर्तनको लहर, पृ.७*)

**४.४.८ बिम्ब तथा अलङ्कार**

सर्जकका मानसपटलमा रहेको मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै बिम्ब हो ।[९९] बम्बलाई अनेक ढङ्गले प्रयोग हुने तथा प्रयुक्त शब्दका सन्दर्भबाट निर्मित हुने एउटा तत्त्व मानिन्छ । बिम्ब शब्दले देखिने चिजलाई सङ्केत गरे पनि कवितामा बिम्बको तात्पर्य कुनै इन्द्रियजन्य अनुभवलाई जनाउने एउटा शब्द वा शब्दहरूको अनुभवलाई जनाउने एउटा शब्द वा शब्दहरूको अनुक्रम वा शृङखला भन्ने हुन्छ । यस्तो प्रकारको अनुभव, दृश्य, श्रव्य स्पर्श, स्वाद र गन्धबाट गर्न सकिन्छ ।[१००] अलङ्कारको शाब्दिक अर्थ गहना वा आभुषण हो । कवितामा अलङ्कारको विशिष्ट भूमिका हुन्छ । यसले कवितालाई लयात्मक उल्याउन र भावसौन्दर्यको अभिवृद्धि गर्न मद्दत पुऱ्याउँछ ।

[९९] लक्ष्मणप्रसाद गौतम , पूर्ववत् १ ।
[१००] खगेन्द्रप्रसाद लुइटेल , पूर्ववत् , पृ. ११८ ।

कवि गुलाब खेतानको “**सूर्योदय**” सङ्ग्रहभित्रका कविताहरूमा पनि विभिन्न प्रकारका भेषभूषा र कलासंस्कृतिको बिम्ब उनका कवितामा भेटिन्छ । उनका कवितामा हिटलरको बुट, नरपिशाच, खुलामञ्च, पञ्चायती हावा, बर्लिनको पर्खाल, शिव, बृद्ध आदिजस्ता बिम्बहरूको प्रयोग गरिएको छ ।

खेतानका कविताहरूमा अलङ्कारको पनि प्रयोग भएको छ, जुन प्रसङ्गलाई यसरी देखाउन सकिन्छ:

(क) आकाशबाट नै तिनका हातहरूले
अविरल पुण्य वर्षा गरेका छन् । *(उपसंहार, पृ. २)*

(ख) सिउँदोमा सिंदुरको सट्टा रगतको टीका लगाएका छन्
कसले भन्छ तिलहरी नै चाहिन्छ
यिनीहरूलाई । *(हुरीको वेग, पृ. ९)*

(ग) सगरमाथा झैं यसको उचाइको
सम्मान गर्नुपर्छ
अनिमात्र
हामीले सूर्योदयको सत्यतालाई
प्रमाणित गर्न सक्छौं । *(सूर्योदय, पृ. १८)*

माथिका कवितांशमा क्रमशः “क” मा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ । “ख” मा लोकोक्ति अलङकार प्रस्तुत भएको छ । “सिंदुर”, “रगतको टीका”, “तिलहरी” आदि जस्ता शब्दहरू लोककथनका रूपमा आएका छन् । त्यसैगरी “ग” मा “सगरमाथा झैं” भनेर उपमा अलङ्कारको प्रयोग भएको छ ।

समग्रमा एघारवटै कवितामा शब्दको पुनरावृत्ति, आध्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग भएका छन् जसले गर्दा कविताहरू सङ्गीतमय एवम् लयात्मक बनेका छन् ।

### ४.४.९ निष्कर्ष:

गुलाब खेतानद्वारा लिखित **"सूर्योदय"** कविता सङग्रहमा जम्मा एघार वटा कविताहरू सङग्रहित गरिएको छ । एघारवटै कविताहरूले प्रजातन्त्र प्राप्तिका लागि सहिदहरूले गर्न परेको त्याग तपस्याको सम्मान तथा समाजमा भएका विकृति र विसङ्गतिको तीव्र विरोध गरेको छ । मानव निरङ्कुशतामा बस्न परेको र समाजका दुराचारीहरू शक्तिको भरमा मानवतालाई तिलाञ्जलि दिएका छन् । समाजको विकृति र विसङ्गतिलाई हटाउन हामी स्वयम् जागरुक हुनुपर्छ तब मात्र भावी पिँढीले स्वतन्त्रताको अनुभूति गर्न पाउँछन् भन्ने अभिव्यक्ति कविले प्रस्तुत गरेका छन् । भोलिको सुन्दर देशको परिकल्पनामा समेटिएका सबै गद्य कविताहरूमा भाव पक्ष पनि सबल रहेको छ । विद्रोही चेतना, युग चेतना, राष्ट्रवादी चिन्तन, बिम्बात्मक र अलङ्कारयुक्त अभिव्यक्ति, भाषाशैली जस्ता पक्षहरू यस सङ्ग्रहमा अब्बल रहेका छन् ।

## ४.५. कवि गुलाब खेतानका साहित्यिक यात्रा तथा कवितागत प्रवृत्तिहरू

### ४.५.१ साहित्यकार गुलाब खेतानका साहित्यिक यात्रा

गुलाब खेतानको साहित्यिक लेखनमा प्रवेश गरेको अवस्थादेखि देहावसान सम्मको अवधिलाई उनको साहित्यिक यात्राको दृष्टिबाट नियाल्न सकिन्छ । गुलाब खेतानले सर्वप्रथम **'हाउ टु एनलाइसिस**'नामक कविता (How to analysis) वि.सं. २०१२ मा विद्यालयमा वाचन गरेपछि यिनको साहित्यिक यात्राको आरम्भ विन्दु मान्न सकिन्छ । बहुभाषाका ज्ञाता गुलाब खेतानले लामो समयको अन्तराल पछि पुस्तकाकारका रूपमा '**अँध्यारो आकाशका आँखाहरू'** (२०४६) कविता सङ्ग्रह, **'आलोक अन्तः करणरको**' (२०४६) लघुकथा सङ्ग्रह र '**जीवनसार सफलताका खुड्किलाहरू**' ( २०४६) निबन्ध सङ्ग्रह र '**सूर्योदय'** (२०४७) कविता सङ्ग्रह प्रकाशित गरेका छन् । यसै आधारमा उनको साहित्यिक यात्रालाई प्रस्तुत गर्न सकिन्छ ।

क) आभ्यासिक चरण - (२०१२-२०४५सम्म)

ख) स्थापित चरण - (२०४६/२०४७)

**(क) आभ्यासिक चरण**

गुलाब खेतानले आफूलाई साहित्य यात्रामा स्थापित गराउनु भन्दा अगाडिको समयलाई यस चरणमा राखिन्छ । यस समयमा उनले कविता कोर्ने अन्य विषय वस्तुको ज्ञान बटुल्ने र त्यसलाई आफ्नो सिर्जनाको मेरुदण्ड बनाउने समय मानिन्छ । यस समयमा उनका पुस्तकाकार कृति देखिँदैनन् । तसर्थ यस आभ्यासिक चरणलाई टेकेर उनको स्थापित काल भएको मान्न सकिन्छ ।

**ख) स्थापित चरण (२०४६/२०४७)**

यो समय गुलाब खेतानको साहित्यिक यात्राको उर्वरकाल पनि हो । यस चरणमा उनको दुई कविता सङ्ग्रह '**अँध्यारो आकाशका आँखाहरू**' (२०४६) **'सूर्योदय'** (२०४७) प्रकाशित छन् । यसका साथै उनले लघुकथा तथा निबन्ध सङ्ग्रह क्रमशः'आलोक अन्तःकरणको' र 'जीवनसाथ सफताका खुड्किलाहरू' प्रकाशित गरेका छन् यसकारण उनी कवि, कविमात्र नभई कथाकार रकथाकार मात्र नभई निबन्धकार हुन् । उनले कविता, कथा, निबन्धका तीन विधामा कलम चलाएका छन् । उनका साहित्यिक व्यक्तित्वमा कवित्वपन बढी देखिन्छ । उनले 'अँध्यारो आकाशका आँखाहरू' कविता सङ्ग्रहमा छ्यालिस् र 'सूर्योदय'मा एघार कविताहरू समावेश गरेका छन् । प्रस्तुत पुस्तककार प्रकाशित गरेपछि अन्य छुट्टै कुनै कृति प्रकाशित गरेका छैनन् । यसर्थ उनको स्थापित काल २०४६/२०४७ लाई मान्न सकिन्छ ।

उनले आफ्ना रचनाहरूको विषयवस्तु सामाजिक विभेद, आर्थिक असमानता, राजनैतिक चलखेल, निरङ्कुशतालाई लिएका छन् । यसै आधारमा उनका काव्य प्रवृत्ति दर्शाउन सकिन्छ ।

**४.५.२ कवि गुलाब खेतानका कवितागत प्रवृत्तिहरू**

कुनै पनि कविका कवितागत प्रवृत्तिहरू खोज्नका लागि कविद्वारा रचित कविताहरूको अध्ययन गर्न जरुरी छ । कविद्वारा रचित 'अँध्यारो आकाशका आँखाहरू' (२०४६) र 'सूर्योदय' ( २०४७) नै उनका काव्यप्रवृत्ति आधारहरू हुन् । कविताहरूमा प्रयोग

भएका विषयवस्तु तथा भाषिक संरचना आदि भित्र उनी आफूलाई कविका रूपमा स्थापित भएका छन् । तिनै उनका विशेष प्रवृत्तिहरू निम्नानुसार प्रस्तुत गरिन्छ ।

**(क) राष्ट्रप्रेम**

कवि माटामा खेल्छन्, यसैमा रमाउँछन् यसैलाई पूजा गर्छन् । जब राष्ट्रमा निरङ्कुशताको जर्जर दमन र शोषकका शोषणबाट मुक्ति पाउन पनि देश प्रेमको आवश्यकता महसुस गर्छन्:

सडकमा उत्रेपछि
उसले केवल देश र देशको माटो मात्र देख्छ
जसको स्वतन्त्रता, सार्वभौमिकता
सुन्दर स्वरूपको लागि
ऊ आफ्नो तनमन र सर्वस्व
अर्पण गर्न तम्सन्छ
*(सडक उत्रेपछि -६ 'सूर्योदय')*

मातृभूमिको रक्षाका लागि, मानव स्वतन्त्रताका लागि आवाज उठाउन पाउनु सौभाग्य हो र त्यो अवसरबाट वञ्चित नभई राष्ट्र कल्याणका लागि प्राण उत्सर्ग गर्न तयार भएर प्राण आहुति दिएकाको मर्म  कर्मले पूरा गर्नुपर्छ भन्ने कुरा कवि यसरी अभिव्यक्ति दिन्छन्:

साकार रूप दिनको लागि
स्वयंलाई नै बलिदान गरिदिएको हुन्छ
अरुलाई खुला वातावरणमा सास फेर्ने
सुअवसर दिनका लागि
ऊ त सहिद बनिसकेको हुन्छ ।
*(शहीदहरूको सम्झनामा पृ. ११ 'सूर्योदय')*

मानवमा द्वेष र इर्ष्या बढिरहेको अवस्थामा जव देश रहदैंन तब मेरो अस्तित्त्व रहन्न आफ्नो राष्ट्रियता प्राण हो भनी सबैलाई देशको रक्षा गर्नका लागि यसरी प्रस्तुत हुन्छन्:

देश प्रेमको तिलक लगाई राग द्वेषको विश्वमा

तिम्रो लागि उत्सर्ग हुनु त्यही नै मेरो मान
तिमी नै मेरी आमा
जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
सवै शास्त्रले बताए, यही नै उत्तम ज्ञान
तिमी नै मेरी आमा ।

*(आमा पृ. १, अँध्यारो आकाशका आँखाहरू)*

भौगोलिक विविधताको विचित्रताले सुन्दरतालाई भरिपूर्ण बनाएको जुन सगरमाथाको अटल विश्वास र नदीहरू जस्तो कञ्चन हृदय नेपालीको भएको कुरा कवि उल्लेख गर्दछन्:

मेरो मुटुको ढुकढुकीमा
मेरो देशको झरनाहरूको सङ्गीत बज्छ
पाखुरीहरूमा सगरमाथाको अटल विश्वास छ ।

*(साइनो पृ.२, अँध्यारो आकाशका आँखाहरू)*

कवि खेतानका 'धरहराको कुरा' मृत्युघण्ट, भूकम्प, मलाई पनि कुल्चोस्, नयाँ बिहानी आदि कविताहरू धर्तीलाई धारण गर्ने तथा राष्ट्रलाई प्रेम गर्ने कविताहरू हुन् । उनका कविताहरूमा राष्ट्र राग रागिलो भएको छ ।

**ख). प्रकृतिप्रेम**

मानव प्रकृतिबाट कदापि अलग रहन सक्दैन । प्रकृतिकै काखमा हुर्के, बढेकाले उनका कविताहरूमा, प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको छ भन्ने प्रस्तुति पाइन्छ :

समयका बलिया पखेटाहरूले
बर्सादको मौसममा
यस बाटाले आफ्नो अनुहार
फेरे जस्तो लाग्छ
खोलाको स्वच्छ पानीले
पीर व्यथा पनि धोए जस्तो लाग्छ ।

*(जमेको जस्तो लाग्छ, पृ. ४, अँध्यारो आकाशका आँखाहरू')*

प्रस्तुत कवितांशमा कविले प्रकृतिको मानविकीकरण गरी प्रकृति मानव सेवामा तल्लीन भएको भाव अभिव्यञ्जित गर्छन् ।

नदीका अपार जलराशी झैं
सीमित शक्ति प्रवाहित भै रहेछ
अनुहारमा
लाली गुराँसको लालीमा
आँखामा
नौरङ्गी डाँफेहरू अनेकानेक रङ्गहरूको
इन्द्र धनुष लहरिरहेछ
यी सबको
सधै उपस्थितिले
मेरो र मेरो देशको साइनोलाई
प्रमाणित गरेको छ ।
*(साइनो - २ अँध्यारो आकाशका आँखाहरू)*

**ग) क्रान्तिकारिकता**

कवि आफ्नो कविता मार्फत शोषण, दमन अन्याय अत्याचार विरुद्ध जाग्न आग्रह गरेका छन् । मानवीय संवेदना स्वतन्त्रतामा निहीत हुन्छ । स्वतन्त्रताको तिलाञ्जलि दिएर प्रजातन्त्रको मलामी जान सकिदैन । सङ्घर्ष तथा एकीकृत आवाजले मात्र निरङ्कुशताको भुमरीमा रुमल्लिएकाले गति लिन पाउँछन्  भन्ने अभिव्यक्ति मुखरित गरेका छन् ।

ठूला ठूला सैनिक सत्ताधारी बादशाह
शहंशाहरूको आसन नै हल्लिएको छ
जन आवाजको भयङ्कर गर्जनको अगाडि
अन्यायी अत्याचारीहरूको आवाज पनि शान्त भएको छ ।
*(परिवर्तनको लहर पृ. ८, सूर्योदय)*

मलाई सम्झना हुन्छ वर्लिनको पर्खालको
जन आक्रोशको अगाडि त्यस विशालकाय पर्खाललाई

टुक्रिनु परेको थियो ।
*(टुक्रिएको पर्खाल - १०, सूर्योदय)*

आज उसको बोलीमा
परिवर्तनको स्वर बल्झिएको छ
आँखामा प्रतिशोधको
रातो धागो अल्झेको ।
*(ज्वालामुखी जब फुट्छ पृ. ७, अँध्यारो आकाशका आँखाहरू)*

**घ) विश्ववन्धुत्व / मानवतावादी चिन्तन**

गुलाब खेतानले मानवताको रक्षाका लागि घर, घर भन्दा माथि समाज, समाज भन्दा माथि राष्ट्र र राष्ट्र भन्दा माथि विश्वको कल्याणकारी कदम चाल्नु पर्छ भनेका छन् । कोही कतै रुदैं हिड्ने कतै हाँस्दैं हिड्ने मानवका बीचमा रहेको दुरीलाई कम गर्नुपर्छ । सवै मानवको रक्षा तथा बसुधैव कुटुम्बकम् भन्ने चिन्तनलाई कवि आफ्ना कलमबाट यसरी चित्रण गर्छन् :

आफ्नै मातृभूमिलाई छाडी
अर्को देशमा शरणार्थी बन्न जानु पर्ने हुन्छ
त्यस देशले पनि प्रगतिशीलताको
उदाहरण देखाउनु पर्छ
आफ्ना जनतालाई भोको राखी
शरणार्थीलाई खुवाउनु पर्छ
*(प्रगतिशील मनुष्य पृ. २१, (अँध्यारो आकाशका आँखाहरू)*

आकाशमा उडिरहेको
सोझा र सरल नागरिकहरूलाई बोकेको जहाजलाई
सीमा आक्रमणको नाममा गोली हानी खसाल्छौ ।
*(आजको युग पृ. २३, अँध्यारो आकाशका आँखाहरू)*

मानव नै मानवको
रगतको प्यासी हुन गएको छ
साम्राज्यवाद र ताकत, अधिकारको दौडमा
एक अर्कालाई अकारण मारी लुटपिट गरी
झुट, छल, कपट र बेइमानीको सहारा लिई
दम्मी व्यभिचारी र अत्याचारी हुन पुगेको छ ।
*(यो कस्तो सभ्यता, पृ. २५ अँध्यारो आकाशका आँखाहरू)*

**ङ) व्यङ्ग्य विनोदी**

समाजमा भएको विकृति विसङ्गति कुरीति, कुसंस्कार, अन्याय अत्याचार तथा दुराचार माथि कवि घुमाउरो तरिकाले व्यङ्ग्य प्रहार गर्दछन् ।

यै हो त्यो खुलामञ्च
जो खुला भएर पनि सधै बन्द थियो
सत्तासीनहरूले मानव अधिकारको खुल्लम खुला
दुरूपयोग गर्न पाएकोले नै यस मञ्चको नाम
खुला मञ्च हुन गएको हुनुपर्छ ।
*(खुलामञ्च पृ. ४ सूर्योदय)*

गधा गोरुलाई गुरु मानी
वन राजले पनि जति सक्दो चाँडो
सबै वनलाई सखाप पार्ने आदेश दिदै
उक्त गोष्ठीको समापन गर्छ ।
*(वन सम्पदाको संरक्षण, पृ. १७, अँध्यारो आकाशका आँखाहरू)*

हो अब 'दूरदर्शन'को दर्शन पनि पाइसक्यौं
टेलिफोनमा त गलत नम्वरले गर्दा
यहाँको त्यहाँ र त्यहाँको यहाँ मात्र हुन जान्छ
तर के दुरदर्शनमा

पुरुषको सट्टा महिलालाई
र महिलाको साटो पुरुषलाई
हेर्न पाउनेछौं?
*(यो संचार वर्ष, पृ. १९ अँध्यारो आकाशका आँखाहरू)*

प्रस्तुत विशेषताका साथै अन्य विशेषताहरू उनका कवितामा समाहित छन् । सामाजिक उन्नति, निम्न वर्गप्रति सद्भाव र सहानुभूति प्रकट, कविता लेखनमा आफ्नो निजत्व प्राप्त गर्नु, मानवीय पीडा, बेदना, व्यथा, अशान्ति, आँसु, हासो, लज्जा, घृणा, खेद आदि विषयलाई कवितात्मक रूपमा प्रस्तुत गर्नु, जीवनका गहिरालाई वा संघर्षशील पक्षको परिभाषा खोज्नु, स्वतन्त्रता, समानता, मातृत्व र राष्ट्रिय भावनाले ओतप्रोत हुनु । प्राकृतिक सामाजिक र सांस्कृतिक विषयलाई बिम्बत्मक रूपमा चित्रण गरिएको छ । मानवीय जीवनका समस्याको चित्रण गर्नुका साथै नीति, प्रेम तथा आध्यात्मिकताको प्रस्तुति दिनु नै उनको काव्यकारिताको विशेषता हो ।

## ४.६ नेपाली कविता परम्परामा गुलाब खेतानको स्थान

### ४.६.१ नेपाली कविता लेखनको पृष्ठभूमि

नेपाली कविता परम्पराको अध्ययन गर्दै जाँदा नेपाली कविताको आदिबीज पुराना अलिखित साहित्यमा पाइन्छ । अलिखित साहित्य भनेको परम्परादेखि पुस्ता पुस्तामा चल्दै आएका लोकगीत लोकगाथा र लोकनाटकहरू नै हुन् । लोकगीत चुट्का, भजन, बालुन आदि पुराना संस्कृतिका अनुश्रुतिहरूमा नेपाली कविताको आदि रूप देखापर्दछ ।[१०१]

नेपाली भाषाको उत्पत्ति भएदेखि यस कालको सुरुवात हुन्छ र उक्त कालमा सुवानन्द दासको वीरवन्दनामूलक कविता **'पृथ्वीनारायण'** लेख्य परम्परामा आएको अहिले सम्मको पुरानो लिखित कविता हो ।[१०२] यहीँबाट नै नेपाली कविताको प्राथमिककालको थालनी भएको हो ।

[१०१] गोपीकृष्ण शर्मा र रामप्रसाद दाहाल, **नेपाली कविता र निबन्ध**, (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार २०५५), पृ. ८ ।
[१०२] दयाराम श्रेष्ठ, (सम्पा.) **वीर कालीन कविता**, (ललितपुर: साझा प्रकाशन, २०५४), पृ. २४ ।

### ४.६.२ नेपाली कविताको काल विभाजन

नेपाली कविताको लेखनपरम्परा उपलब्ध सामग्रीका आधारमा लेख्य नेपाली कविताको प्रवर्तन गर्ने व्यक्ति सुवानन्ददास सबैभन्दा सुरुका कवि हुन् । उनीदेखि नै नेपाली कविता विभिन्न मोड, घुम्ती, चरण र प्रवृत्ति पार गर्दै हालसम्म निरन्तर चलिरहेको छ ।

नेपाली कविताको काल विभाजनका सम्बन्धमा विभिन्न मतमतान्तरहरू रहेका छन् । नेपाली कविता यात्राको काल विभाजनलाई मुख्यतः तीन कालमा वर्गीकरण गरेको पाइन्छ

**प्राथमिक काल ( वि.सं.१८२६-१९४० सम्म**

(क) वीरकाल ( वि.सं.१८२६-१८७२)

(ख) भक्तिकाल ( वि.सं.१८७३-१९४०)

(अ) कृष्ण भक्ति धारा

(आ) रामभक्ति धारा

(इ) निर्गुण भक्तिधारा

**माध्यमिक काल (वि.सं.१९४१-१९७४)**

**आधुनिक काल (वि.सं.१९७५- हालसम्म)**

(क) पूर्वार्द्ध (वि.सं.१९७५-२०१९)

(अ) परिष्कारवादी धारा (वि.सं.१९७५- १९९०)

(आ) स्वच्छन्दवादी धारा (वि.सं.१९९१ -२०१६)

(ख) उत्तरार्द्ध ( वि.सं.२०१७-हालसम्म)

(अ) प्रयोगवादी धारा (वि.सं.२०१७- २०२९)

(आ) समसायायिक वि.सं.२०३० देखि हालसम्म

### ४.६.२.१ प्राथमिक काल (वि.सं. १८२६-१९४० सम्म)

विशाल नेपालका एकीकरणकर्ता पृथ्वीनारायण शाहको वीरवन्दना, वीर स्तुति, वीरभावलाई कविताको केन्द्रीय भाव बनाइएको थियो । त्यसको सुगौली सन्धिले चोट पुऱ्याए पछि नेपाली समाजमा नैराश्यको हुन पुग्छ । फलस्वरूप नेपाली कविता भक्ति भावमा केन्द्रित भई अघि बढ्दछ । कृष्ण भक्तिधारा, राम भक्ति धारा र निर्गुण भक्ति धाराले प्रश्रय पाउँदछ ।[१०३] यस अनुसार मोतिराम भट्टको उदयपूर्ण नेपाली प्राथमिक कवितामा वीरधारा र भक्ति धाराको प्रभाव रहन्छ ।

प्राथमिककालीन कवितालाई सुगौली सन्धिपूर्व पूर्वार्ध वीर धारा सुगौली सन्धि पछि उत्तरार्द्ध भक्ति धारामा वर्गीकरण गर्न सकिन्छ ।[१०४]

(क) पूर्वार्द्ध वीर धारा (वि.सं. १८२६-१८७२ सम्म)

(ख) उत्तरार्द्ध भक्ति धारा (१८७३- १९४० सम्म)

(अ) कृष्ण भक्ति धारा

(आ) राम भक्ति धारा

(इ) निर्गुण भक्ति धारा

(क) पूर्वार्द्ध वीर धारा (वि.सं. १८२६- १८७२)

यस समयमा वीरवन्दना वीरस्तुतिलाई विषय बनाई कविता लेखिन्थ्यो । युद्धवर्णन, राष्ट्रिय एकताका भावना प्रचुर रूपमा व्यक्त भएको छ । यस कालका विशेष कविहरू सुवानन्द दास, शक्ति बल्लभ अर्याल, उदयानन्द उर्ज्याल, सुन्दरानन्द बाँडा, यदुनाथ पोखरेल हुन् ।

**(ख) उत्तरार्द्ध भक्तिधारा**

प्राथमिक कालीन नेपाली कविताको उत्तरार्द्ध काललाई भक्ति धाराको काल भनिन्छ । नेपाली समाजमा यो भक्तिकाल उदाउनुमा सुगौली सन्धिको चोट र धार्मिक समाज भएकोले

---

[१०३] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ३३९ ।
[१०४] ऐजन ।

भक्तिधारामा कविता लेखिनु यसको पृष्ठभूमि रहेको भन्ने गरिन्छ ।[१०५] भक्ति धारा सगुण र निर्गुण गरी दुई धारामा विभाजित भएको देखिन्छ भने सगुण धारा कृष्ण भक्ति र रामभक्ति धारामा वर्गीकृत छन् ।

**(अ) कृष्णभक्ति धारा**

कृष्णभक्ति धारामा कोही रतिभाव रहित भएर कृष्णलाई आराध्य बनाएर कविता लेख्दछन् । रतिभाव रहित कृष्णभक्तिलाई प्रस्तुत गर्ने प्रथम कवि यदुनाथ पोखरेल हुन् ।[१०६] उनले कृष्ण चरित्र लेखेका छन् । वसन्त शर्मा, पतञ्जली गजुर्‍याल पनि यसै धाराका कविहरू हुन् भने रतिराग मुखी कृष्णभक्ति धारामा कविता लेखन लेख्ने पहिलो कवि इन्दिरस हुन् । विद्यारण्य केशरी, छविलाल नेपालहरूले पनि यसै प्रवृत्तिमा कलम चलाएका छन् ।

**(आ) रामभक्ति धारा**

यस धारामा कविहरू रामलाई आराध्य देव बनाएर कविता लेख्दछन् । यस धाराका कविहरू रघुनाथ पोखर्‍याल (सुन्दरकाण्ड), भानुभक्त आचार्य (रामायण , रामगीता) पतञ्जली गजुर्‍याल, रामदास हुन् ।

**(इ) निर्गुण धारा**

यस धाराका कविहरू ईश्वरलाई ब्रह्मको रूप मान्दछन् र साकारभन्दा निराकार सगुण भन्दा निर्गुण ब्रह्मको उपासना गर्दछन् ।[१०७] यस धाराका कविहरू शशीधर, अगम दिलदास, ज्ञान दिलदास हुन् ।

### ४.६.२.२ माध्यमिक काल ( वि.सं.१९४१-१९७४)

नेपाली कविताको माध्यमिक काल शृङगारिक काल भनेर चिनिन्छ तथा मोतीराम भट्टको उदयकालदेखि सुरू भएर सूक्तिसिन्धु प्रकाशन (वि.सं १९७४) सम्म रहेको पाइन्छ । नेपाली कविताको यो युग मुद्रणको युग पनि हो । नेपाली कविताले छापाखानामा प्रवेश गर्नु नै नौलो कुरा मान्नु पर्छ । वि.सं १९४१ मा मोतीरामले भानुभक्तको रामायण (बालकाण्ड) छपाएपछि नेपाली कविता मुद्रण युगमा प्रवेश गरेको हो भन्न सकिन्छ । तत्कालीन समयमा राणा शासकहरू भोगविलास र ऐसआराममा सुत्ने भएको हुनाले पनि शासक वर्गलाई

---

[१०५] ऐजन , पृ. ३४० ।
[१०६] ऐजन, पृ.३४१ ।
[१०७] ऐजन ,पृ. ३४३ ।

रिझाउन शृङ्गारिक कविताहरू नै बढी मात्रामा लेखिएको पाइन्छ । पत्रपत्रिकाको प्रकाशन हुन थालेको कारण पनि माध्यमिक कालीन नेपाली साहित्य प्राथमिक कालको तुलनामा द्रुत गतिमा विकास भएको पाइन्छ । वि.सं १९५५ मा सुधासागर, वि.सं. १९५८ मा गोरखापत्र, १९६३ मा सुन्दरी तथा १९६५ मा माधवी पत्रिकाको प्रकाशनले माध्यमिक कालीन नेपाली कविताको विकासमा प्रशस्त योगदान पुगेको पाइन्छ । प्राथमिक कालमा भाषा एवम् काव्यबाट प्रभावित नेपाली कविता यस कालमा उर्दू, फारसी साहित्यका शृङ्गारिक गीत-गजलबाट प्रभावित भएको पाइन्छ ।[१०८]

माध्यमिक कालका उल्लेख्य कविहरू नरदेव पाण्डे, शिखरनाथ सुवेदी, चिरञ्जीवि शर्मा, गोपीनाथ लोहनी, कुलचन्द्र गौतम, कालिदास पराजुली, केदारनाथ खतिवडा शम्भुप्रसाद ढुङगेल र कृष्णप्रसाद रेग्मी आदि हुन् । श्रृङगारिकताको केन्द्रप्रियतामा नेपाली कविताको माध्यमिक काल विकसित भएको देखिन्छ ।

### ४.६.२.३ नेपाली कविताको आधुनिक काल (वि.सं १९७५ देखि हालसम्म)

नेपाली कविताको आधुनिक काल माध्यमिक कालीन शृङ्गारिक कविता सङ्ग्रह 'सूक्तिसिन्धु' (वि.सं १९७४) पछि थालियो र वि.सं १९७५ देखि अहिलेसम्म पनि गतिशील नै छ र यो अझै चालू रहने काल हो । 'सूक्तिसिन्धु' माथि प्रतिबन्ध लागेपछि नेपाली कविताको आधुनिक काल सुरु भएको मानिन्छ । नेपाली कविता स्तरीयताप्रति उन्मुख हुँदै गएपछि व्याकरणिक परम्पराको अनुसरण समाजप्रति जागरणको समयपछि शृङ्गारिकताको चरण समाप्ति पछि नै नेपाली कवितामा आधुनिकताका लक्षण देखिएका छन् । वि.सं १९७३ मा लेखनाथको ॠतु विचार (प्रकृतिकाव्य) प्रकाशित भैसके पनि वि.सं १९७४ मा माध्यमिक कालको अन्तिम रूपमा सूक्तिसिन्धु प्रकाशित भयो । त्यसपछि वि.सं १९७५ देखि मात्र नेपाली कविता आधुनिक कालमा प्रवेश गऱ्यो । कविताको आधुनिक कालको सम्बन्धमा पाठ्क्रमको निर्देशलाई नै आधार मानी लेखनाथ र देवकोटाको नेतृत्वलाई आधुनिक नेपाली कविताको पूर्वार्द्ध र २०१७ साल पछिको नेपाली कवितालाई उत्तरार्द्ध भनी चर्चा गरिन्छ ।

क) पूर्वार्द्ध (वि.सं. १९७५-२०१६)

अ) परिष्कारवादी धारा (वि.सं १९७५-१९९०)

---

[१०८] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) पूर्ववत् , पृ. ९९ ।

आ) स्वच्छन्दतावादी-प्रगतिवादी धारा (वि.सं १९९१-२०१६)

ख) उत्तरार्द्ध (वि.स. २०१७ देखि हालसम्म)

अ) प्रयोगवादी धारा (२०१६ देखि २०२९)

आ) समसामयिक धारा (२०३० देखि हालसम्म)

## अ) परिष्कारवादी धारा (वि.सं.१९७५-१९९०)

परिष्कारवादी धारा भनेको नेपाली कविताका भाषा, भाव र प्रस्तुतिका दृष्टिले परिष्कार हुनु हो । यस धारालाई क्लासिकल वा शास्त्रीयतावादी धारा पनि भनिन्छ । परिष्कारवादी नेपाली कवितामा माध्यमिक कालको अन्त्यसँगै आधुनिककालमा लेखनाथ पौड्यालबाट शुरु भएको छ ।[१०९] पौड्यालले प्रकृति काव्य ऋतुविचार र बौद्धिक काव्य बुद्धि विनोद लेखेकाले यिनलाई परिष्कारवादका प्रवर्तक पनि भनिन्छ ।[११०] यस धाराका सशक्त कवि सोमनाथ सिग्द्याल (आदर्श राघव), कुलचन्द्र गौतम (भागवत मञ्जरी) धरणिधर कोइराला आदि हुन् ।

## आ) स्वच्छन्दतावादी प्रगतिवादी धारा (वि.सं.१९९१- २०१६)

स्वच्छन्दतावादी धारालाई रोमान्टिक धारा पनि भनिन्छ । यस धाराको आमन्त्रण गर्ने कवि लक्ष्मीप्रसाद देवकोटा हुन् । यिनले यस धाराको आमन्त्रण, विकास र नेतृत्व गरेका छन् ।[१११] वि.सं. १९९२ मुनामदन प्रकाशन भएपछि थालनी भएको यो धारा देवकोटा देहावसान सम्म लम्बिएको छ । यस धाराका सहप्रवर्त्तक सिद्धिचरण श्रेष्ठ हुन् । युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, भूपि शेरचन आदि कविहरू यसै धाराका हुन् ।

यस धाराका कविहरू बढी अन्तर्मुखी हुन्छन् । यिनले शास्त्रीय नियमलाई पछ्याउनुभन्दा आफ्नो अनुभूति पोख्नुमा चासो राख्दछन् । त्यसैले यस धाराको विशेषता चाहिँ विषयको आत्मपरक प्रस्तुति हो ।

[१०९] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ३४८ ।
[११०] ऐजन ।
[१११] गोपीकृष्ण शर्मा र रामप्रसाद दाहाल, **नेपाली कविता र निबन्ध**, (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०५५) पृ. ११ ।

## इ) प्रयोगवादी धारा (२०१७ –२०२९सम्म)

प्रयोगवादीधारा परम्परागत लेखन शैली भन्दा भिन्न एवं नयाँ शैली लिएर देखापरेको छ । यो धारा वि.स. २०१७ सालमा रूपरेखामा मोहनको कोइरालाको घाइते युग कवितादेखि आरम्भ भएको हो ।[११२] विषय प्रस्तुतिमा नयाँ नयाँ प्रयोग गरेर मोहन कोइराला, मदन रेग्मी, कृष्ण भक्त श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, बासु शशी, ईश्वर बल्लभ, वैरागी काँइला, तुलसी दिवस आदि कविले कविता लेख्न थाले । शब्दका वाक्यार्थबाट भन्दा प्रसङ्गवश बुझिने लक्ष्यार्थबाट कवितालाई अर्थ्याउन पर्ने भयो । यही नै नयाँ प्रयोग भयो ।

## ई) समसामयिक धारा (वि.सं.२०३०-हालसम्म)

आधुनिक नेपाली कविताको पछिल्लो चरण २०३० देखि हालसम्मको समयावधिलाई समसामयिक धारा भनिन्छ ।[११३] कविता बुझिने हुनुपर्दछ भन्दै आन्दोलन राल्फा, योङ्ग राइटर्स फ्रन्ट, बुट पालिस आन्दोलन देखा पऱ्यो । समसामयिक कविता बुझिने, अर्थिने र राष्ट्रिय अन्तराष्ट्रिय समसामयिकताप्रति चिन्तनशील हुने थाले । यसै क्रममा नेपाली कविताका क्षेत्रमा योगदान दिने व्यक्तिहरू मध्ये गुलाव खेतान पनि पर्दछन् । नेपाली कविता साहित्य यस्तो सागर हो जहाँ अनेक रत्नहरू पाइन्छन् । जस मध्ये गुलाव खेतान पनि एक हुन् । कवितालाई आत्मादेखि रुचाउने खेतानले आफ्नो साहित्यिक यात्रा पनि कविताबाट नै अगाडि बढाएका छन् । दुईवटा कवितासङ्ग्रह लेखी प्रकाशित गरेका छन् ।

कवि खेतानका कवितालाई हेर्दा अधिकाँश कविताहरू गद्यलयमा नै रचिएका छन् भने केही कविताहरू मुक्तक लयमा पनि लेखिएका छन् । छन्दका कवितामा लयको मात्रा बढी हुन्छ भने गद्य कवितामा पनि न्यूनतम मात्रा आवश्यक हुन्छ । खेतानका कविताले गद्यलय, सरल भाषा तथा राष्ट्रिय भावधारालाई प्रतीकात्मक तथा व्यङ्ग्यात्मक अभिव्यक्ति प्रदान गरेका छन् । यिनका कवितामा मानवीय चिन्तन र नेपाली संस्कृति सहज समन्वय पनि पाइन्छ । विश्वसाहित्यमा प्रचलित साहित्यिकवादले सबै साहित्यकारलाई पछ्याउन बाध्य गराएर कुनै न कुनै वादसँग आवद्ध हुनुपर्ने बनाउँछ । कवि खेतान नेपाली कवितामा लक्ष्मीप्रसाद देवकोटाले प्रवेश गराएको र सिद्धिचरण श्रेष्ठ लगायत अन्य कविहरूले अँगालेको स्वच्छन्दतावादी प्रगतिवादी काव्यधाराबाट प्रभावित देखिन्छन् । उनका कवितामा

[११२] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ३४८
[११३] ऐजन ,पृ. ३५८ ।

स्वच्छन्दतावादी कविहरूमा हुने विशेषताहरू प्रकृतिप्रेम, देशप्रेम, मानवतावाद ईश्वरप्रतिको आस्था आदि विशेषताले सुशोभित छन् । प्रगतिवादीलाई हेर्दा उनी मार्क्सवादी चिन्तनमा सक्रिय साहित्यकार नभए पनि समाजमा भएका विकृति, विसङ्गति अन्धविश्वास र वर्गीय विभेदप्रति भने आक्रोशित नै देखिन्छन् । गरिब, दुखी र असहायको व्यथा देखेर चिन्तित र भावविह्वल हुने कवि खेतानमा प्रगतिशील अभिव्यक्ति भने पाइन्छन् ।

यिनका कवितामा विसंरचना र विपठनमा पाइने समकालीन लक्ष्यहरू भने छैनन् । विषय ग्रहण विचार सङ्गठन, भावाभिव्यक्ति संरचना र शैलीको दृष्टिले नवीनता नीजिपन र स्वप्रयोजनलाई स्थापित गर्ने कवि खेतानको परपम्परित गद्यशैलीकै व्यापकता र विस्तारका कवि हुन् । विषय र आकारका दृष्टिले विविधता प्रस्तुत गरे पनि बाहिरी रूपमा हेर्दा यिनका कविताले भौतिक रूपमा प्रसयवृत्तिलाई महत्त्व नदिए पनि प्रकृति र मानवीय दृष्टिले प्रेमप्राप्तिलाई महत्त्व दिएका छन् । प्रकृतिलाई तन्मय अभिव्यक्तिकै सन्दर्भमा पनि स्वच्छन्दतावादी काव्य चेतना र अभिव्यक्तिलाई महत्त्व दिनु खेतानका कविताको विशेषता हो ।

आयामगत रूपमा हेर्दा कवि खेतानका कविता विशेषगरी मुक्तक र फुटकर कविता स्तरमा देखिन्छन् । कविताको लधुतम रूपमा सामान्य र लघुरूपमा सशक्तताका साथ कलम चलाउने खेतान खण्डकाव्य र महाकाव्य समकक्षी कवितालेखनमा भने  देखापरेका छैनन् । उनको प्रकाशित दुई ‘अँध्यारो आकाशका आँखाहरू’ ( वि.सं. २०४६) मा ४६ वटा फुटकर कविता र सूर्योदय (२०४७ )मा एघारवटा कविता  सिर्जना भएका छन् ।

कवि खेतानका कविताहरू मौलिक र छुट्टै अस्तित्त्वमा रहेका छन् । उनले जे जति कविता लेखेका छन् । तिनीहरू सबैले केही न केही नवीन सन्देश दिइरहेका छन् । समाजका वास्तविक यथार्थलाई झल्काएका छन् ।

समसामयिक धाराको समयवाट कविता लेखनको शुभारम्भ गरेका खेतान समसामयिक धारामा आएका योङ्ग राइटर्स फ्रन्ट, सडक कविता क्रान्ति, तरलवाद, जन आन्दोलन कविता २०४६ आदिमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा संलग्न रहेका छन् ।

## ४.७ आलोक अन्तः करणको लघुकथा सङ्ग्रहको अध्ययन

### ४.७.१ लघुकथाको चिनारी

'लघुकथा' शब्द लघु र कथा शब्दको योगबाट बनेको तत्सम समस्त शब्द हो । 'लघु वा छोटो छ जुन कथा' भन्ने तात्पर्यमा यो समस्त शब्द भए पनि संस्कृतको 'कथ्' धातुमा 'टाप्' (आ) प्रत्यय लगाउँदा कथा शब्दको निर्माण हुन्छ र त्यही 'कथा' शब्दका अगाडि लघुतावाचक वा सानो बुझाउने 'लघु' शब्द जोडिन आइपुग्दा लघुकथा शब्दको व्युत्पादन हुन्छ । यसरी सामान्य अर्थमा लघुकथा शब्दले सानो कथा भन्ने अर्थ दिन्छ ।[११४]

लघुकथा भन्ने नामबाटै आकारका साथै सारा तत्त्वहरू पनि छोटो हुनुपर्छ भन्ने कुरा प्रस्ट हुन्छ । लघुकथा र कथामा कुनै पनि तत्त्वको विस्तार हुने अवसर हुँदैन । साहित्यिक जगतले लघुकथामा कथाको अर्थको रूपमा आकारगत लघुतालाई मात्र स्वीकार्य गरेको छैन । यसमा विधागत सचेतनाका साथै लेखनमा पनि सचेतना चाहिन्छ । यसै क्रममा लघुकथालाई पनि विभिन्न विद्वानहरूका विभिन्न परिभाषाहरूद्वारा चिनाउने प्रयास गरिएको छः

'एक पृष्ठको आयाममा विस्तारित', दुई सय पचास शब्दभित्रको छोटो आख्यान नै लघुकथा हो ।' - रोनाल्ड वालेस

क्षणभरमै विचार वा भावको प्रभावकारी विस्फोटन हुनसक्ने भित्री अणुसामर्थ्य भएको छोटो कथा नै लघुकथा हो । [११५] - दयाराम श्रेष्ठ

कम्तीमा दुईवटा यथार्थ वा कल्पित स्वतन्त्र घटना अथवा स्थितिले कालक्रमिक प्रतिनिधित्व भएको लघुत्तम आख्यानलाई लघुकथा भनिन्छ ।[११६]

मौलिक, स्वतन्त्र, आकारमा छोटा, तथा कुनै घटनाका आधारित रही भाव वा विचारले सामाजिक यथार्थलाई जीवन्तताका साथ प्रकट गर्ने कलात्मक विधा लघुकथा हो ।

---

[११४] लक्ष्मणप्रसाद गौतम, **लघुकथाको रचना विधान**, (काठमाडौंः लघुकथा समाज, २०७२), पृ. १९ ।
[११५] ऐजन, पृ. २३ ।
[११६] मोहनराज शर्मा, **आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,** (काठमाडौंः क्वेस्ट पब्लिकेसन, २०६०), पृ. १८२ ।

### ४.७.२ विषय परिचय

नेपाली साहित्यमा कथा लेखनको आरम्भ र साहित्यमा लघुकथाको स्वरूप र प्रवृत्ति निश्चित हुदै आएको पाइन्छ । वि.सं. १९७७ को मकै पर्व पनि एउटा प्रमाण हो । २००७ सालको परिवर्तन पश्चात धेरै लघुकथा संग्रह नै प्रकाशित भएका छन् । यसै क्रममा नेपाली लघुकथाको पङ्क्तिमा गुलाब खेतान देखा पर्दछन् । यहाँ गुलाब खेतानको कृतित्व अध्ययन गर्ने क्रममा उनको आलोक अन्तः करणको लघुकथाको अध्ययन विश्लेषण गरिन्छ । आलोक अन्तः करणको छोटा छोटा लघुकथाहरूको सङ्ग्रह हो । यस सङ्ग्रहभित्र चौवालिस् वटा लघुकथाहरू सङ्ग्रहित छन् । जुन यसप्रकार छन्: निदान र निर्णय, स्वच्छता, समाधान, साधनाको स्थिति, नामको सार्थकता, ध्यानको प्रभाव, भय प्राण घातक, पवित्रात्मा, आत्माको इच्छा, एउटै वस्तुको अनेक रूप, हिम्मत, मिथ्या, सम्बन्ध, सन्तुलन, नियन्त्रण, त्याग, सम्मान, बानीको प्रभाव, चिन्ता, झगडा, ज्ञानचक्षु, रस लोलुपता, जातिद्रोह, इनाम, पूर्णाहुति, उपहार, विचारको सीमा, सत्य, दृष्टिकोण, सीमाबोध, ईश्वर, साक्षात्कार, एकाङ्गी निर्णय, मूर्ख, तेश्रो आँखा, शक्तिको उपयोग, अन्तर सौन्दर्य, खजाना, प्रेरणा, दोषारोपण, आत्मकल्याणको साधना, क्रोध नियन्त्रण, जीवनको मूल्य, पाप र पूण्यको विवेचना र धर्मराजका भ्रातृप्रेम । नैतिक, धार्मिक एवम् ऐतिहासिक सन्दर्भसँग जोडिएका यस सङ्ग्रहभित्रका लघुकथाहरूले मानिसको नैतिक चेतनाको विकासलाई नै महत्त्वपूर्ण विषय बनाएका छन् । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा नै मानवले आफूभित्र ज्ञानको उज्यालो फैल्याउन सकेमा मात्र विश्वबन्धुत्वको भावना जागृत हुन सक्छ भन्ने विषयकै सेरोफेरोमा प्रस्तुत सङ्ग्रहका लघुकथाहरू घुमेका छन् । प्रस्तुत आलोक अन्तः करणको लघुकथा सङ्ग्रहको विश्लेषणका लागि यस अध्ययनमा कथावस्तु, पात्र, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीलाई आधार मानिएको छ ।[११७]

### ४.७.३ कथावस्तु

प्रचलित कथामा घटनावलीको कार्यकारणयुक्त विन्यासलाई कथानक वा कथावस्तु भनिन्छ । लघुकथाको कथानक विन्यासमा सङ्क्षेप पद्धति अवलम्वन गरिने भएकाले यसको कथासूत्रको रूपमा रहेको कथानक ढाँचा प्राय रैखिक किसिमको हुन्छ ।[११८] आलोक अन्तः

---

[११७] लक्ष्मणप्रसाद गौतम, पूर्ववत् ,पृ. ३६ ।
[११८] ऐजन, पृ. ३७ ।

करणको चौवालिस वटा लघुकथाको सङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूको कथानक शृङखलाबद्ध रूपमा अगाडि बढेको छ । नैतिक, धार्मिक र ऐतिहासिक सन्दर्भलाई कथावस्तु बनाएका हरेक कथाले मानवलाई नैतिक शिक्षा प्रदान गरेका छन् । " निदान र निर्णय"बाट प्रारम्भ भएको प्रस्तुत लघुकथा "धर्मराजको भ्रातृप्रेम" कथामा गएर  सकिएको छ । प्रस्तुत सङ्ग्रहका कथाहरूमा हरेक मानव हृदय सफा र स्वच्छ छ भने मात्र उसले आत्मिक शान्ति प्राप्त गर्दछ, मानव हृदय नै स्वच्छ सफा छैन भने मानवले कहिल्यै शान्ति प्राप्त गर्न सक्दैन भन्ने मूल सन्देशलाई कथाकारले यसरी देखाउन खोजेका छन्:

गुरूले भने- "यही त रहस्यको मर्म हो । जब विचारहरूका बैलगाडाहरू मस्तिष्कबाट हिड्छन् त चेतना पनि धमिलो हुन्छ" ।*(स्वच्छता  पृ.४, आलोक अन्तः करणको)* ।

प्रस्तुत साक्ष्य "स्वच्छता" कथाभित्र रहेको प्रसङ्ग हो । प्रस्तुत कथामा साधुले शिष्यलाई पानी लिन पठाउँदा शिष्य धमिलो पानी भएका कारण रित्तो हात फर्किएका हुनाले मनस्थिति सफा भयो भने हरेक कुरा सफा हुन्छ भन्दै साधुले नैतिक ज्ञान शिष्यलाई दिएका छन् ।

प्रस्तुत सङ्ग्रहभित्र रहेका अधिकांश कथाहरूले मान्छे भनेको सामाजिक हुनुपर्दछ भन्ने विषयलाई नै प्रमुखताका साथ अगाडि बढाएका छन् । एकाँगी दृष्टिकोणले समस्याहरू समाधान बन्न सक्दैनन् । समस्याहरू समाधान हुनका लागि अनेकान्तको दृष्टिकोण प्रयोग गर्नुपर्दछ भन्ने विषयलाई प्रस्तुत सङ्ग्रहका कथाहरूले उठाएका छन् । नारी र पुरुषका बीचमा हुने भेदभाव कसरी अन्त्य गर्न सकिन्छ भन्ने समस्यामा केन्द्रित रही समाधान खोज्ने प्रयास गरिएको प्रसङ्गमा कथाकारले यसरी लेखेका छन्:

केवलप्राणी रहन्छ, प्राण रहन्छ, चेतना रहन्छ । त्यहाँ पुरुषत्व र स्त्रीत्व समाप्त हुन्छ । यस्तो स्थितिमा कुनै प्रकारको कठिनाइ हुँदैन । ( *साधनाको स्थिति पृ.८, आलोक अन्तः करणको)*

प्रस्तुत साक्ष्यले भने अनुसार जब मान्छेले आफूभित्रको घमण्ड र स्वार्थलाई त्याग्छ तब ऊभित्र कुनै पनि रागात्मक अभिव्यक्ति बाँकी रहँदैनन् भन्ने भाव प्रस्तुत सङ्ग्रहका लघुकथाभित्र रहेका छन् ।

मानवले आफ्नो विचारलाई एकीकृत बनाउन सकेमा मात्र उसले सफलता प्राप्त गर्दछ भन्ने विषयलाई समेट्न सक्नु यस सङ्ग्रहको अर्को विशेषता हो । ध्यानको प्रभाव शीर्षकको कथामा ध्यानमा लीन भएका मुनिहरूलाई सर्पले टोके पनि उनीहरूलाई विष नलाग्नुले यस संसारमा चित्त शुद्ध बनाएर जसले काम गर्दछ उसले बाधासँग हार मान्नु पर्दैन भन्ने प्रसङ्गलाई जोडेको छ । त्यसै गरी "भय प्राण घातक" कथामा भयका कारण मान्छेहरू मर्नु परेको बाध्यात्मक स्थितिलाई कथाकारले प्रस्तुत गरेका छन् ।

मान्छेले आफू राम्रो हुन र पतन हुन आफ्नै बानी व्यवहारलाई हतियार बनाउँछन्, जसका कारण सामाजिक प्रतिष्ठा जोगाउन र घटाउन आफ्नै व्यक्तित्वले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भन्ने विषयवस्तुलाई कथाकारले यसरी लेखेका छन्:

दाइ चाहिँ फाँसीको सजायबाट भयभित भए । उनले एकदम असल कामहरू मात्र गर्न थाले । दया, उपकारमा धेरै समय व्यतित गर्न थाले । *(पाप र पुण्यको विवेचना, पृ. ६१ आलोक अन्तः करणको)*

यसरी भयभीत भएको मान्छेले सकारात्मक काम गर्न तत्पर रहन्छ र उसले सफलता पनि हात पार्न सक्छ भन्ने कथानकलाई प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूले प्रस्तुत गर्न खोजेको सन्दर्भ नै यस सङ्ग्रहको साझा कथावस्तु हो ।

### ४.७.४ सहभागी (पात्र)

लघुकथा कार्यव्यापार सम्पन्न गर्न र सहभागिता जनाउन आउने व्यक्तिलाई पात्र भनिन्छ । त्यस्ता सहभागीलाई पात्रका नामले चिनिन्छ । कथा, उपन्यास र अन्य आख्यान्यात्मक कृतिमा जस्तो पात्रको चरित्र चित्रण लघुकथामा प्रायः नहुने भएकाले तिनलाई पात्र वा चरित्रमा सहभागी भन्नु युक्तिसङ्गत हुन्छ ।[११९] आलोक अन्तः करणको लघुकथा सङ्ग्रह भित्रका सबै लघुकथाहरू नैतिक चेतना, धार्मिक एवम् आध्यात्मिक चिन्तनमा आधारित भएकाले यहाँको सहभागीहरूले पनि तिनै चिन्तनलाई बोकेका छन् । साधु, शिष्य, युवाचार्य, स्त्री, पुरुष, महात्मा, सज्जन, गोठालो, मुनिहरू, रामानुज, हनुमान, सैनिक गरिब, भक्त, कर्मचारी, पण्डित जस्ता सहभागीको प्रयोग भएको छ । प्रस्तुत

[११९] ऐजन पृ. ४७ ।

सङ्ग्रहभित्रका लघुकथा प्रयुक्त सहभागी पात्रले धार्मिक, नैतिक, एवम् आध्यात्मिक चिन्तनलाई यसप्रकार अगाडि बढाएको देखिन्छः

एक साधु ध्यान गर्दै थिए । उनले शिष्यलाई भने, "पानी खान्छु, नदीबाट सफा पानी लिएर आऊ ।" *(स्वच्छता, पृ. ३)*

सन्तले भने - आएको थिएँ, तपाई निर्वस्त्र भएर स्नान गर्दै हुनुहुन्थ्यो । त्यसैले तुरुन्तै बाहिर गएँ । साधिका दिदीले भनिन्- अहिलेसम्म तिम्रो मनमा, पुरुष र महिलाको भेद छदैँछ । तिमी के साधना गर्छौ ?" *(साधनाको स्थिति, पृ. ७)*

शूद्र आइमाईले भनिन् -"भगवान मेरो त चारैतिर अपवित्रता नै अपवित्रता व्याप्त छ । *(पवित्रात्मा, पृ. १४)*

माथिका लघुकथांशमा आएका सहभागीहरूले जीवन जगत्का बारेमा बोलेका छन् । नैतिक चेतना एवम् सामाजिक परिवर्तनका लागि कसरी अगाडि बढ्न सकिन्छ भन्ने कथ्यलाई पुष्टि गर्नका लागि प्रस्तुत गरिएका सहभागीहरू मानवीय पात्रका रूपमा प्रस्तुत भएका छन् ।

आलोक अन्तःकरणको लघुकथा सङ्ग्रहभित्र माानवीय सहभागी सँगै मानवेत्तर सहभागीको पनि प्रयोग गरिएको छ । मानवेत्तर सहभागीको माध्यमबाट पनि नैतिक जागरण ल्याउने लघुकथा यस सङ्ग्रहमा रहेका पाइन्छः

भगवान श्रीरामले हनुमानलाई सोध्नुभयो -"अशोक बाटिकाका फूलहरू कस्ता थिए? हनुमानले भने - राता थिए । *(एउटै वस्तुका अनेक रूप, पृ. १६)*

माथिको लघुकथांशमा मानवेत्तर सहभागीको उपस्थिति रहेको देखिन्छ । मानवेत्तर सहभागीका माध्यमबाट पनि नैतिक चेतना उजागर गर्ने प्रयास गरिएको छ । 'पवित्रात्मा' लघुकथाका आचार्य रामानुज र शुद्ध आइमाई, 'एउटै वस्तुका अनेक रूप' लघुकथाका राम, सीता, हनुमान, 'सम्बन्ध' लघुकथाका पिता र पुत्र आदि पात्रहरूले धार्मिक एवम् आध्यात्मिक चिन्तनलाई अगाडि बढाउनका लागि महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

### ४.७.५ दृष्टिबिन्दु

लघुकथाको भाव विचार वा केन्द्रीय कथ्यलाई पाठक समक्ष उपस्थापन गर्ने पद्धति नै दृष्टिविन्दु हो ।[१२०] लघुकथा समाख्याताले कथा भन्ने आधार पनि दृष्टिविन्दु नै हो । लघुकथामा आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु र बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु मध्ये कुनै एउटा हुन्छ । आलोक अन्त:करणको लघुकथा सङ्ग्रहमा सङ्ग्रहित चौवालिस वटा कथाहरू तृतीय पुरुष कथन पद्धति ढाँचामा केन्द्रित छन् । यी लघुकथाहरूमा लेखकले आफ्ना कुराहरू प्रस्तुत नगरी तृतीय पुरुषको कथा भनेकाले यहाँ तृतीय पुरुष सर्वदर्शी दृष्टिकोण प्रयोग भएको पाइन्छ, जस्तैः

तीनै जना विद्यार्थी त्यहाँबाट गए । राजकुमार जङ्गलमा गए । *(सन्तुलन, पृ. २०)*

साधुलाई नजिकबाट हेरे । साधु धेरै तपस्वी, प्रभावी र ज्ञानी देखिन्थे । *(त्याग, पृ. २३)*

उनीहरूबीच कहिल्यै कुनै किसिमको मतभेद, वैमनश्य, झगडा भएको थिएन । *(झगडा, पृ. ३०)*

माथिका लघुकथांशमा लेखकले अरूको कथा भनेको प्रस्ट हुन्छ । लेखकले आफ्ना बारेमा कथा नभनी अरू पात्रको बारेमा कथा भनेका हुनाले प्रस्तुत सङ्ग्रहका सबै कथाहरू तृतीय पुरुष सर्वदर्शी दृष्टिकोणमा संरचित रहेका छन् ।

### ४.७.६ उद्देश्य

साहित्यको सिर्जना कुन प्रयोजनले किन गरिन्छ ? भन्ने प्रश्नको उत्तर नै उद्देश्य हो ।[१२१] आलोक अन्तः करणको लघुकथा सङ्ग्रहमार्फत नैतिक चेतनालाई मानव हृदयसम्म पुऱ्याउनु यस सङ्ग्रहको मुख्य उद्देश्य हो । मान्छेले बाँचेको सामाजिक परिवेशबाटै विषयवस्तु लिएर साहित्यकारले कुनै पनि साहित्यको रचना गर्दछन् । प्रस्तुत “आलोक अन्तः करणको” लघुकथाहरू पनि समाजकै खोल हुन् । यस सङ्ग्रहभित्र मान्छेहरूमा भएका विकृति र विसङ्गतिलाई हटाएर नैतिक चेतनाको विकास गराउनु कथाकारको मुख्य उद्देश्य

[१२०] ऐजन , पृ. ४९ ।
[१२१] ऐजन ।

रहेको छ । मान्छेले आफ्नो ज्ञानलाई प्रयोग गर्न सकेमा मात्र उसले संसारलाई उज्यालो र संगतियुक्त देख्न सक्छ भन्ने प्रसङ्गलाई यसरी लेखिएको छ :

"जसको प्रज्ञा जागृत हुन्छ, जसले यस मर्मलाई बुझ्दछ - आत्माले सर्वत्र देख्दछ" *(सन्तुलन पृ. २०, आलोक अन्तः करणको) ।*

"अलिकति प्राप्त गर्नको लागि धेरै प्राप्तिको बाटोलाई छाड्ने, अलिकतिलाई नै महत्त्वपूर्ण ठान्ने, सोचाइमा परिवर्तन ल्याउनु अत्यावश्यक भएको छ" *(त्याग, पृ. २२ आलोक अन्तः करणको) ।*

माथिका साक्ष्यहरूलाई हेर्दा पनि प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूले त्यागबाट नै प्राप्तिको बाटो भेट्न सकिन्छ भन्ने मुख्य आशय बोकेको देखिन्छ । मान्छेको क्षमता उसको ज्ञानसँग जोडिएको हुन्छ, उसले आफ्नो ज्ञान र चेतनाका कारणले मात्र संसारलाई सुन्दर देख्न सक्छ भन्ने सारलाई प्रस्तुत सङ्ग्रहका कथाहरूले समेटेका छन् ।

जीवन, मृत्यु, समाज अनि राष्ट्रलाई हामी मानवले कसरी बुझेका छौं र के के कुरा चाहिँ बुझ्न बाँकी छ भन्ने तथ्यलाई प्रस्तुत सङ्ग्रहका कथाहरूले उठाएको मुख्य कथानक सार हो । मानवले आफ्नो मनबाट फोहोरलाई बाहिर फाल्न नसकेसम्म मानवको व्यक्तिगत जीवनदेखि लिएर सामाजिक एवम् सांस्कृतिक परिवेश नै सफा हुन सक्दैन भन्ने ज्ञानको चेतना फैल्याउन प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूको उद्देश्यलाई निम्न साक्ष्यमार्फत् प्रस्ट पार्न सकिन्छ:

"तसर्थ यस्तो फोहोर मैलालाई मनबाट निकाल्नु नै श्रेयस्कर हुन्छ । त्यसलाई फालिहाल्नु पर्छ । यही नै विकासको मार्ग हो" *(तेस्रो आँखा, पृ. ४८ आलोक अन्तः करणको)*

"हाम्रो मस्तिष्कमा पनि चिन्तन, मनन, निदिध्यासन विश्लेषण गर्ने शक्ति विद्यमान छ । तिनीहरूको निरन्तर उपयोग भएन भने यी शक्तिहरू निस्क्रिय हुन्छन्"*(शक्तिको उपयोग, पृ. ४९ आलोक अन्तः करणको)*

"हामीले पनि यदि शक्तिलाई दुहुन वा त्यसको उपयोग गर्न बन्द गऱ्यौं भने शक्तिको ह्रास हुन्छ । शक्ति क्षीण हुन्छ" (*शक्तिको उपयोग, पृ. ४९, आलोक अन्तः करणको) ।*

माथिका साक्ष्यहरूलाई हेर्दा मानवले मानवीय व्यवहार लागु गर्नका लागि आफूभित्रका फोहोरहरू त्याग्न सकेमा मात्र सिङगो देश र आफ्नो सिङ्गो जीवनलाई सुन्दर बनाउन सकिन्छ भन्ने उद्देश्यलाई यस सङ्ग्रहका कथाहरूले आफ्नो उद्देश्य बनाएका छन् । त्यसैगरी मानवले आफ्नो शक्तिलाई सही र सकारात्मक कार्यका लागि प्रयोग गर्न आवश्यक छ र त्यस्तो शक्तिलाई हामीले सही ठाउँमा प्रयोग गर्न सकेनौँ भने मानव जीवनको औचित्य नै क्षीण हुन सक्छ भन्ने सन्दर्भ नै प्रस्तुत सङ्ग्रहका कथाहरूको मुख्य उद्देश्य हो ।

## ४.७.७ भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो । लघुकथा पनि कथाकै प्रभेद भएकाले कथाकै भाषा लघुकथामा प्रयोग हुन्छ ।[१२२] भाषा लघुकथा लेख्ने माध्यम हो भने शैली तरिका हो । भाषा शैलीलाई रूप विन्यास पनि भनिन्छ ।[१२३] **आलोक अन्तःकरणको** लघुकथा सङ्ग्रहमा स्थानीय भाषाको प्रयोग भएको पाइन्छ । कथाकारले यस सङ्ग्रहमा स्थानीय जनबोलीलाई जस्ताको तस्तै उतारेका छन् । यस किसिमको प्रयोगले कथाहरू सहज र स्वाभाविक बनेका छन् ।

प्रस्तुत कथा सङ्ग्रहमा संस्कृत भाषाको पनि प्रयोग भएको पाइन्छ । सङ्ग्रहभित्रका कथाहरूमा संस्कृत भाषाको प्रयोगलाई यसरी देखाउन सकिन्छः

> “रागद्वेषौ विनिर्जित्य किमरण्ये करिष्यसि ?
>
> रागद्वेषौ अनिर्जित्य किमरण्ये करिष्यसि ? *(समाधान पृ.६, आलोक अन्तः करणको)*
>
> परम ज्ञानी, सर्व अवगुण विजयी *! (नामको सार्थकता पृ.१०, आलोक अन्तः करणको)*

“भवजीजांकुरजननः रागाद्याः स्वयमुपागता यस्या ब्रह्मा वा विष्णुर्वा हरो जिनो वा नमस्तस्यै” *(ज्ञानचक्षु पृ. ३२,आलोक अन्तः करणको)*

प्रस्तुत लघुकथा सङ्ग्रहमा बिम्बात्मक तथा प्रतीकात्मक भाषाशैलीको प्रयोग भएको छ । यस सङ्ग्रहको शीर्षकले नै प्रतीकात्मक अर्थ वहन गरेको छ । समग्र मानवमा मानवता हराएर गएको कारण मानवताको आलोक उदाउनु पर्ने प्रतीकात्मक अर्थ शीर्षकले व्यक्त गरेको छ । कथाभित्र भएका बिम्बात्मक प्रसङ्ग्रलाई यसरी देखाउन सकिन्छः

---

[१२२] ऐजन , पृ. ५४ ।
[१२३] ऐजन , पृ. ५६ ।

"भगवान मेरो त चारैतिर अपवित्रता नै अपवित्रता छ । कृपया मलाई बताइदिनुहोस् मेरो अपवित्रतालाई लिएर कहाँ जाऊँ?" *(पवित्रात्मा पृ.१४ आलोक अन्तः करणको )*

"हे भाइ ! त्यस सर्पले हाम्रो शरीरलाई टोक्यो होला तर हामी त शरीरमै थिएनौ, हामीलाई केही ज्ञान छैन ।" *(ध्यानको प्रभाव पृ. १२ आलोक अन्तः करणको )*

प्रस्तुत लघुकथा सङ्ग्रहमा मिथकीय प्रयोग पनि भएको पाइन्छ । वेद, पुराण जस्ता उपजीव्य काव्यबाट लिइएका मिथकीय प्रयोगले कथालाई स्फुर्त बनाएका छन् । प्रस्तुत सङ्ग्रहमा भएका मिथकीय प्रयोगलाई यहाँ राखिएको छः

"त्यसै बखत सीता समरसमा लीन थिइन्, शान्त थिइन् त्यसैले उनले सबैतिर सेतो देखेकी थिइन् ।" *(एउटै वस्तुका अनेक रूप पृ. १६,आलोक अन्तः करणको )*

"सम्राट अकवर जैन आचार्य हीरविजयीको बडो आदर गर्दथे । हामीहरू गङ्गालाई पवित्र नदी मान्छौं । सूर्यलाई भगवान मान्छौं ।" *(दृष्टिकोण पृ. ४२, आलोक अन्तः करणको)*

सहदेव फर्केर आएनन् । नकुल, भीम र अर्जुन पनि फर्केर आएनन् । पानी ल्याउने त के कुरा कोही पनि फर्केनन् । अनि लाचार भएर धर्मराज युधिष्ठिर स्वयम् गए ।" *(पाप र पुण्यको विवेचना पृ. ६२, आलोक अन्तः करणको)*

यसरी यस लघुकथा सङ्ग्रहमा हिन्दी, अङ्ग्रेजी, संस्कृत भाषाको सम्मिश्रित रूप बनेर आएका भाषिक प्रयोगबाट कथा सङ्ग्रहले जीवन्तता प्राप्त गरेको छ । त्यस्तै मौलिक नेपाली टुक्का, अनुकरणात्मक शब्द तथा बिम्बात्मक र प्रतीकात्मक भाषाशैलीका कारण प्रस्तुत "आलोक अन्तःकरणको" लघुकथा सङ्ग्रहभित्रका कथाहरू रोचक र आकर्षक देखिन्छन् ।

### ४.७.८ निष्कर्ष

**'आलोक अन्तःकरणको'** नैतिक, धार्मिक लघुकथा सङ्ग्रह हो । यसको वि. सं. २०४६ सालमा प्रकाशन भएको हो । मानव समाज आफ्नो स्वार्थमा मात्रै सीमित हुँदा कोही कसैको पनि भलो र उन्नति हुन सक्दैन । मान्छेले मान्छे भएर आफ्नो छुट्टै पहिचान बनाउनका लागि हरेक मानवभित्र मानवताको विकास हुन जरुरी छ । जसरी मानवले

आफूलाई राम्रो ठान्छ त्यसरी नै अरूलाई पनि राम्रो सोच्न सकेमात्र सबैका हेराइमा राम्रो बन्न सकिन्छ भन्ने मूल आशयमा यो सङ्ग्रह केन्द्रित रहेको छ । मानव धर्म भनेको मन्दिरमा पूजा गरेर प्राप्त गर्ने कुरा होइन । मानव धर्म त मान्छेको सही सोचाइ र सही बाटोमा हिड्नु पर्ने कुराले महत्त्व राख्दछ । संसारलाई उज्यालो मनले हेर्न सकेमा मात्र हामी मानवले जन्म लिएको सार्थकता भेट्छौ भन्ने मूल आशयमा यस सङ्ग्रहका कथाहरू घुमेका छन् । सहरिया परिवेश र ग्रामीण परिवेश भित्रका हरेक मानवले नैतिकता र मानव धर्मलाई छोड्नु हुँदैन भन्ने सन्देशलाई यी कथाहरूले व्यक्त गरेका छन् ।

### ४.७.९ नेपाली लघुकथामा गुलाब खेतानको योगदान

लघुकथाकार गुलाब खेतान **'आलोक अन्तकरणको'** (२०४६) लघुकथा सङ्ग्रहमा चौवालिस वटा लघुकथाहरू प्रस्तुत गरका छन् । नेपाली लघुकथाको परम्परा एवम् इतिहासलाई मध्यनजर गरेर समाज सापेक्ष लघुकथाहरू सिर्जना गरेका छन् । सामाजिक मूल्य, मान्यता संस्कृति नैतिकता एवम् धार्मिक महत्त्वलाई मूख्य विषयवस्तु बनाई खेतानले लघुकथाहरू सिर्जना गरेका छन् । ऐतिहासिक, पौराणिक र धार्मिक विषयलाई आफ्नो लघुकथामा प्रवेश गराएका खेतानले नैतिक समाज र राष्ट्र निर्माणमा मानवकल्याणकारी भूमिका निर्वाह गर्नुपर्ने कुरालाई मुख्य उद्देश्य बनाएका छन् । नीति चेतनालाई रीतिक्षेत्र बनाउने लघुकथाकार गुलाब खेतानले प्रत्येक कथाको कार्यपीठिका ग्रामीण समाज रहेको छ । खेतानका लघुकथाले नीतिचेतना, मानवीय धर्म र परोपकारी भावनालाई बोकेका र हरेक पात्रले आदर्श बोकेका हुनाले आदर्शवादी कथाकारमा खेतान पर्दछन् । गुलाब खेतानको नैतिक, धार्मिक, पौराणिक र सांस्कृतिक पृष्ठभूमिमा मानवलाई सुसंस्कृत, सभ्य र मानवीय मर्मका कर्म गर्नुपर्छ भन्ने लघुकथाहरू लेखी नेपाली  लघुकथा जगतमा पुऱ्याएको योगदान नै अविस्मरणीय रहेको छ ।

## ४.८ जीवनसार - सफलताका खुड्किलाहरू निबन्ध सङ्ग्रहको अध्ययन

### ४.८.१  निबन्धको चिनारी

साहित्यको श्रव्य र दृश्य गरी दुई भेद छन् । साहित्यको श्रव्यभेद अन्तर्गत दुई शाखा गद्य र पद्य मध्ये निन्ध गद्य भाषामा लेखिन्छ । साहित्यको कविता, आख्यान र नाटक जस्तै निबन्ध पनि एक हो । 'निबन्ध विषयकेन्द्रित लेखन हो ।'[१२४] यसमा विचार विमर्शको रूपमा

[१२४] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**,नवौ सं.,(काठमाडौं: रत्न पुस्तक भण्डार,२०५५), पृ.४ ।

आएको हुन्छ । निबन्ध विषयको केन्द्रीयता भित्र लेखन वा चिन्तकको आत्मप्रकाशन पनि हुनुपर्दछ ।[१२५] साहित्यको चार विधाहरू मध्ये निबन्ध सबैभन्दा कान्छो विधा हो । निबन्ध हुनाका निम्ति के के कुराहरू आवश्यक पर्दछन् भनी धेरै विद्वानहरूले आ-आफ्नै मान्यतामा रहेर परिभाषा गरेका छन् । परिभाषा दिने क्रममा पाश्चात्य जगतका निबन्धको प्रथम स्रष्टा मोन्तेनका अनुसार मेरो इच्छा हुन्छ निबन्धमा बिना आडम्बर सहज र साधारण तरिकाले स्वयं स्थापित होऊँ, त्यसमा म कुनै अस्मिता वा कला मर्म चाहन्नँ । मेरो निबन्धको विषय म नै हुँ भनी निबन्धको चिनारी दिएका छन् । त्यस्तै फ्रान्सिस बेकन निबन्ध एउटा छरिएको चिन्तन हो भन्छन् ।[१२६]

लक्ष्मीप्रसाद देवकोटा यो रौं चिरा दर्शन होइन न हो पाण्डित्य दर्शनको ठ्यासफु । यसमा गृहीत विषयलाई सर्व दृष्टिकोण र समीक्षणको जरुरत पर्दैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो । जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्छ तर घोरिदैन । पैठ धोकुवा हलन्त मिजासको यो एक किसिमको मनको जालीले जगत्मा लहडी माछो मार्ने कला हो ।[१२७]

दयाराम श्रेष्ठ र मोहनराज शर्मा, अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाध्ने बाध्य नभएर पनि निश्चित प्रकारको सिलसिलामा तथा अनुक्रमयुक्त विषय विशेषतामा केन्द्रित गद्यात्मक रचनालाई निबन्ध भनिन्छ ।[१२८]

माथि उल्लेखित परिभाषालाई समग्रमा केलाएर हेर्दा निबन्धकारका विचारहरू निबन्धात्मक वा वस्तुपरक ढङ्गबाट पाठक सामु प्रस्तुत गर्ने र जुन प्रस्तुतिमा लेखकका विचार पाठकलाई मान्न बाध्य पारिएको हुन्छ । निबन्ध वास्तवमा आत्म प्रतिपादक संवेदना आदिको समष्टिरूप हो भन्ने निष्कर्षमा आउन सकिन्छ ।

कुनै पनि साहित्य सिर्जना गर्नका लागि केही आधार वा संरचना निर्धारण गरिएका हुन्छन् । यसैगरी निबन्धका लागि आफ्नै संरचना हुन्छ । संरचना निर्माण त्यसका अवयव वा

[१२५] ऐजन ।
[१२६] ऐजन , पृ.१३ ।
[१२७] लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्ध संग्रह,** बाह्रौ सं.,(काठमाडौंः सा.प्र.,२०४९), भूमिका खण्ड ।
[१२८] दयाराम श्रेष्ठ र मोहन राज शर्मा, **नेपाली साहित्य संक्षिप्त इतिहास,** आठौ सं.,(ललितपुरः सा.प्र.,२०६३) पृ. ११५ ।

तत्त्वले गर्दछ । तिनीहरूलाई तत्त्व भनिन्छ । निबन्ध गतिशील विधा भएकोले यसको स्वरूपगत भिन्नता देखिएको पाइन्छ । यी भिन्नताहरूलाई यसरी हेर्न सकिन्छ ।

नेपाली साहित्यका मोहनराज शर्माले निबन्धका उपकरण वा तत्त्व भनेर विषय, शैली र प्रयोजनलाई यसरी औल्याएका छन् । शर्माका अनुसार विषय भनेको निबन्धको शीर्षक हो । जसको सेरोफेरोमा नै निबन्धकार आफ्नो विचार व्यक्त गर्दछ । विषय अति सामान्य देखि विशिष्ट सम्म हुन सक्छ ।[१२९] गोपीकृष्ण शर्माले निबन्धको तत्त्वलाई वस्तु, शैली र उद्देश्य भनी प्रस्तुत गरेका छन् ।

यसरी विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरूको निबन्धका तत्त्वलाई आ-आफ्नो तरिकाले प्रस्तुत गरेको पाइए तापनि सबैको मान्यतालाई आत्मसात गरी समग्रमा निबन्धका तत्त्वका रूपमा वस्तु, शैली र उद्देश्यद्वारा 'जीवनसार - सफलताका खुड्किलाहरू' निबन्ध सङ्ग्रहको विश्लेषण गर्न उपयुक्त देखिन्छ ।

### ४.८.२ विषय परिचय

गुलाब खेतानद्वारा लिखित **'जीवनसार - सफलताका खुड्किलाहरू'** निबन्ध सङ्ग्रह वि.सं. २०४६ सालमा प्रकाशित भएको हो । बाह्र वटा निबन्धहरू भएको प्रस्तुत सङ्ग्रह ६७ पृष्ठको आयाममा संरचित छ । 'संघर्ष नै जीवन हो' बाट शुभारम्भ गरेर 'प्रगति पथमा शङ्कालाई स्थान छैन'मा अन्त्य भएको प्रस्तुत निबन्ध सङ्ग्रहमा हरेक मानवलाई साधनाको मार्गमा लाग्नका लागि प्रेरित गरेको विषय नै प्रमुखताका साथ आएको छ । तृष्णामा आजसम्म कसैले विश्राम पाएको छैन र कहिल्यै कसैलाई यो तृष्णाबाट पूर्णविराम मिलेको छैन । मान्छेले सुख खोज्दा अरूलाई हानी हुने काम कहिल्यै गर्नुहुन्न भन्ने धारणा यी निबन्धहरूमा व्यक्त गरेका छन् । मनुष्य जीवनलाई सुखी पार्न सद्विचार, सद्गुण र सद्व्यवहार आवश्यक छ भन्ने विषयको केन्द्रीयतामा प्रस्तुत सङ्ग्रहका निबन्धहरू लेखिएका छन् ।

[१२९] मोहनराज शर्मा , **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** (काठमाडौं: ने.रा.प्र.प्र, २०५५) पृ. ५१६ ।

### ४.८.३ वस्तु

निबन्धले अपेक्षा गर्ने विषयवस्तु व्यापक हुन्छ । संसारका कुनै पनि विषय वा जीवन जगतका कुनै पनि पक्षसँग सम्बद्ध विषयवस्तुलाई लिएर निबन्ध लेखिन्छ ।[१३०] जुन विषयबारे कुनै निबन्ध लेखिएको छ, त्यसलाई त्यस निबन्धको विषय भन्दछन् । विषयलाई निबन्धको आत्मा मानिएको पाइन्छ । प्रत्येक निबन्धमा कुनै विषयको मूर्तरूप  हुन्छ । यसको विषय जूनदेखि कसिङगरसम्म र भ्रुण देखि मानिससम्म हुन्छ भन्ने मानिन्छ । कुनै पनि विचार भाव, घटना व्यक्ति र स्थान आदि यसको विषय हुन सक्छ ।[१३१]

निबन्धकार गुलाब खेतानद्वारा लिखित **'जीवन सार सफलताका खुड्किलाहरू'** सङ्ग्रहका बाह्र वटा निबन्धहरू 'संघर्ष नै जीवन हो', 'मानवता' 'मूल्याङ्कनको मापदण्ड', 'तृष्णा त्यागौं' 'अशिष्ट व्यवहार प्रगतिपथको बाधक', 'सद्विचार र वातावरण', 'गल्ती नदोहोरिने कार्य गरौं', 'आत्म शक्ति चिनौं', 'सकारात्मक सोचाइमा लागौं', 'दिक्दारीबाट बचौं', 'विश्वास सुखी जीवनको आधारशिला', 'आशा नै एक मात्र सहारा', 'प्रगति पथमा शंकालाई स्थान छैन' आदि निबन्धहरू आदर्शकै विषयवस्तुमा डोहोरिएका छन् ।

'संघर्ष नै जीवन हो' निबन्धमा सङ्घर्षमय जीवनको बारेमा प्रस्तुत गरिएको छ । विश्वका प्रसिद्ध वैज्ञानिक सर आइज्याक न्यूटनको जीवनीको उदाहरण दिंदै उनको सङ्घर्षमय जीवनबाट हानीले आफ्नो अमूल्य जीवनलाई चिन्ने प्रयास गर्नु पर्दछ भनिएको छ ।

कठिनाइहरूको सामना डटेर गर्नुपर्छ, हटेर होइन । हामी कठिनाइबाट भाग्न थाल्यौं भने कार्यसिद्धि कहाँ हुन्छ ? *(संघर्ष नै जीवन हो पृ. ४)*

माथिको निबन्धांशमा निबन्धकारका निजात्मक अभिव्यक्ति प्रस्टिएको देखिन्छ । मान्छेहरूले जीवनमा कठिनाइको सामना गर्न सकेमा मात्र कार्यसिद्धि हुन्छ भन्ने विषयवस्तुलाई प्रस्तुत निबन्धले उठाएको विषयवस्तु हो ।

---

[१३०] ईश्वरीप्रसाद गैरे , **लोकसाहित्य पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध**,(काठमाडौंः दीक्षान्त पुस्तक भण्डार,२०६०),पृ.३८७ ।

[१३१] मोहनराज शर्मा, पूर्ववत्, पृ.. ५१६ ।

'मानवताः मूल्याङ्कनको मापदण्ड' दोश्रो निबन्ध हो, जसमा मानवले आफूले गरेको कार्यको बारेमा मूल्याङ्कन गर्ने परिपाटी छैन भन्ने सन्दर्भलाई मुख्य विषयवस्तुका रूपमा उठाइएको छ । जो व्यक्तिले आफ्नो कामलाई जुन ठाउँबाट अगाडि बढाउँछ, उसले त्यस कामलाई रुचिपूर्ण रूपमा गर्नु पर्दछ भन्ने कुरा निबन्धकारले यसरी लेखेका छन्:

जो व्यक्ति आफ्नो समय, श्रम र योग्यतालाई परोपकार र समाजसेवाका कार्यहरूमा ल्याउँछ ऊ यस संसारमा मात्र होइन मृत्युपरान्त पनि समाजका सदस्यहरूको लागि स्मरण हुन्छ । *(मानवताः मूल्याङकनको मापदण्ड, पृ. ११)*

'तृष्णा त्यागौँ', 'अशिष्ट व्यवहार प्रगति पथको बाधक' सद्विचार र वातावरण' जस्ता निबन्धहरूमा दुष्प्रभावका कारण कार्यसिद्धिमा बाधा उत्पन्न हुन्छ भन्ने विषयलाई उठान गरिएको छ । मान्छेमा तृष्णा, खराव व्यवहार र असत्य खालका विचार छन् भने त्यस्तो प्रवृतिले एउटा मान्छेलाई मात्र होइन सिङ्गो समाजलाई नकारात्मक असर परिरहेको हुन्छ भन्ने प्रसङ्गलाई निबन्धकारले यसरी पोखेका छन्:

राम्रो स्थानमा बसेर नराम्रो सोचाइमा लाग्यौँ भने पनि स्थानको प्रभावले गर्दा उक्त सोचाइमा परिवर्तन हुन्छ *। (सद्विचार र वातावरण, पृ. २५)*

खेतानद्वारा लिखित प्रस्तुत सङ्ग्रहका निबन्धहरूमा उनको निजात्मकता प्रस्ट रूपमा आएको देखिन्छ । जीवन जगतलाई असल र सकारात्मक कार्यले मात्र चिनाउन सकिन्छ भन्ने विषयवस्तुलाई केन्द्रमा राखेर लेखिएका निबन्धहरूले नैतिक आचरणलाई अवलम्वन गरेका छन् । 'गल्ती नदोहोरिने कार्य गरौँ', 'आत्मशक्ति चिनौँ', सकारात्मक सोचाइमा लागौं, दिक्दारीबाट बचौँजस्ता निबन्धहरूले उठाएको विषयवस्तु पनि हरेक व्यक्तिका निजी भावनाबाट सबैका लागि उपयोग हुने साझा भावनाको उजागर हो । व्यक्ति असल र सही बाटोमा हिड्नका लागि आत्मशक्तिलाई चिन्नुपर्छ भन्ने विषयमा निबन्धकार यसरी लेख्छन्:

संकट आइपरेको बेलामा पूर्ण शान्ति कायम राख्न सक्नु नै अति महत्त्वपूर्ण कुरा हो । मानव मात्रले गर्न सक्ने कार्यहरूको विवरण दिनु कहाँ साध्य छ र? *(आत्म शक्ति चिनौँ, पृ. २५)*

हरेक मान्छेले आफ्नो जीवनलाई सार्थक बनाउनका लागि धैर्य रपरिश्रम गर्न जरुरी रहेको छ भन्ने विषय नै गुलाब खेतानका निबन्धहरूले महत्त्वपूर्ण साथ उठाएका छन् ।

खेतानद्वारा लिखित 'विश्वास सुखी जीवनको आधारशिला, आशा नै एकमात्र सहारा, प्रगति पथमा शंकालाई स्थान छैन' जस्ता निबन्धहरूमा आजको यस भौतिक युगमा हरेक मान्छेलाई अशान्तिले पिरेको छ त्यस्ता मान्छेले आध्यात्मिक ज्ञान लिन जरुरी छ भन्ने विषयलाई यी निबन्धहरूले उठाएका छन्, जुन प्रसङ्गलाई यसरी देखाउन सकिन्छः

जसले आफ्नो समय, श्रम र सीपले योजनालाई कार्यरूप दिन सक्दो मद्दत गर्न सक्छ त्यस्ता व्यक्तिहरूले साहसपूर्ण तरिकाले सद्बुद्धि लगाई राम्रो निर्णय गरेमा कुनै पनि योजना अर्थाभावले रोक्न पर्ने स्थिति आउला भन्नु एउटा भ्रम मात्र हो । *(प्रगति पथमा शङ्कालाई स्थान छैन, पृ. ६६)*

सकारात्मक सोच राखेर हरेक कार्य गर्दा सकारात्मक नतिजा प्राप्त गर्न सकिन्छ । नकारात्मक एवम् खराब आचरणलाई अवलम्वन गर्दा समाजमा विकृति एवम् विसङ्गति बढ्न जान्छ भन्ने विषयवस्तु समेटिएका गुलाब खेतानका निबन्धहरू निजात्मक अभिव्यक्तिका सशक्त पक्षहरू हुन् ।

### ४.८.४ शैली

निबन्धको तेस्रो महत्त्वपूर्ण तत्त्व भनेको भाषाशैली हो । लेखकको विचार पाठकसमक्ष प्रसारित गर्न निर्माण गरिएको शब्द, वाक्य र अनुच्छेदको बुनोटलाई शैली भनिन्छ । शैलीले भाषा र भावलाई समन्वयन गर्दछ । [१३२]

गुलाब खेतानद्वारा लिखित '**जीवनसार-सफलताका खुड्किलाहरू**' निबन्धसङ्ग्रहका बाह्र वटै निबन्धहरू निजात्मक शैलीमा लेखिएका नैतिक एवम् आध्यात्मिक भावभूमिका निबन्धहरू हुन् । मान्छेले तृष्णा लियो भने उसले कहिल्यै पनि विश्राम पाउन सक्दैन । खराब आचरण भएका मान्छेले संसार नै कालो एवम् नराम्रो देख्छ भन्ने सन्देश बोकेका खेतानका निबन्धहरूमा निबन्धकारको आत्माभिव्यक्ति यसरी झल्किएको देखिन्छः

[१३२] गोपीकृष्ण शर्मा, पूर्ववत् , पृ.२० ।

मैले किन यत्रो परिश्रमलाई व्यर्थ पारेँ, कुनै उपलब्धि हासिल गर्न सकिनँ । मैले किन शारीरिक र मानसिक पीडाहरूलाई अँगालेँ, म आफ्नो उद्देश्यमा नै सफल हुन सकिनँ । (संघर्ष नै जीवन हो, पृ. १)

के त्यस बेला तिनीहरूको धनसम्पत्तिलाई मापदण्ड मान्ने त? *(मानवता मूल्याङ्कनको मापदण्ड, पृ. ६)*

बूढीले उत्तर दिइन् -'जाऊ बाबु जाऊ । म त हिँडेर गइहाल्छु । जसले तिम्रो मनमा कुविचार ल्यायो उसैले मेरो कानमा उक्त कुरा भनेर गएको छ । *(सद्विचार र वातावरण, पृ. २८)*

माथिका निबन्धांशमा निबन्धकारको निजात्मक शैली प्रस्तुत भएको देखिन्छ । खेतानको आत्माभिव्यक्ति भित्र पनि प्रश्नात्मक शैलीमा 'मानवताः मूल्याङ्कनको मापमण्ड' निबन्ध केन्द्रित रहेको छ भने 'सद्विचार र वातावरण' विवरणात्मक शैलीमा केन्द्रित रहेको छ ।

खेतानद्वारा लिखित अन्य निबन्धहरू 'गल्ती नदोहोरिने कार्य गरौं' निजात्मक शैली अपनाइएको निबन्ध हो जसमा निबन्धकारले वाल्मीकि ऋषिको जीवनीलाई यस निबन्धमा जोडेका छन् । 'आत्मशक्ति चिनौं' 'सकारात्मक सोचाइमा लागौं', 'दिक्दारीबाट बचौं' 'विश्वास र सुखी जीवनको आधारशिला', आशा नै एकमात्र सहारा', प्रगतिपथमा शंकालाई स्थान छैन' जस्ता निबन्धहरू आत्मपरक शैलीमा लेखिएका निबन्धहरू हुन् ।

### ४.८.५ उद्देश्य

थोरै समयमा नै गृहीत विषयका माध्यमबाट स्रष्टाको व्यक्तित्वको परिचय दिनु निबन्धको उद्देश्य हो ।[१३३] **'जीवनसार -सफलताका खुड्किलाहरू'** निबन्ध सङ्ग्रह भित्र सङ्ग्रहित बाह्र वटा निबन्धहरूमा निबन्धकारको निजात्मक अभिव्यक्ति झल्किएको छ । मानवको वैज्ञानिक उन्नतिका साधनहरूमा अल्झेको व्यक्तित्व, भौतिकवादको दुर्बन्धनमा

[१३३] ईश्वरीप्रसाद गैरे , पूर्ववत्, पृ.३८८ ।

मानवको व्यस्तता, समय अभावको कृत्रिम कारणको आडम्वरमा मानवको यात्राको पुग्ने विन्दु कुन हो भन्ने तथ्यलाई यस सङ्ग्रहका निबन्धहरूले आफ्नो उद्देश्य बनाएका छन् ।

मान्छेलाई स्वतन्त्रता चाहिन्छ । त्यो स्वतन्त्रता प्राप्तिका लागि हरेक मानवले सकारात्मक सोचका माध्यमबाट अगाडि बढ्नुपर्छ भन्ने उद्देश्यलाई यस सङ्ग्रहले उठाएको विषयवस्तु हो । सताएर पाएको सय र हराएर वा हुतिहारा भएर पारेको हजारलाई साँचो भन्ने भन्दा पनि सही कर्मबाट आफ्नो बाटो निर्माण गर्न सकेमा मात्र असल व्यक्ति बन्न सकिन्छ । एउटा गतितिर वेगले गइरहेको कुनै पनि वस्तुलाई विपरीत दिशातर्फ लैजान निकैश्रम र सावधानीको आवश्यकता पर्दछ । त्यसैले मनुष्य जीवन पनि सुखी पार्न सद्विचार, सद्गण र सद्व्यवहार परमावश्यक छ जुन सन्दर्भलाई यसरी लेखिएको छ ।

व्यवहारका पनि दुई पक्ष हुन्छन्, राम्रो र नराम्रो, असल र खराब, शिष्ट र अशिष्ट व्यवहार । व्यवहारबाट नै हामी अरूलाई प्रभावित पार्न सक्छौँ र पाछौँ पनि । *(अशिष्ट व्यवहार - प्रगति पथको बाधक पृ. २०)*

उदासीको आगमनले नै मनरूपि स्वच्छ आकाशमाथि काला काला बादलहरू देखा पर्न थाल्छन् र ती बादलहरूले उसका स्वच्छ विचारहरूलाई ढाक्छन् ।

*(दिक्दारीबाट बचौं, पृ. ४६)*

'मानव सेवा नै ईश्वर सेवा हो' भन्ने महान सद्उक्तिलाई शत्प्रतिशतरूपमा जीवनमा उतार्नको लागि हामीले आत्मशक्तिलाई चिन्नु परेको छ ।

*(आत्मशक्ति चिनौं, पृ. ३८)*

मानिसमा भएका तृष्णा, खराब व्यवहार विकृति र विसङ्गतिपूर्ण क्रियाकलापलाई त्यागेर अगाडि बढेमा मात्र मानव जीवन सार्थक बन्दछ भन्ने विषयलाई उद्घाटन गर्नु प्रस्तुत सङ्ग्रहका निबन्धहरूको उद्देश्य रहेको छ ।

### ४.८.६ निष्कर्ष

गुलाब खेतानद्वारा लिखित **'जीवनसार सफलताका खुड्किलाहरू'** निबन्ध सङ्ग्रहमा आयामका हिसावले छोटा बाह्र वटा निबन्धहरू सङ्ग्रहित छन् । निजात्मक अभिव्यक्तिमा

लेखिएका प्रस्तुत सङ्ग्रह भित्रका निबन्धहरूले नैतिक चेतनालाई प्रमुख विषय बनाएको पाइन्छ । नीतिवादी, मर्यादावादी र आशावादी चिन्तन एवम् विचारमा प्रवाहित सङ्ग्रहभित्रका बाह्र वटै निबन्धमा मानवले सही विचार र सही गोरेटो अपनाएका मात्र सफलता हात पार्न सकिन्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । मानव मुल्यको निर्धारण गर्ने मुख्य आधार भनेको नै सकारात्मक सोचाइ हो भन्ने अभिव्यक्ति बोकेका निबन्धहरू भित्र नैतिक समाज अटेको छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्धमा मानवीय गुण र आचरणलाई सबल बनाउनका लागि परिश्रम नै महत्त्वपूर्ण आश्यकता हो भन्ने निजात्मक अभिव्यक्ति प्रस्तुत भएको पाइन्छ । मनुष्य जीवन सुखी र खुसी पार्न सद्विचार, सद्गुण र सद्व्यवहार परमावश्यक छ भन्ने नैतिक चेतनालाई यसमा समेटिएको छ । पूर्वीय दर्शनलाई बोकेका यस सङ्ग्रहभित्रका निबन्धहरूमा निबन्धकार गुलाब खेतानले आफ्ना वैयक्तिक अभिव्यक्तिलाई प्रवाहमय शैलीमा प्रस्तुत गरेका छन् ।

### ४.८.७ नेपाली निबन्धमा गुलाब खेतानको योगदान

निबन्धकार गुलाव खेतान **'जीवनसार सफलताका खुड्किलाहरू'** (२०४६) निबन्ध सङ्ग्रहमा बाह्रवटा निबन्धहरू प्रस्तुत गरेका छन् । नेपाली निबन्धको परम्परा एवम् इतिहासलाई मध्यनजर गरेर समाज सापेक्ष निबन्धहरू लेखेका छन् । श्रीमद् भगवत् गीताबाट प्रभावित उनीले सामाजिक मूल्य, मानयता, संस्कृति, नैतिकता एवम् धार्मिक महत्त्वलाई मूल्य विषयवस्तु बनाई निबन्ध लेखेका छन् । धार्मिक तथा नीतिका विषयलाई निबन्धको मुख्य विषयवस्तु बनाएका खेतानले नैतिक समाज र राष्ट्र निर्माणमा मानवकल्याणकारी भूमिका निर्वाह गर्नुपर्ने कुरालाई मुख्य उद्देश्य बनाएका छन् नीति चेतनालाई सबल रूपमा उतार्ने निबन्धकार गुलाब खेतानका प्रत्येक निबन्धले सत्मार्गतर्फ प्रेरित गर्दछ। निबन्धकारहरूले नीति चेतना, मानवीय धर्म परोपकारी भावनालाई बोकेका र हरेक निबन्धको उद्देश्य आदर्श तर्फ उन्मुख रेहका छन् । गुलाब खेतानले नैतिक, धार्मिक, पौराणिक, सांस्कृतिक पृष्ठभूमिमा मानवलाई सुसंस्कृत र राष्ट्रलाई समुन्नत बनाउनुपर्छ । भनी निबन्धहरू लेख्दछन् । निबन्धको क्षेत्रमा पुऱ्याएको योगदान अविस्मरणीय रहेको छ ।

## परिच्छेद् – पाँच

# उपसंहार

गुलाब खेतानको जन्म वि.सं.२००३ कार्तिक १८ (सन् १९४५ नोभेम्बर ३) का दिन काठमाण्डौको न्यूरोडमा भएको हो । पिता गोवर्धनदास खेतान र माता पद्मादेवीका आठ सन्तान मध्ये पहिलो सन्तानका रूपमा जन्मेका थिए । मारवाडी समुदायको व्यापारिक परिवारमा जन्मेका गुलाव खेतानको अक्षराम्भ साढे चार वर्षको उमेरमा जुद्धोदय पब्लिक हाइस्कुलबाट भयो । सेन्ट जेभियर्स गोदावरी, ललितपुरबाट निम्न माध्यामिक तह र नारायण माध्यामिक विद्यालय त्रिभुवनचोक नेपालगञ्जबाट माध्यामिक शिक्षा हासिल गरी भारतको एस्.एम्.एल्. डिग्री कलेज राजस्थानबाट व्यवस्थापन सङ्कायमा स्नातक सम्मको औपचारिक अध्ययन पूरा गरे । गुलाब खेतानले विद्यार्थी अवस्थादेखि नै विभिन्न साहित्यिक पत्रिका र साहित्येतर पत्र पत्रिकाको अध्ययन मनन र चिन्तन गरेको पाइन्छ । उनको साहित्यिक लेखनकार्य नौ दशवर्ष देखि शुरु भएको देखिन्छ ।

सरल र सहज स्वभाव भएका गुलाब खेतानले व्यापार तथा विभिन्न सङ्घसंस्थामा आबद्ध भई समाज सेवाका कार्य गर्नुका साथै फुर्सदको समय निकालेर साहित्य सिर्जनामा लागेका थिए । खेतान मध्यम वर्गीय व्यापारी परिवारमा जन्मेर पनि साहित्यिक यात्रामा लागेको देखिन्छ । साहित्यकार खेतानका व्यक्तित्वका सन्दर्भमा उनका विभिन्न व्यक्तित्वहरू प्रकट भएका छन् । साहित्यकारमा कवि व्यक्तित्व, निबन्धकार व्यक्तित्व तथा कथाकार व्यक्तित्व र साहित्येतर व्यक्तिको रूपमा समाजसेवी, आध्यात्मिक तथा साधुसन्त, समाचार वाचक, सम्पादक व्यक्तित्वले  आफ्नो बहुमुखी व्यक्तित्वको परिचय दिएका छन । सामाजिक सांस्कृतिक जीवनबाट प्राप्त प्रभाव, गुरुवर्गबाट प्राप्त प्रेरणा एवम् राजनीतिक दमन तथा साहित्यिक अभिरुचिबाट उत्पन्न नैसर्गिक प्रतिभा तथा गहन अध्ययन र निरन्तरको लेखनबाट खेतानको साहित्यिक व्यक्तित्व निर्माण भएको पाइन्छ ।

साहित्यकार गुलाब खेतानको साहित्यिक यात्रा तथा पुस्तकाकार कृति **'अँध्यारो आकाशका आँखाहरू'** (२०४६), **'आलोक अन्तः करणको'** (२०४६) **'जीवनसार सफलताका खुड्किलाहरू**' (२०४६) नामक क्रमशः कविता, लघुकथा, निबन्ध एकैसाथ गरी औपचारिक शुरुवात भएको पाइन्छ । **'सूर्योदय'** (२०४७) कवितासङ्ग्रह प्रकाशित गरेपछि उनको साहित्यिक यात्रा अझ सशक्त भएको पाइन्छ ।

उनका साहित्यिक यात्रा वि.सं. २०४५ अगाडिको चरणलाई आभ्यासिक चरण वा पृष्ठभूमि काल तथा २०४६ र २०४७ लाई प्रकाशन काल साथै स्थापित कालका रूपमा लिन सकिन्छ । जुन समयमा उनले '**अँध्यारो आकाशका आँखाहरू**' (२०४६), '**आलोक अन्तः करणको**' (२०४६) '**जीवनसार सफलताका खुड्किलाहरू**' २०४६) नामक क्रमशः कविता सङ्ग्रह,लघुकथा सङ्ग्रह, निबन्ध सङ्ग्रह तथा **'सूर्योदय'** ( २०४७) कविता सङ्ग्रह प्रकाशित गरी आफ्नो साहित्य यात्राको उत्कर्ष कालका रूपमा उभ्याएका छन् २०४८ पछि उनी साहित्य साधनामा भन्दा आध्यात्मिक चिन्तन मननमा लागेको पाइन्छ । फलस्वरूप यसपछि उनले कुनै कृतिहरू प्रकाशित गरेका छैनन् । यसरी उनको साहित्यिक स्थापित काल भनेको २०४६/२०४७ लाई मान्न सकिन्छ ।

उनको '**अँध्यारो आकाशका आँखाहरू**' (२०४६) **'सूर्योदय'** (२०४७) यी दुई कविता सङ्ग्रहमा क्रमशः ४६ र ११ गरी ५७ कविताहरू प्रकाशित छन् । यस सङ्ग्रहमा सामाजिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्दै आध्यात्मिकतामा जोड दिइएको पाइन्छ । समाजका शोषण, दमन, अन्याय, अत्याचार निरङ्कुशता विरुद्ध स्वतन्त्रताको पक्षमा वा राष्ट्रबासी बालक, युवा, वृद्धलाई उठ्न जागरुक हुन आह्वान गरेका छन् । देशप्रेम, प्रकृतिप्रेम, मानवतावादी चिन्तन, विश्वबन्धुत्वको भावना उनका कविताहरूमा भरिभराउ भएको पाइन्छ । आलोक अन्तः करणको लघुकथा सङ्ग्रहभित्र चौवालिस लघुकथाहरू समाविष्ट छन् । प्राय सबै कथाहरू नैतिकता, अध्यात्मिकता र धार्मिक रहेका छन् ।

उनका कथाहरूमा भौतिक वा नाशवान वस्तु सुख सुविधा धन दौलत वैभव आदिका पछि लाग्नु हुँदैन । यसले विकृत सोचाइ उत्पन्न गराउँछ भनेका छन् । उनका कृतिमा नैतिक सन्देश, आत्मबोध तथा आत्मज्ञान र आध्यात्मिक भावहरू प्रकट भएका छन् । 'जीवनसार सफलताका खुड्किलाहरू' यस निबन्ध सङ्ग्रहमा पनि नैतिक तथा आध्यात्मिक चिन्तन प्रखर रूपमा प्रस्तुत भएको छ । अहिलेको विकृत राष्ट्र, समाज, तथा व्यक्तिलाई नैतिक ज्ञान मार्फत सभ्यता, संवेदना र अनुशासनको पाठ पढाएर मात्र समुज्वल राष्ट्र वा सफल राष्ट्रको कामना गर्न सकिन्छ भन्ने विचार प्रकट भएको देखिन्छ ।

बहुविधामा कलम चलाएका गुलाब खेतान कविता, निबन्ध, लघुकथा सङ्ग्रह प्रकाशित गरी सामाजिक, राजनैतिक, प्रशासनिक आर्थिक क्षेत्रमा देखिने अन्याय अत्याचार शोषण, दमन तथा चाकडी, चाप्लुसीप्रति व्यङ्ग्य गर्दै आध्यात्मिक तथा नैतिक ज्ञानचक्षुले

सुधारको बाटो देखाएका छन् । प्राञ्जल भाषा तथा छोटा र मिठा वाक्य गठन, तत्सम, तद्भव र झर्रो शब्दको समुचित प्रयोगले उनका साहित्यकारिताको कदलाई अझ उच्च पारेको छ ।

उनी २०४८ पछि आध्यात्मिक चिन्तन तथा श्रीमद्भगवत् गीताको गहन अध्ययन र प्रौढ चिन्तन गरी आफ्नो प्रौढावस्थालाई आशक्तविहिन तथा उपदेशात्मक , प्रेरणादायक प्रवचनहरू दिन सुम्पेकाले परम् पूज्य गुलाब जी महाराज नामले प्रसिद्ध भएका थिए । उनको शरीरमा क्यान्सर रोगको प्रभावले गर्दा वि.सं.२०६८ माघ १२ (सन् २०१२ जनवरी २६) मा देहवसान भयो ।

उनका ४ वटा पुस्तकाकारले उनलाई नेपाली साहित्यका साधकका रूपमा स्थापित गराएका छन् । उनको जीवनी र व्यक्तित्वले सार्वजनिक रूपमा आदर्श छविलाई स्थापित गराएको छ भने उनको साहित्य साधना नेपाली साहित्यको इतिहासमा उपलब्धिपूर्ण रहेको छ । उनको प्रकाशित कृतिहरूको नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् ।

**सम्भाव्य शोध शीर्षक**

१) गुलाब खेतानको काव्यकारिताको अध्ययन

२) गुलाब खेतानको कृतिहरूमा सामाजिक अध्ययन

## परिशिष्ट १
## शोधनायकलाई सोधिएका प्रश्नहरू

१. तपाईको जन्म कहिले र कहाँ भएको हो ?

→ वि.सं. २०७३ कार्तिक ८ गते काठमाडौंको पाको पोखल्ड्याङमा भएको हो । हाल त्यसलाई न्यूरोड पनि भन्दछन् ।

२. तपाईको पुर्ख्यौली स्थल कहाँ हो ?

→ खेतानहरूको पुर्ख्यौली स्थल भारतको राजस्थनको खत्येहपुरा हो ।

३. तपाईंका दाजुभाइ दिदीबहिनी कति हुनुहुन्छ र तपाईं कुन भाइ हुनुहुन्छ ?

→ मेरा ५ जना दाजुभाइ तीनजना दिदी बहिनी र म दाजुभाइ दिदी बहिनीमध्येमा जेठो हुँ ।

४. तपाईंले औपचारीक शिक्षा कहिलेदेखि सुरु गर्नु भएको हो ? औपचारिक रूपमा कति सम्मको शिक्षा आर्जन गर्नुभयो ?

→ औपचारिक शिक्षा साढे चार वर्षको उमेरमा जुद्धोदय पब्लिक हाइस्कुलमा शुरु भयो र स्नातकसम्म अध्ययन गरी रोकियो ।

५. साहित्य सृजनामा कसबाट प्रेरणा प्राप्त गर्नुभएको हो र कुन कुन साहित्यिक कृतिहरूबाट प्रभावित हुनुहुन्छ ?

→ गोपालप्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकोटा, भूपि शेरचनबाट म बढी प्रभावित छु । उहाँहरूको रचनाहरू पढ्छु ।

६. तपाईको साहित्य यात्राको प्रारम्भ कहिले कुन विधाबाट भएको हो र पहिलो रचना कुन हो ?

→ हाउ टु एनालाइसिस् मेरो पहिलो रचना हो भने रचनाको प्रारम्भ कविता विधाबाट गरे ।

७. तपाईका प्रकाशित पुस्तकाकार कृतिको विवरण भन्नुहोस् ?

→ 'अध्यारो आकाशका आँखाहरू' (२०४६) जीवनसार सफलताका खुड्किलाहरू, आलोक अन्तकरणको (२०४६) सूर्योदय (२०४७) हुन् । हिन्दी भाषामा समता पदावली पनि प्रकाशन गरेको छु ।

८. तपाईले नेपाली साहित्यको कुन कुन विधामा कलम चलाउनु भएको छ ?

→ कविता, कथा निबन्ध विधामा लेखेको छु ।

९. वैवाहिक सम्बन्ध कहिले, कोसँग भयो र हाल कति जनाको परिवार हुनुहुन्छ ?

→ सन् १९६९ मा विमला सिङ्घल सँग विवाह भयो । हाम्री एक छोरी सोनाली खेतान छिन् ।

१०. तपाईं कुन कुन पुरस्कारबाट सम्मानित हुनुहुन्छ र कुन कुन संस्थामा आबद्ध हुनुहुँछ ?

→ म अलिक स्वास्थ्य भएकोले मैले पाएका पुरस्कार र आबद्ध भएको संस्था मेरो व्यक्तिगत विवरणमा उल्लेख गरेको छु । त्यो हेर्नुहोला ।

११. साहित्य भनेको के होला ? तपाईंको विचारमा

→ साहित्य त सार्वकालिक सार्वजनिक हुन्छ ।
साहित्य समाज हो, एउटा दिव्य चक्षू हो ।

१२. तपाईं व्यापार व्यवसाय छोडेर साहित्य लेखनमा र साहित्यबाट पनि आध्यामिकता तिर किन लाग्नुभयो ।

→ मेरो पूर्खाको व्यवसाय व्यापार भएको हुनाले व्यापारमा लागे । अनि समाजका दुराचार र व्यभिचारले मलाई साहित्यमा तान्यो । परन्तु गीताको प्रभाव स्वरूप म आध्यात्मिक चिन्तनमा लागे ।

१३. तपाईं आफूलाई कुन वर्गमा राख्न चाहनुहुन्छ ?

→ मध्यम वर्ग ।

१४. मानवहरूले जीवन कसरी बिताऊन् भन्ने चाहनुहुन्छ ?

→ मनसा, वचसा र कर्मणाद्वारा कर्तव्य पथमा लागेर निरन्तर प्रयत्न गर्नु नै जीवन हो । यसको मनन गरेर आफ्नो क्षेत्रबाट सक्दो योगदान गरेर जीवन यापन गरौं ।

परिशिष्ट २

साहित्यिकार गुलाव खेतानको तस्वीर



# सन्दर्भ सामग्री सूची


अग्रवाल, विजय, हमारे गुरुजी, **अमृत मन्थन**, (२०६४ असोज )पृ. १३ ।

ओझा, दशरथ, **समीक्षाशास्त्र,** दिल्लीः राजपाल एण्ड सन्स,सन् १९७५ ।

केजरीवाल, शुभा,  एक अनुभव**, अमृत मन्थन,**(२०६५, मङ्सिर) पृ.२१ ।

खेतान, गुलाब,**अँध्यारो आकाशका आँखाहरू,**काठमाडौंःसा. प्र.,२०४६ ।

................, **आलोक अन्तः करणको,**काठमाडौंःसा. प्र.,२०४६ ।

................, **जीवनसार सफलताका खुड्किलाहरू,** काठमाडौंःसा. प्र.,२०४६ ।

................, **सूर्योदय,** काठमाडौंःसा. प्र.,२०४७ ।

गैरे, ईश्वरीप्रसाद र कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता,** काठमाडौंः न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०५९, ।

................, **लोकसाहित्य पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,** काठमाडौंः दीक्षान्त पुस्तक भण्डार,२०६० ।

गौतम, लक्ष्मणप्रसाद, **लघुकथाको रचनाविधान,**काठमाडौंः लघुकथा समाज, २०७२।

................, **समकालीन कविताको बिम्बपरक विश्लेषण,** ललितपुरः सा.प्र. २०६० ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) **नेपाली कविता भाग** ४, ललितपुरः सा.प्र. २०६५।

देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मी निबन्ध सङ्ग्रह,**बाह्रौ सं., काठमाडौंः सा.प्र.,२०४९ ।

भट्टराई, घटराज, **नेपाली साहित्यकार परिचयकोष,** काठमाडौंः नेशनल रिसर्च सेन्टर,२०५१ ।

भट्टराई, जयदेव**, साहित्यकार परिचय र अभिव्यक्ति,** काठमाडौंः ने.रा.प्र.प्र., २०५४ ।

भट्टराई, हरि, **मारवाडी समाज स्मारिका,** पृ. १७

भण्डारी, पारसमणि, **नेपाली कविता र काव्य,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६५।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौंः ने.रा.प्र.प्र., २०६० ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्धको परिचय,** नवौ सं.,काठमाडौंः रत्न पुस्तक भण्डार,२०५५ ।

................, र रामप्रसाद दाहाल, **नेपाली कविता र निबन्ध**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०५५

शर्मा ताना, **गुलाब खेतानको नेपाली कवितात्मकता**. हस्तलिखित पाण्डुलिपी, १९९० ।

शर्मा, मोहनराज, **आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना**, काठमाडौंः क्वेस्ट पब्लिकेसन, २०६० ।

................, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौंः ने.रा.प्र.प्र, २०५५ ।

साहित्यकार खेतानका पुस्कहरूको विमोचन, **गोरखापत्र,** २०४६, चैत्र, ३१ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्य संक्षिप्त इतिहास,** आठौ सं., ललितपुरः सा.प्र.,२०६३ ।

श्रेष्ठ, दयाराम (सम्पा.) **वीरकालीन कविता,** ललितपुरः साझा प्रकाशन, २०५४ ।